# कालिमाटी गाउँपालिकाको वस्तुगत विवरण, २०८२








# Kalimati Rural Municipality Profile, 20025

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राष्ट्रिय तथ्याङ्क कार्यालय**
**तथ्याङ्क समन्वय कार्यालय, सुर्खेत**

कालिमाटी गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**सल्यान**
कर्णाली प्रदेश



कालिमाटी गाउँपालिकाको जनसंख्या पिरामिड
उमेर र लिङ्ग अनुसारको जनसंख्या
पुरुष
महिला
95+
90-94
85-89
80-84
75-79
70-74
65-69
60-64
55-59
50-54
45-49
40-44
35-39
30-34
25-29
20-24
15-19
10-14
5-9
0-4
1,600 1,400 1,200 1,000 800 600 400 200 0
0 200 400 600 800 1,000 1,200 1,400
जनसंख्या




वडा र लिङ्गअनुसार कालिमाटी गाउँपालिकाको जनसंख्या
२००० २००९
१७७३ १८३६
१७८८ १९६१
१७५३ १८११
१४६२ १३३३
१०३९ १०५६
११२६ १२५९
वडा नं.-१
वडा नं.-२
वडा नं.-३
वडा नं.-४
वडा नं.-५
वडा नं.-६
वडा नं.-७
पुरुष
महिला

# कालिमाटी गाउँपालिकाको वस्तुगत विवरण २०८२

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राष्ट्रिय तथ्याङ्क कार्यालय**
**तथ्याङ्क समन्वय कार्यालय, सुर्खेत**

कालिमाटी गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**रामपुर, सल्यान**
कर्णाली प्रदेश

प्रकाशकः तथ्याङ्क समन्वय कार्यालय. सुर्खेत
फोन नं:- ०८३-५२०२०४
वेभ साइटः https://scosurkhet.nsonepal.gov.np/
इमेलः scosurkhet@nsonepal.gov.np
प्रकाशन वर्षः २०८२
प्रकाशन प्रतिः
©सर्वाधिकारः तथ्याङ्क समन्वय कार्यालय, सुर्खेत
मुद्रकः

कालिमाटी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रामपुर, सल्यान

कर्णाली प्रदेश, नेपाल



## शुभकामना

तथ्याङ्क समन्वय कार्यालय, सुर्खेत र कालिमाटी गाउँपालिकाको समन्वयमा यस पालिकाको वस्तुगत विवरण प्रकाशित हुन लागेकोमा खुशी लागेकोछ ।

यस प्रकाशनले यस कालिमाटी गाउँपालिकाको विभिन्न भौगोलिक, जनसांखिक, आर्थिक, सामाजिक तथा अन्य विषयगत क्षेत्रहरूको तथ्याङ्क एवं जानकारी सरोकारवालाहरूलाई उपलब्ध गराई गाउँपालिकाको नीति निर्माण, निर्णय प्रकृया र योजना तर्जुमामा सघाउ पुर्याउने अपेक्षा गरेकोछु ।

विभिन्न क्षेत्रगत तथ्याङ्क एवं सूचनालाई समेटी तयार गरिएको यस वस्तुगत विवरणले गाउँपालिकाका विभिन्न पक्षलाइ परिचित गराउनुका साथै विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरू, निजि क्षेत्र, विद्यार्थीहरू, अनुसन्धानकर्ताहरू र अन्य सरोकारवालाहरूलाई नीति निर्माण, निर्णय प्रकृया, योजना तर्जुमा तथा अध्ययन अनुसन्धानको लागि भरपर्दो आधार उपलब्ध गराउनेछ भन्ने विश्वास लिएकोछु ।

अन्तमा यो वस्तुगत विवरण तयार गरी प्रकाशन गर्नेमा महत्वपूर्ण योगदान पुऱ्याउने तथ्याङ्क समन्वय कार्यालय, सुर्खेतका प्रमुख एवं कर्मचारीहरू र यस गाउँपालिकाका प्रतिनिधिहरू, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्बद्ध सवैलाई हार्दिक धन्यवाद दिंदै प्रकाशनको सफलताको शुभकामना ब्यक्त गर्न चाहन्छु ।

दान बहादुर के.सी.
अध्यक्ष
कालिमाटी गाउँपालिका, सल्यान

कालिमाटी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रामपुर, सल्यान

कर्णाली प्रदेश, नेपाल



## शुभकामना

गाउँपालिकको समन्वयमा तथ्याङ्क समन्वय कार्यालय, सुर्खेतले यस कालिमाटी गाउँपालिकाको भौगोलिक, जनसांखिक, सामाजिक, आर्थिक, शैक्षिक आदि विवरणहरू समावेश गरी गाउँपालिकको वस्तुगत विवरण (Profile) तयार पारी प्रकाशन गर्न लागेकोमा हामिलाई खुशि लागेको छ । तथ्याङ्क समन्वय कार्यालयले यस गाउँपालिकालाई छनोट गरी यो वस्तुगत विवरण तयार गरिदिएकोमा कार्यालयप्रति आभारी छौं ।

यो वस्तुगत विवरण कालिमाटी गाउँपालिकाको बारेमा जान्न चाहाने ब्यक्ति एवं संस्थाहरू, जनप्रतिनिधि, योजनाकार, समाजसेवी, अध्ययन अनुसन्धानकर्ता, शिक्षक, विद्यार्थी, पर्यटक लगायत अन्य क्षेत्रका ब्यक्ति वा संघसंस्थाको लागि विभिन्न प्रयोजनका हिसावले त्यत्तिकै उपयोगी हुने विश्वास लिएको छु ।

यो प्रकाशनलाई यो स्वरूपमा प्रकाशन गर्नको लागि विभिन्न तवरबाट योगदान गर्नुहुने तथ्याङ्क समन्वय कार्यालयका प्रमुख एवं कर्मचारीहरू, यस गाउँपालिकाका जनप्रतिनिधिज्यूहरू, गाउँपालिकाका विभिन्न विषयगत शाखाका कर्मचारीहरू लगायत सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दै यो प्रकाशनको सफलताको समेत शुभकामना ब्यक्त गर्न चाहान्छु ।

हर्क बहादुर वली
प्रमुख प्रशासकीय अधिकृत
कालिमाटी गाउँपालिका, सल्यान

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राष्ट्रिय तथ्याङ्क कार्यालय**

# तथ्याङ्क समन्वय कार्यालय, सुर्खेत

(सुर्खेत, दैलेख, जाजरकोट, सल्यान र रूकुम पश्चिम)



## मन्तब्य

तथ्याङ्क समन्वय कार्यालय, सुर्खेतले भौगोलिक, जनसांखिक, सामाजिक, आर्थिक अवस्था लगायतका विवरणहरू समेटीएको कालिमाटी गाउँपालिकाको वस्तुगत विवरण प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ ।

राष्ट्रिय जनगणना, २०७८ बाट प्राप्त जनसांखिक सूचनाहरू, विभिन्न सरकारी/गैरसरकारी कार्यालय, संघसंस्था एवं स्थानीय तहहरूबाट तथ्याङ्क समन्वय कार्यालय सुर्खेत मार्फत सङ्कलित विवरणहरू समावेश गरी यो वस्तुगत विवरण तयार पारिएको छ। विभिन्न स्रोतहरूबाट प्राप्त हुने तथ्याङ्क एवं सूचनाहरूले गाउँपालिकाको विभिन्न क्षेत्रको वस्तुगत अवस्थाको बारेमा जानकारी प्राप्त हुने, विकासका कार्यक्रमहरूको अवस्थाको अनुगमन गर्न सकिने एवं निर्णय तथा योजनाको लागि तथ्यपरक आधार उपलब्ध हुने हुँदा यो पुस्तिका योजनाकार, प्रशासक, राजनितिज्ञ, अनुसन्धानकर्ता, विकास साझेदार, शिक्षक, विद्यार्थी लगायत सरोकारवाला सवैको लागि उपयोगी हुने अपेक्षा गरिएको छ ।

यो वस्तुगत विवरण तयार गर्ने सन्दर्भमा समयमै तथ्यपरक सूचना, तथ्याङ्क उपलब्ध गराई अमूल्य सहयोग गर्नुहुने कालिमाटी गाउँपालिका कार्यालय, विभिन्न सरकारी, गैरसरकारी, नीजि संघसंस्था तथा कार्यालयहरूप्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दछु। प्रकाशनको लागि आवश्यक बजेट तथा प्राविधिक सहयोग, समन्वयका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारीज्यू, उपप्रमुख तथ्याङ्क अधिकारीज्यू लगायत योजना शाखा प्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु ।

यस पुस्तिका प्रकाशनको लागि स्थलगत तथ्याङ्क सङ्कलन र तयारी कार्यमा अहोरात्र खटिने यस कार्यालयका तथ्याङ्क अधिकृतहरू, सुपरिवेक्षकहरू, गणकहरू एवं खरिदार लगायतको टीमलाई हार्दिक धन्यवाद् दिन चाहान्छु ।

अन्तमा यो वस्तुगत विवरणले विभिन्न सरोकारवालाहरूलाई नीति निर्माण, निर्णय एवं योजनाको लागि तथ्याङ्क/सूचना उपलब्ध गराउन सकोस भन्ने कामना गर्दै आगामी दिनमा यसलाई थप परिस्कृत तथा प्रयोगकर्ता मैत्री बनाउन रचनात्मक सुझावको समेत अपेक्षा गर्दछु ।

विनोद आचार्य
तथ्याङ्क समन्वय अधिकारी
तथ्याङ्क कार्यालय, सुर्खेत


कालिमाटी गाउँपालिका
81°45.0′
81°48.0′
81°51.0′
81°54.0′
81°57.0′
82°0.0′
82°3.0′
82°6.0′
82°9.0′
28°24.0′
28°21.0′
28°18.0′
28°15.0′
28°12.0′
भेरीगंगा न.पा.
गुर्भाकोट गा.पा.
बनगाड कुपिण्डे न.पा..
शारदा न.पा.
बाँसगढी न.पा.
वडा नं.-६
वडा नं.-७
वडा नं.-५
वडा नं.-४
वडा नं.-३
वडा नं.-१
वडा नं.-२
कोहलपुर न.पा.
राप्ति सोनारी गा.पा.
बबई गा.पा.
त्रिवेणी गा.पा.
संकेतः
गाउँपालिका केन्द्र
सडक
कर्णाली प्रदेश
0
2.5
5 km
नक्शा स्रोतः नापी विभाग, नेपाल
EPGS:4326 WGS 84
सल्यान जिल्ला

# विषय सूची


**खण्ड-१ कालिमाटी गाउँपालिकाको परिचय ........................................................१**

१.१ कालिमाटी गाउँपालिकाको संक्षिप्त परिचय ........................................................१
१.२ भौगोलिक अवस्थिति ........................................................१
१.३ वडाहरुको आधारभूत विवरण ........................................................२
१.४ भू-आकृति तथा भू-उपयोग........................................................४
१.५ प्रमुख प्राकृतिक सम्पदाहरू........................................................६
१.६ धार्मिक परम्परा तथा चाडपर्वहरु ........................................................७
१.७ प्रमुख ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरु ........................................................७
१.८ हावापानी ........................................................९

**खण्ड-२ जनसांख्यिक विवरण........................................................११**

२.१ जनसंख्या सम्वन्धी आधारभूत विवरण ........................................................ ११
२.२ पछिल्ला दुई जनगणना वर्षहरुमा कालिमाटी गाउँपालिकाको जनसंख्या........................................................ १३
२.३ वडा अनुसारको जनसंख्या, परिवार संख्या, जनघनत्व र वार्षिक जनसंख्या वृद्धिदर ........................................................ १४
२.४ कालिमाटी गाउँपालिकाको जनसंख्या प्रवृत्ति ........................................................ १६
२.४ लिङ्ग र उमेर समूहअनुसार कालिमाटी गाउँपालिकाको जनसंख्या........................................................ १६
२.५ कुल आश्रित अनुपात ........................................................ १७
२.६ बृहत् उमेर समूह र विशेष उमेर समूहअनुसार जनसंख्या........................................................ १८
२.७ कालिमाटी गाउँपालिकाको जनसङ्ख्या प्रक्षेपण ........................................................ २०

**खण्ड-३ भाषा, धर्म तथा जातजाति अनुसारको जनसंख्या ........................................................२२**

३.१ धर्म अनुसारको जनसंख्या ........................................................ २२
३.२ मातृभाषा अनुसारको जनसंख्या........................................................ २३
३.३ जातजाति अनुसारको जनसंख्या........................................................ २३
३.४ परिवारको आकारअनुसार परिवार संख्या........................................................ २४

**खण्ड-४ महिला, बालबालिका, ज्येष्ठ नागरिक, तथा अपाङ्गता........................................................२६**

४.१ स्थिर सम्पत्तिमा महिलाको स्वामित्व........................................................ २६
४.२ बालबालिकाको साक्षरता दर ........................................................२७
४.३ बालबालिकाहरुको विद्यालय जाने अवस्था........................................................२७
४.४ पाँच वा सोभन्दा मुनिका बालबालिकाको जन्म दर्ताको अवस्था........................................................ २८
४.५ अठार वर्ष मुनिका बालबालिकाको बसाइँको प्रवन्ध ........................................................ २९
४.६ बाल आश्रित अनुपात ........................................................ ३०

४.७ बाल विवाहको अवस्था ........................................................................................ ३१
४.८ बाल श्रमको अवस्था ........................................................................................ ३२
४.९ अपाङ्गताको किसिमअनुसार जनसंख्या ........................................................................ ३३
४.१० अपाङ्गताको अवस्था ....................................................................................... ३४
४.११ अपाङ्गता भएका ब्यक्तिको साक्षरता स्थिति ................................................................ ३५
४.१२ विधवा तथा एकल महिलाको संख्या ........................................................................ ३६
४.१३ लिङ्गअनुसार परिवारमूली ..................................................................................... ३७
४.१४ ज्येष्ठ नागरिकसम्वन्धी विवरण ................................................................................ ३८

**खण्ड-५ विवाह र प्रजनन् सम्वन्धी विवरण........................................................३९**

५.१ दश वर्ष वा सो भन्दा माथिको जनसंख्याको बैवाहिक स्थिति ................................................ ३९
५.२ लिङ्गअनुसार विवाहको मध्यक उमेर ........................................................................... ४०
५.३ उमेर समूहअनुसार दश वर्ष वा सो भन्दा माथिको बिवाहित जनसंख्या ....................................... ४१
५.४ पहिलो विवाह गर्दाको उमेरअनुसार दश वर्ष वा सो भन्दा माथिको विवाहित जनसंख्या ................... ४१
५.५ जीवित रुपमा जन्माएका बच्चाको संख्याअनुसार विवाहित महिलाहरूको संख्या ............................. ४३
५.६ जीवित रुपमा जन्माएका बच्चाको संख्या र आमाको उमेरअनुसार महिलाहरूको संख्या ..................... ४४
५.७ विवाहित महिलाको उमेर अनुसार विगत १२ महिनामा जीवित जन्मेका शिशुको संख्या ..................... ४५
५.८ मृत्यू भएका छोराछोरीको संख्याअनुसार १५ देखि ४९ वर्षका विवाहित महिलाहरूको संख्या ............... ४५
५.९ मृत्यू भएका छोराछोरीको संख्याअनुसार महिलाहरुको संख्या .................................................. ४६
५.१० कालिमाटी गाउँपालिकामा १५-४९ वर्षका महिलाले जन्माएका बच्चाको अवस्था .......................... ४७

**खण्ड-६ बसाइँसराई तथा अनुपस्थित जनसंख्यासम्वन्धी विवरण...........................................४८**

६.१ जन्मस्थानको आधारमा जनसंख्या .............................................................................. ४८
६.२ पहिले अक्सर बसोबास गरेको स्थानको आधारमा जनसंख्या .................................................. ४९
६.३ हाल बसोबास गरेको स्थानमा बसाइँसराई गरेको अवधि अनुसारको जनसंख्या ............................... ४९
६.४ आजीवन बसाइँसराईको अवस्था (Life Time Migrant) ........................................................ ५०
६.५ हाल बसोबास गरेको स्थानमा बसाइँसराई गरी आउनुको मुख्य कारणअनुसार जनसंख्या ..................... ५१
६.६ गएको देशअनुसार विदेशवाट फर्केका ब्यक्तिहरुको संख्या ...................................................... ५१
६.७ पहिलेको अक्सर बसोबास विदेश भएकाहरुको विदेशमा वसेको अवधिअनुसार जनसंख्या ..................... ५२
६.८ अक्सर अनुपस्थित परिवार र जनसंख्या ......................................................................... ५३
६.९ स्वदेशमा अनुपस्थित (विदेश गएका) ब्यक्तिको उमेर समूहअनुसार जनसंख्या .................................. ५३
६.१० विदेश गएका (अनुपस्थित) ब्यक्तिहरुको गएको देशअनुसार जनसंख्या ........................................ ५४
६.११ विदेश जानुको मुख्य कारणअनुसार कालिमाटी गाउँपालिकाको जनसंख्या ...................................... ५४
६.१२ विदेश गएको अवधिअनुसार अनुपस्थित जनसंख्या ............................................................ ५५
६.१३ विदेश जाँदाको वखत उत्तिर्ण गरेको शैक्षिक तहअनुसार अनुपस्थित जनसंख्या ................................ ५५

**खण्ड-७ पारिवारिक सेवा सुविधा तथा पहुँच....................................................५६**

७.१ खानेपानीको मुख्य स्रोतअनुसार परिवार संख्या .................................................. ५६
७.२ परिवारमा खाना पकाउन प्रयोग गरिने मुख्य इन्धनअनुसार परिवार संख्या .................... ५६
७.३ बत्ती वाल्न अक्सर प्रयोग गरिने इन्धनको स्रोतअनुसार परिवार संख्या........................ ५७
७.४ परिवारले प्रयोग गर्ने शौचालयको प्रकारअनुसार परिवार संख्या ................................ ५८
७.५ परिवारले उपयोग गरेका घरायसी साधन तथा सुविधाहरु ........................................ ६०
७.६ घरको गुणस्तरीयताको वर्गीकरणअनुसार परिवार संख्या............................................ ६०
७.७ शहरी तथा ग्रामीण जनसंख्या.................................................................... ६१
७.८ बैङ्क वा वित्तीय संस्थामा पहुँचसम्वन्धी विवरण.................................................. ६२
७.९ बैङ्क, वित्तीय संस्था तथा सहकारीवाट ऋण लिएका परिवार संख्या ............................ ६३

**खण्ड-८ घरको संरचना तथा उपयोग ........................................................६४**

८.१ परिवारले प्रयोग गरेको घरको स्वामित्वअनुसार परिवार संख्या ................................. ६४
८.२ परिवारले प्रयोग गरेको घरको जगअनुसार परिवार संख्या ........................................ ६४
८.३ परिवारले प्रयोग गरेको घरको वाहिरी गारोअनुसार परिवार संख्या............................. ६५
८.४ परिवारले प्रयोग गरेको घरको छानाअनुसार परिवार संख्या ..................................... ६६
८.५ परिवारले प्रयोग गरेको घरको भुईंअनुसार परिवार संख्या......................................... ६७
८.६ मुख्य प्रयोगअनुसार घर संरचना/भवनको संख्या................................................... ६७
८.७ घरमा भएका तलाअनुसार घरको संख्या.......................................................... ६८
८.८ आवासीय घर निर्माणको लागि सरकारी अनुदान प्राप्त गर्ने परिवार.............................. ६९
८.९ घरको आयुअनुसार घर संरचना/भवनको संख्या................................................... ६९

**खण्ड-९ स्वास्थ्य तथ्याङ्क..........................................................................७१**

९.१ स्वास्थ्य संस्थाहरुको विवरण...................................................................... ७१
९.२ स्वास्थ्य संस्थाको जनशक्ति विवरण................................................................ ७१
९.३ मुख्य स्वास्थ्य सूचकहरु .......................................................................... ७२
९.४ प्रमुख रोग तथा विमारहरु......................................................................... ७३
९.५ विगत वाह्र महिनामा परिवारमा भएको मृत्यूको संख्या ........................................... ७३
९.६ मृत्यूको कारणअनुसार मृतकको संख्या............................................................ ७४
९.७ विगत १२ महिनामा मृत्यू भएका मृतकको उमेरअनुसार कालिमाटीको मृतकको संख्या ............... ७५
९.८ मृत्यू हुँदाका वखतको अवस्था र बृहत् उमेर समूहअनुसार महिला मृतकको संख्या.................. ७५

**खण्ड-१० शैक्षिक तथ्याङ्क.......................................................................७७**

१०.१ पाँच वर्ष वा सोभन्दा माथिका ब्यक्तिको साक्षरता स्थिति ........................................ ७७
१०.२ पाँच वर्षदेखि पच्चीस बर्ष उमेर समूहको जनसंख्याको हाल विद्यालय अध्ययनको अवस्था........... ७९

१०.३ पन्ध्रदेखि चौविस वर्ष सम्मका युवाहरुको साक्षरता स्थिति........ ८०
१०.४ पन्ध्र वर्षमाथिको प्रौढ साक्षरता दर........ ८०
१०.५ उत्तीर्ण गरेको कक्षा वा तहअनुसारको जनसंख्या........ ८१
१०.६ जातजाति तथा लिङ्गअनुसारको कालिमाटी गाउँपालिकाको साक्षरता दर........ ८२
१०.७ उमेर समूहअनुसार कालिमाटी गाउँपालिकाको साक्षरतादर........ ८३
१०.८ अध्ययनको क्षेत्रअनुसार दश जोड दुई वा सोसरह उत्तीर्ण गरेको जनसंख्या........ ८४
१०.९ शैक्षिक संस्थाहरुको विवरण........ ८५
१०.१० शैक्षिक सूचकहरु........ ८७
१०.११ विद्यालयको किसिम तथा तहअनुसार विद्यार्थी विवरण........ ८८
१०.१२ तहगतरुपमा सामुदायिक विद्यालयको शिक्षक विवरण........ ८९
१०.१३ प्राविधिक धारतर्फ कक्षा ९-१२ को कार्यक्रम संचालन गरेका विद्यालयको विवरण........ ८९

**खण्ड-११ आर्थिक क्रियाकलाप र रोजगारी........ ९०**

११.१ आर्थिक गणना २०७५ अनुसार प्रतिष्ठान संख्या र संलग्न जनशक्ति........ ९०
११.२ नेपालस्तरीय औद्योगिक वर्गीकरण अनुसार प्रतिष्ठान संख्या........ ९०
११.३ नेपालस्तरीय औद्योगिक वर्गीकरणअनुसार प्रतिष्ठानमा संलग्न ब्यक्तिको संख्या........ ९१
११.४ दश वर्ष वा सो भन्दा बढी उमेरको जनसंख्याको आर्थिक सक्रियताको स्थिति........ ९१
११.५ दश वर्ष वा सोभन्दा माथिको जनसंख्याको आर्थिकरुपले सक्रिय जनसंख्या प्रतिशत........ ९२
११.६ विगत वाह्र महिनामा आर्थिक काममा संलग्न रहेको अवधि अनुसारको जनसंख्या........ ९२
११.७ आर्थिक काममा संलग्न भएको महिनाअनुसार दश वर्ष वा सो भन्दा माथिको जनसंख्या........ ९३
११.८ शैक्षिक अवस्थाअनुसार कालिमाटी गाउँपालिकाको आर्थिक क्रियाकलाप........ ९३
११.९ कृषि तथा गैरकृषि क्षेत्रमा रोजगारको अवस्था........ ९४
११.१० रोजगारको घरायसी तथा गैरघरायसी क्षेत्रअनुसार जनसंख्या........ ९६
११.११ उमेरअनुसार कालिमाटी गाउँपालिकाको आर्थिकरुपले निष्क्रिय जनसंख्या........ ९७
११.१२ आर्थिकरुपले सक्रिय जनसंख्याको मुख्य पेशाअनुसारको विवरण........ ९७
११.१३ मुख्य पेशा र उमेर समूहअनुसार कालिमाटी गाउँपालिकाको जनसंख्या........ ९८
११.१४ आर्थिक क्रियाकलापको औद्योगिक क्षेत्रअनुसार जनसंख्या........ ९८
११.१५ औद्योगिक वर्गीकरण र लिङ्गअनुसार आर्थिकरुपले सक्रिय जनसंख्या........ ९९
११.१६ आर्थिकरुपले सक्रिय जनसंख्याको रोजगारको संस्थागत क्षेत्र........ १००
११.१७ आर्थिकरुपले निष्क्रिय हुनुको कारणअनुसार जनसंख्या........ १००
११.१८ आर्थिक कामको क्षेत्र र पेशा अनुसारको कालिमाटी गाउँपालिकाको जनसंख्या........ १०१
११.१९ कृषि बाहेकका साना घरेलु व्यवसाय संचालन गर्ने परिवार........ १०२
११.२० सम्पन्नताको पञ्चमक वर्गिकरणअनुसारको जनसंख्या तथा परिवार संख्या........ १०२
११.२१ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वेरोजगारको सूचिमा सुचिकृत ब्यक्तिको संख्या........ १०३

**खण्ड-१२ कृषि, वन तथा वातावरण ........................................................... १०४**

१२.१ कृषक परिवार संख्या, क्षेत्रफल, कित्ता संख्या, औसत कित्ता संख्या तथा सिंचित क्षेत्रफल......... १०४
१२.२ कृषि चलनले चलन गरेको जग्गाको उपभोग................................................................ १०४
१२.३ कृषि चलनले चलन गरेको जग्गाको उपयोग................................................................ १०५
१२.४ पाल्तु चौपाया तथा पन्छी पाल्ने कृषक परिवार .............................................................. १०७
१२.५ पाल्तु चौपाया तथा पन्छीको संख्या.................................................................................. १०७
१२.६ मुख्य अस्थायी बाली लागेका जग्गाको क्षेत्रफल तथा कृषक परिवार संख्या.......................... १०८
१२.७ प्रमुख बालीहरुमा कृषि सामग्री प्रयोग गर्ने कृषक परिवार संख्या ........................................ १०८
१२.८ कृषि ऋृण, थप ऋृणको आवश्यकता, बिमा तथा अनुदान प्राप्त गर्ने कृषक परिवार संख्या ........ ११०
१२.९ कृषि चलनको प्रमुख उत्पादन/क्रियाकलापअनुसार कृषक परिवार संख्या ............................ ११०
१२.१० कृषि चलनबाट भएको प्रमुख उत्पादनको मुख्य प्रयोगअनुसार कृषक परिवार संख्या.............. ११०
१२.११ कृषक परिवारको आम्दानीको मुख्य स्रोत, खाद्य प्रयाप्तता........................................... १११
१२.१२ कृषि/पशुसेवा केन्द्रहरुको विवरण.................................................................................. ११२
१२.१३ प्रमुख बालीअनुसार मलको प्रयोग तथा प्रमुख रोग ब्याधी.............................................. ११२
१२.१४ वनको किसिमअनुसार विवरण......................................................................................... ११३

**खण्ड-१३ भौतिक पूर्वाधार.......................................................................... ११५**

१३.१ उपलब्ध यातायात सुविधानुसार वडा संख्या ...................................................................... ११५
१३.२ वर्षैंभरि संचालनमा रहने कालोपत्रे सडकको लम्वाईअनुसार वडा संख्या............................. ११५
१३.३ सडक तथा यातायातसम्वन्धी विवरण .............................................................................. ११६
१३.४ कालिमाटी गाउँपालिकामा रहेका पुलहरुको विवरण ......................................................... ११८
१३.५ कालिमाटी गाउँपालिकामा संचालित सिँचाई आयोजना....................................................... ११८
१३.६ सञ्चार क्षेत्र ..................................................................................................................... १२०
१३.७ सरकारी कार्यालयका भवन (क्षमता, किसिम, आयू) ......................................................... १२१

**खण्ड-१४ उद्योग तथा वाणिज्य ............................................................... १२३**

१४.१ उद्योग................................................................................................................................ १२३
१४.२ बैंक तथा वित्तीय संस्थाहरु................................................................................................ १२३
१४.३ पालिकामा दर्ता गरिएका ब्यापार तथा ब्यवसाय सम्वन्धी विवरण ........................................ १२३
१४.४ सहकारी संस्थाहरुको विवरण.............................................................................................. १२४
१४.५ प्रमुख बजारसम्वन्धी विवरण............................................................................................... १२४

**खण्ड-१५ सार्वजनिक सेवा प्रवाह ............................................................... १२५**

१५.१ सामाजिक पूर्वाधारको सेवा सुविधा..................................................................................... १२५
१५.२ विगत तीन वर्षको आय ब्ययको विवरण ............................................................................ १२६

१५.३ कालिमाटी गाउँपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) ........ १२७
१५.४ कालिमाटी गाउँपालिकाको वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) ........ १२८
१५.५ हालसम्म तयार गरी जारी गरिएका नीति कानून तथा मापदण्डहरुको विवरण ........ १२८
१५.६ न्यायिक समितिमा दर्ता तथा फछ्यौंट भएका मूद्दा तथा विवादसम्वन्धी विवरण ........ १३०
१५.७ मुद्धा विवादको प्रकृतिअनुसारको संख्या ........ १३०
१५.८ ब्यक्तिगत घटना दर्तासम्वन्धी विवरण ........ १३१
१५.९ अन्य विवरण ........ १३१
**खण्ड-१६ विविध ........ १३२**
१६.१ निर्वाचनसम्वन्धी विवरण ........ १३२
१६.२ स्थानीय तह निर्वाचन २०७४ मा निर्वाचित जन प्रतिनिधिहरुको विवरण ........ १३६
१६.३ प्राकृतिक प्रकोप तथा विपद ब्यवस्थापन ........ १३७
**अनुसूचीहरु ........ १३९**
अनुसूची १.: कालिमाटी गाउँपालिकाको जन प्रतिनिधिहरुको विवरण ........ १३९
अनुसूची २.: कालिमाटी गाउँपालिकामा कार्यरत कर्मचारीहरुको विवरण ........ १४०
अनुसूची ३.: कालिमाटी गाउँपालिकाको जनसंख्या प्रक्षेपन ........ १४२
अनुसूची ४.: आधिकारिक तथ्याङ्कका आधारभूत सिदान्तहरु ........ १४४
अनुसूची ५.: जनगणनमामा प्रयोग गरिएका पदावली तथा परिभाषा ........ १४५
अनुसूची-६: कृषि गणनामा प्रयोग गरिएका अवधारणा तथा परिभाषा ........ १४८
अनुसूची-७: तथ्याङ्क समन्वय कार्यालय सुर्खेतको परिचय ........ १४९
अनुसूची-८: राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख प्रकाशनहरु ........ १५१

# तालिकाहरु

तालिका १.१ कालिमाटी गाउँपालिकाको भौगोलिक अवस्थिति ........ २
तालिका १.२ वडाहरुको आधारभूत विवरण ........ ३
तालिका १.३ वडा अनुसार कालिमाटी गाउँपालिका अन्तर्गतका बस्तीको विवरण ........ ३
तालिका १.४ कालिमाटी गाउँपालिकाको भू-उपयोग ........ ६
तालिका २.१ जनसंख्या सम्वन्धी आधारभूत विवरण ........ ११
तालिका २.२ पछिल्ला दुई जनगणना वर्षहरुमा कालिमाटी गाउँपालिकाको जनसंख्या ........ १३
तालिका २.३ वडाअनुसार कालिमाटी गाउँपालिकाको जनसंख्या, परिवार संख्या, लैङ्गिक अनुपात, परिवारको औसत आकार, जनघनत्व र वार्षिक जनसंख्या वृद्धिदर ........ १४
तालिका २.४ लिङ्ग र उमेर समूहअनुसार कालिमाटी गाउँपालिकाको जनसंख्या ........ १७
तालिका २.५ कुल आश्रित अनुपात ........ १८

तालिका २.६ विशेष उमेर समूह अनुसारको जनसंख्या ........ १९
तालिका २.७ कालिमाटी गाउँपालिकाको दस वर्षको जनसंख्या प्रक्षेपण ........ २०
तालिका ३.१ धर्मअनुसारको जनसंख्या ........ २२
तालिका ३.२ कालिमाटी गाउँपालिकाको पछिल्ला दुई जनगणनामा धर्मअनुसारको जनसंख्या ........ २२
तालिका ३.३ मातृभाषाअनुसार कालिमाटी गाउँपालिकाको जनसंख्या ........ २३
तालिका ३.४ जातजाति अनुसारको जनसंख्या ........ २४
तालिका ३.५ परिवारको किसिमअनुसार परिवार संख्या ........ २५
तालिका ४.१ महिलाका नाममा घरजग्गा भएका परिवार ........ २६
तालिका ४.२ पाँच वर्षदेखि सत्र वर्षका बालबालिकाको साक्षरता दर ........ २७
तालिका ४.३ पाँचदेखि सत्र वर्षका बालबालिकाहरुको विद्यालय जाने अवस्था ........ २८
तालिका ४.४ पाँच वा पाँच वर्ष मुनिका बालबालिकाको जन्म दर्ताको अवस्था ........ २८
तालिका ४.५ अठार वर्ष मुनिका बाललालिकाको बसाइँको प्रवन्ध ........ २९
तालिका ४.६ बाल आश्रित अनुपात ........ ३०
तालिका ४.७ बाल विवाहको अवस्था ........ ३१
तालिका ४.८ बाल श्रमको अवस्था ........ ३२
तालिका ४.९ अपाङ्गताको किसिमअनुसार कालिमाटी गाउँपालिकाको जनसंख्या ........ ३३
तालिका ४.१० अपाङ्गताको अवस्था ........ ३५
तालिका ४.११ अपाङ्गता भएका ब्यक्तिको साक्षरता अवस्था ........ ३५
तालिका ४.१२ विधवा तथा एकल महिलाको संख्या ........ ३६
तालिका ४.१३ लिङ्गअनुसार परिवारमूली ........ ३७
तालिका ४.१४ ज्येष्ठ नागरिक सम्वन्धी विवरण ........ ३८
तालिका ५.१ कालिमाटी गाउँपालिकामा दश वर्ष वा सो भन्दा माथिको जनसंख्याको बैवाहिक स्थिति ........ ३९
तालिका ५.२ लिङ्गअनुसार विवाहको मध्यक उमेर ........ ४०
तालिका ५.३ पहिलो विवाह गर्दाको उमेरअनुसार दश वर्ष वा सो भन्दा माथिको कालिमाटी गाउँपालिकाको विवाहित जनसंख्या ........ ४२
तालिका ५.४ जीवित रुपमा जन्माएका बच्चाको संख्याअनुसार १५ देखि ४९ वर्षका विवाहित महिलाहरूको संख्या ........ ४३
तालिका ५.५ पन्ध्र देखि उनन्चास वर्षका विवाहित महिलाहरूले जीवित रुपमा जन्माएका बच्चाको संख्या र उमेरअनुसार कालिमाटी गाउँपालिकाका महिलाको संख्या ........ ४४
तालिका ५.६ विवाहित महिलाको उमेरअनुसार विगत १२ महिनामा जीवित जन्मेका शिशुको संख्या ........ ४५
तालिका ५.७ मृत्यू भएका छोराछोरीको संख्याअनुसार १५ देखि ४९ वर्षका विवाहित महिलाहरूको संख्या ........ ४६
तालिका ५.८ मृत्यू भएका बच्चाको संख्या र आमाको उमेरअनुसार कालिमाटी गाउँपालिकाका महिलाहरुको संख्या ........ ४६
तालिका ५.९ कालिमाटी गाउँपालिकामा १५ देखि ४९ वर्षका विवाहित महिलाले जन्माएका जीवित बच्चा, जीवित जन्मेर मरेका र अहिलेसम्म जीवित रहेका बच्चाको संख्या ........ ४७
तालिका ६.१ जन्मस्थानको आधारमा जनसंख्या ........ ४८
तालिका ६.२ पहिले अक्सर बसोबास गरेको स्थानको आधारमा जनसंख्या ........ ४९
तालिका ६.३ हाल बसोबास गरेको स्थानमा बसाइँसराइ गरेकाभध्ये हालको बसाइँको अवधि अनुसारको जनसंख्या ........ ४९
तालिका ६.४ आजिवन बसाइँसराईको अवस्था ........ ५०

तालिका ६.५ हाल बसोबास गरेको स्थानमा बसाईँसराई गरी आउनुको मुख्य कारणअनुसार जनसंख्या ........................५१
तालिका ६.६ गएको देश अनुसार विदेशवाट फर्केका ब्यक्तिको जनसंख्या.........................................................५२
तालिका ६.७ पछिल्लो पटकको अक्सर बसोबास विदेश भएकाहरुको विदेशमा वसेको अवधिअनुसारको जनसंख्या.........५२
तालिका ६.८ अक्सर अनुपस्थित (देशभित्र वा वाहिर) परिवार र जनसंख्या ......................................................५३
तालिका ६.९ विदेश गएका (अनुपस्थित) ब्यक्तिहरुको गएको देश अनुसारको संख्या..............................................५४
तालिका ६.१० उमेर समूह र अनुपस्थित हुनुको (विदेश जानुको) मुख्य कारणअनुसार कालिमाटी गाउँपालिकाको जनसंख्या ...............................................................................................................................................५४
तालिका ६.११ विदेश गएको अवधिअनुसार अनुपस्थित जनसंख्या ....................................................................५५
तालिका ६.१२ विदेश जाँदाको वखत उत्तिर्ण गरेको शैक्षिक तहअनुसार अनुपस्थित जनसंख्या ................................५५
तालिका ७.१ खानेपानीको मुख्य स्रोतअनुसार परिवार संख्या ........................................................................५६
तालिका ७.२ परिवारमा खाना पकाउन प्रयोग गरिने मुख्य इन्धनअनुसार परिवार संख्या ........................................५७
तालिका ७.३ बत्ती वाल्न अक्सर प्रयोग गरिने इन्धनको स्रोतअनुसार परिवार संख्या ...........................................५७
तालिका ७.४ परिवारले प्रयोग गर्ने शौचालयको प्रकारअनुसार परिवार संख्या.....................................................५९
तालिका ७.५ परिवारले उपयोग गरेका घरायसी साधन तथा सुविधाहरु ..........................................................६०
तालिका ७.६ घरको गुणस्तरीयता वर्गीकरण अनुसार परिवार संख्या .............................................................६०
तालिका ७.७ शहरी तथा ग्रामिण वडा संख्या.............................................................................................६१
तालिका ७.८ शहरी तथा ग्रामीण जनसंख्या...............................................................................................६२
तालिका ७.९ बैङ्क वा वित्तीय संस्थामा पहुँचसम्वन्धी विवरण......................................................................६२
तालिका ८.१ परिवारले प्रयोग गरेको घरको स्वामित्व अनुसार परिवार संख्या ..................................................६४
तालिका ८.२ परिवारले प्रयोग गरेको घरको जगअनुसार परिवार संख्या...........................................................६५
तालिका ८.३ परिवारले प्रयोग गरेको घरको वाहिरी गारोअनुसार परिवार संख्या................................................६५
तालिका ८.४ परिवारले प्रयोग गरेको घरको छानाअनुसार परिवार संख्या ........................................................६६
तालिका ८.५ परिवारले प्रयोगगरेको घरको भुईंअनुसार परिवार संख्या............................................................६७
तालिका ८.६ मुख्य प्रयोग अनुसार घर/भवनको संख्या ................................................................................६८
तालिका ८.७ घर/संरचनामा भएका तलाअनुसार घरको संख्या (प्रतिशत) .........................................................६९
तालिका ८.८ आवासीय घर निर्माणको लागि सरकारी अनुदान प्राप्त गर्ने परिवार....................................................६९
तालिका ८.९ घर संरचना वनेको वर्ष (घरको आयु) अनुसारको घर संरचना संख्या..............................................७०
तालिका ९.१ स्वास्थ्य संस्थाहरुको विवरण...............................................................................................७१
तालिका ९.२ स्वास्थ्य संस्थाको जनशक्ति विवरण.......................................................................................७१
तालिका ९.३ मुख्य स्वास्थ्य सूचकहरु......................................................................................................७२
तालिका ९.४ विगत वाह्र महिनामा परिवारमा भएको मृतकको लिङ्गअनुसार मृतक संख्या ....................................७४
तालिका ९.५ विगत वाह्र महिनामा भएको मृत्यूको कारणअनुसार मृतकको संख्या ..............................................७४
तालिका ९.६ मृत्यू हुँदाका वखतको अवस्था र बृहत् उमेर समूहअनुसार महिला मृतकको संख्या...............................७६
तालिका १०.१ पाँच वर्ष वा सोभन्दा माथिका ब्यक्तिको साक्षरता स्थिति..........................................................७७
तालिका १०.२ पाँच वर्षदेखि पच्चीस बर्ष उमेर समूहको जनसंख्याको हाल विद्यालय अध्ययनको अवस्था ...................७९
तालिका १०.३ पन्ध्र देखि चौविस वर्षसम्मका युवाहरुको साक्षरता स्थिति ......................................................८०
तालिका १०.४ पन्ध्र वर्षमाथिको प्रौढ साक्षरता दर .....................................................................................८१

तालिका १०.५ उत्तीर्ण गरेको कक्षा वा तहअनुसारको जनसंख्या ........ ८२
तालिका १०.६ जातजाति तथा लिङ्गअनुसार कालिमाटी गाउँपालिकाको साक्षरता दर ........ ८२
तालिका १०.७ अध्ययनको क्षेत्रअनुसार दश जोड दुई वा सोसरह उत्तीर्ण गरेको कालिमाटी गाउँपालिकाको जनसंख्या ........ ८४
तालिका १०.८ शैक्षिक संस्थाहरुको संख्या ........ ८५
तालिका १०.९ शैक्षिक संस्थाहरुको विवरण ........ ८५
तालिका १०.१० शैक्षिक सूचकहरु ........ ८७
तालिका १०.११ अन्य शैक्षिक सूचकहरु ........ ८८
तालिका १०.१२ विद्यालयको किसिम तथा तहअनुसार कालिमाटी गाउँपालिकाको विद्यार्थी विवरण ........ ८८
तालिका १०.१३ तहगतरुपमा सामुदायिक विद्यालयको शिक्षक विवरण ........ ८९
तालिका १०.१४ प्राविधिक धारतर्फ कक्षा ९-१२ को कार्यक्रम संचालन गरेका विद्यालयको विवरण ........ ८९
तालिका ११.१ आर्थिक गणना २०७५ अनुसार प्रतिष्ठानको संख्या र संलग्न जनशक्ति ........ ९०
तालिका ११.२ नेपालस्तरीय औद्योगिक वर्गीकरणअनुसार प्रतिष्ठान संख्या ........ ९०
तालिका ११.३ नेपालस्तरीय औद्योगिक वर्गीकरण अनुसार प्रतिष्ठानमा संलग्न व्यक्तिको संख्या ........ ९१
तालिका ११.४ दश वर्ष वा सो भन्दा बढी उमेरको जनसंख्याको आर्थिक सक्रियताको स्थिति ........ ९१
तालिका ११.५ विगत बाह्र महिनामा आर्थिक काममा संलग्न रहेको अवधि अनुसारको जनसंख्या ........ ९२
तालिका ११.६ उत्तीर्ण गरेको शैक्षिक तहअनुसार कालिमाटी गाउँपालिकाको दश वर्ष वा सो भन्दा माथिको उमेरको जनसंख्याको आर्थिक क्रियाकलाप ........ ९३
तालिका ११.७ कृषि तथा गैरकृषि क्षेत्रमा रोजगारको अवस्था ........ ९४
तालिका ११.८ रोजगारको घरायसी तथा गैरघरायसी क्षेत्रअनुसारको दश वर्ष वा सो भन्दा माथिको जनसंख्या ........ ९६
तालिका ११.९ दश वर्ष वा सो भन्दा माथिको कुल जनसंख्यामध्ये उमेरअनुसार कालिमाटी गाउँपालिकाको आर्थिकरुपले निष्क्रिय जनसंख्या ........ ९७
तालिका ११.१० दश वर्ष वा सोभन्दा माथिको आर्थिकरुपले सक्रिय जनसंख्याको मुख्य पेशाअनुसारको विवरण ........ ९७
तालिका ११.११ मुख्य पेशा र उमेर समूहअनुसार कालिमाटी गाउँपालिकाको जनसंख्या ........ ९८
तालिका ११.१२ औद्योगिक वर्गीकरणअनुसार दस वा सो भन्दा माथिको आर्थिकरुपले सक्रिय जनसंख्या ........ ९८
तालिका ११.१३ औद्योगिक वर्गीकरण र लिङ्गअनुसार दस वा सो भन्दा माथिको कालिमाटी गाउँपालिकाको आर्थिकरुपले सक्रिय जनसंख्या ........ ९९
तालिका ११.१४ दस वा दस वर्षमाथिको आर्थिकरुपले सक्रिय जनसंख्याको रोजगारको संस्थागत क्षेत्र ........ १००
तालिका ११.१५ आर्थिकरुपले निष्क्रिय हुनुको कारणअनुसार जनसंख्या ........ १००
तालिका ११.१६ कालिमाटी गाउँपालिकाको दश वर्ष वा सो भन्दा माथिको जनसंख्याको आर्थिक कामको क्षेत्र र पेशा अनुसारको जनसंख्या ........ १०१
तालिका ११.१७ कृषि बाहेकका साना घरेलु व्यवसाय संचालन गर्ने परिवार ........ १०२
तालिका ११.१८ जनगणनामा आधारित सम्पन्नताको पञ्चमक वर्गिकरणअनुसारको जनसंख्या ........ १०२
तालिका ११.१९ सम्पन्नताको पञ्चमक वर्गिकरणअनुसार परिवार ........ १०३
तालिका ११.२० प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वेरोजगारको सूचिमा सुचिकृत ब्यक्तिको संख्या ........ १०३
तालिका १२.१ कृषक परिवार संख्या, क्षेत्रफल, कित्ता संख्या, औसत कित्ता संख्या तथा सिंचित क्षेत्रफल ........ १०४
तालिका १२.२ कृषि चलनले चलन गरेको जग्गाको उपभोग ........ १०४
तालिका १२.३ कृषि चलनले चलन गरेको जग्गाको उपयोग ........ १०५

तालिका १२.४ पाल्तु चौपाया तथा पन्छी पाल्ने कृषक परिवार ........ १०७
तालिका १२.५ पाल्तु चौपाया तथा पन्छीको संख्या ........ १०७
तालिका १२.६ मुख्य अस्थायी बाली लागेका जग्गाको क्षेत्रफल तथा कृषक परिवार संख्या ........ १०८
तालिका १२.७ धान बालीमा कृषि सामग्री (बीउविजन, विषादी, मल) प्रयोग गर्ने कृषक परिवार संख्या ........ १०८
तालिका १२.८ मकै बालीमा कृषि सामग्री (बीउविजन, विषादी, मल) प्रयोग गर्ने कृषक परिवार संख्या ........ १०९
तालिका १२.९ गहुँ बालीमा कृषि सामग्री (बीउविजन, विषादी, मल) प्रयोग गर्ने कृषक परिवार संख्या ........ १०९
तालिका १२.१० कृषि ऋण, थप ऋणको आवश्यकता, बिमा तथा अनुदान प्राप्त गर्ने कृषक परिवार संख्या ........ ११०
तालिका १२.११ कृषि चलनको प्रमुख उत्पादन/क्रियाकलापअनुसार कृषक परिवार संख्या ........ ११०
तालिका १२.१२ कृषि चलनबाट भएको प्रमुख उत्पादनको मुख्य प्रयोगअनुसार कृषक परिवार संख्या ........ १११
तालिका १२.१३ कृषक परिवारको आम्दानीको मुख्य स्रोत र खाद्य प्रयाप्तता ........ १११
तालिका १२.१४ कृषि/पशुसेवा केन्द्रहरुको विवरण ........ ११२
तालिका १३.१ उपलब्ध यातायात सुविधानुसार वडा संख्या ........ ११५
तालिका १३.२ वर्षैभरि संचालनमा रहने कालोपत्रे सडकको लम्वाईअनुसार वडा संख्या ........ ११५
तालिका १३.३ कालिमीटी गाउपालिका अन्तर्गत पर्ने सडकसन्वन्धी विवरण ........ ११६
तालिका १३.४ यातायात सेवा सन्वन्धी विवरण ........ ११७
तालिका १३.५ कालिमाटी गाउँपालिकामा रहेका पुलहरुको विवरण ........ ११८
तालिका १३.६ सिँचाई कुलोसम्वन्धी विवरण ........ ११८
तालिका १३.७ कालिमाटी गाउँपालिकाले प्रयोगमा ल्याएका सूचना प्रविधि/सफ्टवेरको विवरण ........ १२०
तालिका १३.८ इन्टरनेट सेवा प्रदायकहरुको विवरण ........ १२१
तालिका १३.९ सरकारी कार्यालयका भवन (क्षमता, किसिम, आयू) ........ १२१
तालिका १४.१ कालिमाटी गाउँपालिकामा रहेका बैंक तथा वित्तीय संस्थाहरु ........ १२३
तालिका १४.२ कालिमाटी गाउँपालिकामा दर्ता भएका ब्यापार ब्यवसायहरुको विवरण ........ १२३
तालिका १४.३ कालिमाटी गाउँपालिकामा रहेका सहकारी संस्थाहरुसम्वन्धी विवरण ........ १२४
तालिका १४.४ कालिमाटी गाउँपालिकामा रहेका प्रमुख ब्यापारिक केन्द्र तथा बजार ........ १२४
तालिका १५.१ सामाजिक पूर्वाधारको सेवा सुविधा ........ १२५
तालिका १५.२ वडाभित्र रहेका समाज कल्यानसँग सम्वन्धित सेवा सुविधाअनुसार वडाको संख्या ........ १२६
तालिका १५.३ कालिमाटी गाउँपालिकाको विगत तीन वर्षको आय ब्ययको विवरण ........ १२६
तालिका १५.४ कालिमाटी गाउँपालिकाको विगत ६ आर्थिक वर्षको बेरुजुको अवस्था ........ १२७
तालिका १५.५ कालिमाटी गाउँपालिकाको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) ........ १२७
तालिका १५.६ कालिमाटी गाउँपालिकाको वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) ........ १२८
तालिका १५.७ कालिमाटी गाउँपालिकाले स्थापना देखि आ व २०८०/८१ सम्ममा तयार गरेर जारी गरेका कानून नीति तथा मापदण्ड तथा कार्यविधिहरु ........ १२८
तालिका १५.८ न्यायिक समितिमा दर्ता तथा फछ्र्यौट भएका मूद्दा तथा विवादसम्वन्धी विवरण ........ १३०
तालिका १५.९ मुद्धा विवादको प्रकृतिअनुसारको संख्या ........ १३०
तालिका १५.१० ब्यक्तिगत घटना दर्तासम्वन्धी विवरण ........ १३१
तालिका १५.११ गाउँसभा/ कार्यपालिकाको बैठक तथा सार्वजनिक सुनुवाइ सम्वन्धी विवरण ........ १३१
तालिका १६.१ स्थानीय तह निर्वाचन २०७९ को कालिमाटी गाउँपालिकाको नतिजा ........ १३२

तालिका १६.२ स्थानीय तह निर्वाचन २०७४ मा निर्वाचित जन प्रतिनिधिहरुको विवरण ........................................ १३६
तालिका १६.३ प्राकृतिक विपद् तथा प्रकोपको खतरा तथा भू-धरातलीय जोखिमको प्रकारअनुसार वडा संख्या ........... १३७
तालिका १६.४ वि .सं. २०७० साउन १ देखि २०८१ चैत्र ७ गते सम्मको कालिमाटी गाँउपालिकामा घटेका विपद्सम्वन्धी विवरण ........................................ १३७

# चित्रहरु

चित्र १.१ उचाइअनुसार कालिमाटी गाउँपालिकाको भौगोलिक अवस्थिति ........................................ ४
चित्र १.२ कालिमाटी गाउँपालिकाको भू-उपयोगको अवस्था ........................................ ५
चित्र २.१ कालिमाटी गाउँपालिकाको जनसंख्या वितरण ........................................ १२
चित्र २.२ कालिमाटी गाउँपालिकाको दुई जनगणना विचको तुलनात्मक जनसंख्या ........................................ १३
चित्र २.३ कालिमाटी गाउँपालिकाको जनघनत्व ........................................ १५
चित्र २.४ कालिमाटी गाउँपालिकाको जनसंख्या वृद्धिदर ........................................ १५
चित्र २.५ कालिमाटी गाउँपालिकाको जनसंख्या प्रवृत्ति ........................................ १६
चित्र २.६ कालिमाटी गाउँपालिकाको जनसंख्या पिरामिड ........................................ २१
चित्र ४.१ अपाङ्गताको किसिमअनुसार कालिमाटी गाउँपालिकाको जनसंख्या ........................................ ३४
चित्र ५.१ लिङ्गअनुसार विवाहको मध्यक उमेर ........................................ ४०
चित्र ५.२ उमेर समूह अनुसार दश वर्ष वा सो भन्दा माथिको बिवाहित जनसंख्या ........................................ ४१
चित्र ५.३ पहिलो विवाह गर्दाको उमेरअनुसार कालिमाटी गाउँपालिकाको जनसंख्या ........................................ ४२
चित्र ६.१ विदेश गएका ब्यक्तिको उमेर समूहअनुसारको जनसंख्या ........................................ ५३
चित्र ७.१ बत्ती वाल्न अक्सर प्रयोग गरिने इन्धनको स्रोतअनुसार परिवार संख्या (%) ........................................ ५८
चित्र ७.२ परिवारले प्रयोग गर्ने शौचालयको प्रकारअनुसार परिवार प्रतिशत ........................................ ५९
चित्र ७.३ बैङ्क, वित्तीय संस्था तथा सहकारीवाट ऋण लिएका परिवार प्रतिशत ........................................ ६३
चित्र ९.१ प्रमुख रोग तथा विमारहरु (*TopTen disease and Morbidity*) ........................................ ७३
चित्र ९.२ विगत १२ महिनामा मृत्यू भएका मृतकको उमेरअनुसार कालिमाटी गाउँपालिकाको मृतकको संख्या ............ ७५
चित्र १०.१ पाँच वर्ष वा सोभन्दा माथिको कालिमाटी गाउँपालिकाको साक्षरता दर ........................................ ७८
चित्र १०.२ पाँच वर्ष वा सोभन्दा माथिको साक्षरता दर ........................................ ७८
चित्र १०.३ जातजातिअनुसार कालिमाटीको साक्षरता दर ........................................ ८३
चित्र १०.४ उमेर समूहअनुसार कालिमाटी गाउँपालिकाको साक्षरतादर ........................................ ८३
चित्र ११.१ दश वर्ष वा सोभन्दा माथिको जनसंख्याको आर्थिकरुपले सक्रिय जनसंख्या प्रतिशत ........................................ ९२
चित्र ११.२ कालिमाटी गाउँपालिकामा आर्थिक काममा संलग्न भएको महिनाअनुसार दश वर्ष वा सो भन्दा माथिको जनसंख्या ........................................ ९३
चित्र १२.१ कृषि चलनले प्रयोग गरेको जग्गाको भू-उपभोगअनुसार कृषक परिवार (%) ........................................ १०५
चित्र १२.२ कलिमाटी गाउँपालिकामा कृषि चलनमा रहेको कुल जग्गामध्ये भू-उपयोगअनुसार जग्गाको क्षेत्रफल (%). १०६

# खण्ड-१ कालिमाटी गाउँपालिकाको परिचय

## १.१ कालिमाटी गाउँपालिकाको संक्षिप्त परिचय

कालिमाटी गाउँपालिका कर्णाली प्रदेशअन्तर्गत पर्ने सल्यान जिल्लाको दक्षिण-पश्चिम भागमा पर्दछ। कालिमाटी गाउँपालिका नेपालको मान चित्रमा ८१° ४४' ३६" पूर्वदेखि ८२° ९' २" पूर्वी देशान्तरसम्म र २८° १२' ४" उत्तरदेखि २८° २३' ३२" उत्तरी अक्षांशसम्म फैलिएर रहेको छ। यस गाउँपालिकाको कुल क्षेत्रफल ४४३.९ वर्ग किलोमिटर रहेको छ। यस गाउँपालिकाको उत्तरमा सल्यान जिल्लाका बनगाड कुपिण्डे नगरपालिका र सारदा नगरपालिका र सुर्खेतको गुर्भाकोट गाउँपालिका रहेका छन् भने पश्चिम दिशातर्फ सुर्खेत जिल्लाका भेरीगङ्गा नगरपालिका र बर्दियाको बाँसगढी नगरपालिका रहेका छन्। त्यसै गरी यस गाउँपालिकाको दक्षिणी भाग बाँके जिल्लाको राप्ति सोनारी गाउँपालिका र कोहलपुर नगरपालिका, पूर्वतर्फ दाङको बबई गाउँपालिका र सल्यान जिल्लाको त्रिवेणी गाउँपालिकाले घेरिएको छ। यो गाउँपालिका समुद्र सतहदेखि करिव ३३४ मिटर देखि २४०५ मिटरको उचाईसम्म फैलिएको छ। यस गाउँपालिकाको सबैभन्दा अग्लो भाग वडा नं २ मा पर्ने निगालचुला (२४०५ मिटर) हो भने सबैभन्दा होचो भाग वडा नं ७ बबई नदी किनार स्थित सल्यानथरी, काप्रेचौर (३३४ मिटर) हो जुन सल्यान जिल्लाको समेत सबैभन्दा होचो भाग हो। गाउँपालिका नगरपालिका विशेष स्वायत्त संरचित क्षेत्र निर्धारण आयोगको सिफारिस अनुसार नेपाल सरकारले मिति २०७३/११/२७ गते राजपत्रमा प्रकाशित सूचनाअनुसार स्थानीय तह पुनःसंरचना हुँदा साविकका चार वटा गाउँ विकास समितिहरु कालिमाटी रामपुर, कालिमाटी काल्चे, काप्रेचौर र लक्ष्मीपुर समावेश भई ७ वटा वडा कायम हुनेगरी कालिमाटी गाउँपालिका घोषणा गरिएको हो। यस गाउँपालिकाको प्रशासनिक केन्द्र वडा नं ३ रामपुरमा रहेको छ। जुन समुन्द्र सतहदेखि करिव ७०० मिटरको उँचाइमा रहेको छ। क्षेत्रफलको हिसावले सल्यान जिल्लाका दश वटा स्थानीय तहहरु मध्ये कालिमाटी गाउँपालिका सबैभन्दा ठूलो स्थानीय तह हो र यसले सल्यान जिल्लाको करिव एक चौथाइ (२३.६%) भूभाग ओगटेको छ। यस गाउँपालिकाको नामाकरण यसै गाउँपालिकाअन्तर्गत पर्ने प्रशिद्ध कालिमाटी गंगामाला भगवतिको नामवाट रहन गएको हो।

## १.२ भौगोलिक अवस्थिति

सल्यान जिल्लामा अवस्थित कालिमाटी गाउँपालिका तराइको जिल्ला बाँके र भित्री मधेसका दुई जिल्ला दाङ तथा सुर्खेतसँग जोडिएको पहाडी गाउँपालिका हो। कालिमाटी गाउँपालिकाको केन्द्र रामपुरदेखि जिल्ला सदरमुकाम खलङ्गा सल्यान सम्मको सडक मार्ग दुरी ३७ किलोमिटर (कच्ची वाटो) र कर्णाली प्रदेशको राजधानी विरेन्द्रनगर सुर्खेत सम्मको सडक मार्ग दुरी ७७ किलोमिटरको रहेको छ। यसको क्षेत्रफल र सिमानामा केही अस्पष्टता रहेको देखिन्छ। राज्य पुनर्संरचना आयोगले गरेको नक्शाङ्कनअनुसार कालिमाटी गाउँपालिकाको क्षेत्रफल ५०२.७२ वर्ग किलोमिटर रहेको कुरा उल्लेख गरिएको छ। जसअनुसार यस पालिकाको वडा नं २ को दक्षीणी भागमा रहेको 'कल्लेरी' भनिने ठाउँ पनि समावेश गरिएको छ। तर नापि विभागको पछिल्लो प्रकाशित आधिकारिक नक्शाअनुसार कालिमाटी गाउँपालिकाको वडा नं २ को केही भु-भाग (करिव ५६.३ वर्ग किलोमिटर भाग) दाङ

जिल्लाको बबई गाउँपालिकाको वडा नं १ मा समावेश गरिएको र त्यहाँका वासिन्दाले राज्यवाट प्रदान गरिने सेवा सुविधा पनि दाङ जिल्लावाटै लिने गरेका छन्। यसले गर्दा समग्र सल्यान जिल्लाको साविकको सिमाना तथा क्षेत्रफल पनि प्रभावित भएको छ। कालमाटी गाउँपालिकाले आफ्नो पुरानो नक्शा अनुसारको सिमाना कायम गर्न प्रयास गरिरहेको छ। यहाँ नापी विभागको पछिल्लो नक्शा अनुसारका भौगोलिक विवरणहरु निम्न तालिकामा प्रस्तुत गरिएको छ।

*तालिका १.१ कालिमाटी गाउँपालिकाको भौगोलिक अवस्थिति*

| क सं | विवरण | | मान |
|---|---|---|---|
| १ | देशान्तर | | ८१० ४४' ३६" देखि ८२० ९' २" सम्म |
| २ | अक्षांश | | २८० १२' ४" देखि २८० २३' ३२" सम्म |
| ३ | सिमाना | पूर्व | सल्यान जिल्लाको त्रिवेणी गा.पा. र दाङ जिल्ला |
| | | पश्चिम | बर्दिया जिल्ला |
| | | उत्तर | बनगाड कुपिण्डे न.पा., सारदा न.पा. र सुर्खेत जिल्ला |
| | | दक्षिण | बाँके जिल्ला |
| ४ | क्षेत्रफल | | ४४४.३ व.कि.मि |
| ५ | अधिकतम लम्वाई | | ३९.९७ कि.मी. |
| ६ | अधिकतम चौडाई | | १५.५२ कि.मी. |
| ७ | न्यूनतम उचाइ | | ३३४ मि. सल्यानथरी, काप्रेचौर |
| ८ | अधिकतम उचाई | | २४०५ मि. निगालचुला |
| ९ | पालिका केन्द्र | | वडा नं ३, कालिमाटी रामपुर |
| १० | पालिका केन्द्र रहेको ठाउँको उचाइ | | ६९५ मीटर |
| ११ | पालिका केन्द्रदेखि प्रदेश राजधानी सम्मको सडक मार्ग दुरी | | ७७ कि. मि. |
| १२ | पालिका केन्द्रदेखि जिल्ला सदरमुकाम सम्मको सडक मार्ग दुरी | | ३७ कि.मि. |
| १३ | पालिका केन्द्रदेखि संघीय राजधानी सम्मको सडक मार्ग दुरी | | ४७८ कि. मि. |

*स्रोतः नक्शा नापि विभाग (WGS 1984 ), तथ्याङ्क समन्वय कार्यालय सुर्खेत*

## १.३ वडाहरुको आधारभूत विवरण

प्रशासनिक हिसावले कालिमाटी गाउँपालिकालाई सातवटा वडाहरुमा विभाजन गरिएको छ। सल्यान जिल्लामा प्रतिनिधी सभाको निर्वाचन क्षेत्र एउटा र प्रदेश सभाका निर्वाचन क्षेत्र २ वटा रहेको छन्। कालिमाटी गाउँपालिका प्रदेश सभाको निर्वाचन क्षेत्र नं २ मा पर्दछ। कालिमाटी गाउँपालिकाको वडा नं १ मा साविकका लक्ष्मीपुर गा.वि. स.का सवै वडाहरु समावेश गरिएका छन्। वडा नं २ मा साविकका रामपुर गा.वि.स.का १, ३, ५, ६, ८ वाँकि वडा गाभेर वडा वडा नं ३ वनाइएको छ। त्यसै गरी कालिमाटी काल्चेका वडाहरु गाभेर वडा नं ४ र ५वनाइएको छ। साविकको काप्रेचौर गा.वि.स.का १ देखि ४ सम्मका वडाहरु समावेश गरी कालिमाटी गाउँ पालिकाको वडा नं ६ वनाइएको छ भने सोही गा वि सका बाँकि वडा समावेस गरी कालिमाटी गाउँपालिकाको वडा नं ७ वनेको छ।

*तालिका १.२ वडाहरुको आधारभूत विवरण*

| वडा नं | पालिका केन्द्रदेखि वडा कार्यालसम्मको दुरी र बाटोको किसिम | वडा केन्द्र | कालिमाटी गाउँपालिकामा समावेश गरिएका साविकका | | क्षेत्रफल (व.कि.मि) |
|---|---|---|---|---|---|
| | | | गाउँ विकास समिति | वडा नं | |
| १ | २० | लक्ष्मीपुर पोखरा | लक्ष्मीपुर | १-९ | ४९.३ |
| २ | २५ | सेतिखोला | रामपुर | १, ३, ५, ६, ८ | १०१.२ |
| ३ | १ | ढोरेनी | रामपुर | २, ४, ७, ९ | २६.२ |
| ४ | १० | घुरचौर | काल्चे | ६-९ | ३१.८ |
| ५ | २० | वालुवा | काल्चे | १-५ | ११५.९ |
| ६ | ३० | छरछरे | काप्रेचौर | १-४ | ६३.३ |
| ७ | ५० | न्याङ | काप्रेचौर | ५-९ | ५६.६ |

*स्रोतः नक्शा-नापि विभाग (WGS 1984 ), तथ्याङ्क समन्वय कार्यायिल सुर्खेत*

कालिमाटी गाउँपालिकामा ७ वटा वडा र करिव १५१ वटा गाउँटोल रहेका छन्। क्षेत्रफलको हिसावले वडा नं ५ सवैभन्दा ठूलो वडा हो भने वडा नं ४ सवैभन्दा सानो वडा हो। मुख्य बस्तीहरु देहायअनुसार रहेका छन्।

*तालिका १.३ वडा अनुसार कालिमाटी गाउँपालिका अन्तर्गतका बस्तीको विवरण*

| वडा | बस्तीका नाम |
|---|---|
| १ | लक्ष्मिपुर, कोट, बयाले, ढुङ्गेकटेरी, पोखरा, सातरखोला, माघे, धुम्का, सिरखोला, टोट्के, चोथ्रे, दलपुरे |
| २ | निगाले, तार्के, डुलाखोला, कटविर, वराढुङ्गा, सल्लिकोट, दहखोला, चिसातरा, तोरिबारी, गोठेरी, जेलेनी, नयाँबस्ति, टाट्के, भित्रकैने, कुण्ढिक, अर्मैसोति, दारेढुङ्गा, सेतिखोला, कालाखोला, पाखापानी, भुवनटाकुरा, पैयाँकाटा, वारामपुर, कोछट्टे, खैरीखोला, लिङ्गा, गरराने, झिडाने, हल्दे, टाकुरा, किचेन खोला, भिरखुना, टोट्के |
| ३ | गोगनपानी, फारुला, माथिल्लो लेख ढोरेनी, जुकेना, ध्वालकाडाँ, सुकिदह, रोक्चा, किमिरे, ड्यालडाडा, साठिघरे, रामपुर, वल्ले, चौडी, माघे, सिमलचोक, अमैचौर, बराचौर, ढोरेनी, मजाउ, अग्रले, राजिगाउँ, पुतलीवजार, मर्चेवारी, लामिडाँडा, राक्से, किचेन, भित्रीखोला |
| ४ | नयाँवन, सातलाकुरा, तोरिवारी, डिमिरे, छापडँडा, माथिल्लो, खैरेनी, तल्लो खैरेनी, खारखोली, पिपलनेटा, पिप्ले, घुरचौर, टटली, असूरेनी, डाँडागाउँ, माथिल्लोथाम, तल्लोथाम, वतासे, पुरुवाखेत, सुनचौर, लोसे, ज्यामिरे, घानखोरिया, |
| ५ | काल्चेडँडा, लेखगाउँ, कोछेनी, बालुवा, जुमखोला, मदुवन, दमदुवाली, हात्तिदमार, मनिकापुर,काफलनेटी |
| ६ | काफलनेटी, जलजला, बेसारवारी, सिरेनी, काप्रेचौर, गुरुङगाउँ, ओखलढुङ्गा, लेखछरछरे, छरछरे, ज्यामिरे, हात्तिढुङ्गा |
| ७ | सल्यानथरी, स्वामिवास, कुसुमतरा, गरगरे, हाउखोला, यडी, अम्वास, घुँइयावारी, तल्लोवाटुले, माथिल्लो वाटुले |

*स्रोतः पोषणको स्थिति तथा वस्तुगत विवरण २०८१/८२, कालिमाटी गाउँकार्यपालिकाको कार्यालय*

## १.४ भू-आकृति तथा भू-उपयोग

कालिमाटी गाउँपालिकाको भु-भागमा नदी, खोला, चउर, आवादी बस्तीका साथसाथै खेतीयोग्य उर्वर जमिन पनि रहेको छ। यहाँको भु-भाग केही समथर वेशी र फाँटका अलावा पहाडी सामान्य ढालयुक्त भिरालो जमिन, कडा चट्टान र भावर क्षेत्रमा विभाजित भएको छ। कालिमाटी गाउँपालिकालाई भौगोलिक स्वरुपअनुसार तीन भागमा विभाजन गर्न सकिन्छ।

*चित्र १.१ उचाइअनुसार कालिमाटी गाउँपालिकाको भौगोलिक अवस्थिति*




*स्रोतः नक्शा-नापि विभाग (WGS 1984 UTM Zone ), तथ्याङ्क समन्वय कार्यालय सुर्खेत*

क) नदीले वनाएको भूभाग र वेसीः ३३४ मिटर देखि १००० मिटरसम्मको उचाइसम्म रहेको तथा सारदा र बबई नदीले वनाएका फाँटहरु र केही ठूला खोलाहरुले बनाएका भूभागहरु यस क्षेत्र अन्तर्गत पर्दछन्। त्यस्तै पहाडको फेदीमा रहेका भू-भाग, वेशीहरु पनि यहाँ पर्दछन्। प्रायः सारदा नदी किनारमा अवस्थित रामपुर लगायतका क्षेत्र यस भू-भागका महत्वपूर्ण क्षेत्र हुन्। यहाँ प्रयाप्त मात्रामा वालीको उत्पादन हुने गर्छ। सिँचाई सुविधा र भौगोलिक धरातलका कारण यहाँ प्रायः धान, गहुँ, तरकारी वाली लगायतका

अन्य वालीको खेति गरिन्छ। यो क्षेत्र जिल्लाकै अन्न भण्डारको रुपमा रहेको छ। रामपुर ज्यूला सारदा नदीले सिँचित गर्ने फाँटहरुमध्ये सबैभन्दा ठूलो फाँट हो।

ख) शिवालिक क्षेत्रः यस पालिकाको अधिकांश भू-भाग शिवालिक क्षेत्रमा पर्दछ। यहाँको भूभाग पत्रे चट्टान, माटो ढुङ्गाको समिश्रणवाट वनेको छ। यस भूभागमा वनजङ्गलको मात्रा अत्यधिक छ। धेरै मावव बस्ती पनि यसै क्षेत्रमा रहेको छ। समुन्द्री सतहदेखि १००० देखि १५०० मिटर सम्मका मोडदार पहाडहरु यस क्षेत्र अन्तर्गत पर्दछन्।

ग) उच्च पहाडी भागः समून्द्र सतहदेखि १५०० मिटर देखि २४०० मिटरसम्म उचाईसम्म फैलिएको छ। कडा चट्टान कठिन धरातलीय स्वरुप भएका कारण यहाँ मानव बस्ती कम रहेको छ। यो क्षेत्र उच्च पहाडी शृङ्खलाहरु र झाडी वुट्टयानले ढाकेको छ।

भू-उपयोगका हिसावले कालिमाटी गाउँपालिकाको अधिकतम् भूभाग (७३.१९%) वनजङ्गलले ढाकेको छ। त्यसैगरी चउरचरण, घाँस, कान्ला र झाडीले करिव एक चौथाइ भाग ढाकेको छ। कालिमाटी गाउँपालिकामा बालीले ढाकेको भाग र पानीको भाग क्रमशः (१.१५%) र (०.८२%) भाग रहेको छ। बाँकी भू-भाग चरण क्षेत्र, वाँझो, बगर, मानव बस्ती, चट्टान र पहर रहेको पाइन्छ।

*चित्र १.२ कालिमाटी गाउँपालिकाको भू-उपयोगको अवस्था*



*तालिका १.४ कालिमाटी गाउँपालिकाको भू-उपयोग*

| सि नं | विवरण | क्षेत्रफल (व.कि.मी.) | प्रतिशत |
|---|---|---|---|
| १ | रुख, वन जंगल (Trees) | ३२४.९५ | ७३.१९ |
| २ | चौर/चरन/झाडी (Range Land) | १०६.५० | २३.९९ |
| ३ | बालिले ढाकेको (Crops) | ५.१३ | १.१५ |
| ४ | पानी (Water) | ३.६२ | ०.८२ |
| ५ | वाँझो/ पर्ती/ वगर (Bare Ground) | २.८४ | ०.६४ |
| ६ | भवन लगायत अन्य मानव निर्मित संरचना (Built Area) | ०.९४ | ०.२१ |

*स्रोतः तथ्याङ्क सम्वन्य कार्यालय (नक्शा नापी विभाग, WGS ८४ GCS System )*

## १.५ प्रमुख प्राकृतिक सम्पदाहरू

कालिमाटी गाउँपालिकाको उच्च भूभागहरु वनले ढाकिएका छन्। तल्लो भेगमा पाखा, टार, बेशी र खेतीयोग्य जमिन रहेको छ। यस पालिकाको मध्यभागवाट वग्ने सारदा नदी तथा दाङवाट उत्पत्ति भएर वग्ने बबई नदी हुन्। डिमुरे खोला, सेतीखोला आदि नदी नाला यहाँ वग्दछन्। यस पालिकामा रहेका प्रमुख सम्पदाहरु निम्नानुसार रहेका छन्।

क) बनः कालिमाटी गाउँपालिकाको मुख्य सम्पदाको रुपमा बनलाई लिन सकिन्छ। यस गाउँपालिकको कुल क्षेत्रफलको करिव तिन चौथाइ (७३%) भूभाग बन जङ्गलले ओगटेको छ। यहाँ साल सल्लो लगायतका विभिन्न प्रजातिका वनस्पतिमा पाइन्छन्।

ख) जमिन/कृषिः यहाँ वढी मात्रामा बलौटे कडा चट्टान पाइन्छ। जहाँ उब्जाउको सम्भावना केही कमी देखिन्छ। तथापि फलफुल खेति, पशुपालन एवम् माहुरीपालनको राम्रो सम्भावना छ। नदी तथा खोला किनारमा अवस्थित बेशीहरुमा बलौटे पाङ्गो माटो पाइने भएकोले यहाँको जमिन खेतियोग्य र उर्वर छ। यी वेसी तथा फाँटमा अन्न उत्पादन तथा तरकारी वालीको राम्रो सम्भावना रहेको छ।

ग) खनिजः यहाँका नदी किनारामा बालुवा, गिट्टि, ढुङ्गा पाउन सकिन्छ। जिल्ला विकास समिति सल्यानको 'जिल्ला पार्श्वचित्र २०६४' मा कालिमाटी रामपुरमा कोइला पाइने कुरा उल्लेख गरिएको छ।

घ) जलसम्पदाः यस गाउँपालिकाको वडा नं २, ५ र ७ भएर वग्ने बबई नदी प्रमुख नदीको रुपमा रहेको छ। वडा नं १, २, ३, ४ र ५ भएर वग्ने अर्को मुख्य नदी सारदा हो। यस नदीले आसपासका क्षेत्रमा सिँचाइ सुविधा प्रदान गर्दै आएको छ। सारदा नदी सल्यान जिल्लाको वागचौर नगरपालिकाको लौरावाङबाट सुरु भएर यस गाउँपालिकाको वडा नं ५ मा पर्ने दमदुवाली भन्ने ठाउँमा बबई नदीसँग मिसिन्छ। सारदा नदीले सिँचाइ गर्ने सबैभन्दा ठुलो फाँट कालिमाटी गाउँपालिकामा पर्ने रामपुर ज्यूला हो। त्यसैगरी यहाँ डिमेरे खोला सेतिखोला लगायतका अन्य ससाना खोला नाला रहेका छन्।

## १.६ धार्मिक परम्परा तथा चाडपर्वहरु

कालिमाटी गाउँपालिकामा विभिन्न जाति धर्म र सम्प्रदायका मानिसहरुको बसोबास गर्छन्। यहाँका अधिकांश मानिसले हिन्दु धर्म मान्छन्। त्यस्तै मुस्लिम र क्रिश्चियन धर्म मान्ने मानिसहरु पनि छन्। यी सबै समुदायका आआफ्नै जाति धर्मअनुसार चालचलन संस्कृति र परम्परा मान्दै आएका छन्। जस अन्तर्गत हिन्दुहरुले बडादशैं तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्री पञ्चमी, श्री कृष्ण जन्माष्टमी, विवाह पञ्चमी, माघे संक्रान्ति, साउने संक्रान्ती, रक्षावन्धन, श्री स्वस्थानी पूर्णिमा, होलि पूर्णिमा, नयाँ वर्ष, चैते दशैं, आदि रहेका छन्। त्यस्तै गरी क्रिश्चियनहरुले ईद, वकरइद, मोहरम, इदुल फित्र, क्रिश्मस डे मनाउने गर्दछन्। अनी ओल्के, असारे, रनपुतला, भुतुवा, धुरिया, देवीजात, आइतवारी गौरा, गंगा, दशहरा, विसु तिहारे आदि पर्व पनि यहाँ मनाउने गरिन्छ।

जातिय तथा धार्मिक विविधतायुक्त कालिमाटी गाउँपालिकामा विजयसालको गिलास, टोटम, वादी कला, गौरा (मुर्तिकला), गाँज (पुत्ला देवीको प्रतिक पुत्ला) काष्ठकला तेलहाल्ने चाँडी, पाल्लो, कोशी, छाप्रो, ढकिया डोको नाम्लो, ढकिया, ढेरी लगायतका विभिन्न कला संस्कृति प्रचलनमा रहेका छन्। यहाँको कला संस्कृतिको अध्ययन र संरक्षणको अभावका कारण कतिपय कला संस्कृति परम्पराहरु लोपहुने अवस्थामा रहेका छन्।

## १.७ प्रमुख ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरु

क) **लक्ष्मीपुर शक्तिपिठः** सल्यान जिल्लाको सदरमुकाम खलङ्गादेखि ८ कोष दक्षिण-पश्चिममा कालिमाटी गाउँपालिकाको वडा नं.१ मा रहेको लक्ष्मीपुरकोटमा प्रशिद्ध कमलाक्षी देवी भगवतीको मन्दिर छ। उक्त कोट अग्लो ठाउँमा रहेको र सो स्थानवाट सल्यान, रुकुम र रोल्पाका पर्वत शृङ्खलाहरु देख्न सकिन्छ। चैत्र वैशाख महिनामा लालीगुँरासको फूलले ढपक्क सिंगारिने र जडिवुटीले भरिपूर्ण भइरहने कोट वरिपरिको वन ऋषिमुनिहरुको अकिञ्चन तपोवन झैं दिखिन्छ। कोटमा प्रत्येक वर्षको विजया दशमीभर धुमधामले पुजाआजा गरी बली समेत चढाइन्छ। फुलपातीका दिन अत्रिगोत्री भण्डारीका सन्तानहरुवाट गुसाखोलादेखि फूलपाती ल्याई मौलाघरमा भित्र्याइन्छ। यस मन्दिरको प्राङ्गनमा बाजा वजाउने ढुङ्गाको दमाहा र गाईको खुरले टेकेको पाइला भएको पत्थर देख्न सकिन्छ। नवदुर्गाको अष्टमीको दिन यहाँ ठूलो मेला लाग्ने गर्दछ। निगालचुलाको हले ओढारवाट आई प्रत्येक वर्ष जात्रावाट एउटा मान्छे गायव गर्ने ब्रम्हापुरेको रोचक किंवदन्ती यस मन्दिरको मेलासँग गाँसिएको छ। 'जति भुरे राजा उति कोट' भन्ने भनाइलाई चरितार्थ गर्दै वि.सं. ६१० मा जुम्ली राजाका सन्तान भिम मल्लले उक्त मन्दिरको स्थापना गरी विधि विधान बाँधेका थिए। यस मन्दिरको दक्षिण पूर्व दिशाको तलपट्टि देउराली वनमा त्रिकुटेश्वर शिवलिङ्ग रहेको र सतिदेवीको वायाँ करङ्ग पतन भएको जनविश्वास छ। यहाँ कुनै वेला साक्षात् शिव भगवान आएर तपस्या गरेको र पछि सोही स्थानमा शिवलिङ्गको वरिपरि अष्ट भैरवहरुले तपस्या गरेको भनिएका अन्य ओढारहरु रहेका छन्। पद्मकल्पको चौथो सत्ययुगदेखि कोटकी कमलीदेवी भगवतीको पूजा शुरु भएको र सोही समयदेखि त्रिकुटेश्वर महादेको समेत पूजाआजा शुरु गरिएको विश्वास छ। अर्को एक किंवदन्तीअनुसार धम्कने निवासी स्वाङो बरहीले त्यही गुफाको तलतिर रहेको आफ्नो वारी जोत्न हलगोरु

लिएर जाँदै गरेको वेला सन्यासी रुप धारण गरेका साक्षात शिवजीजीवाट खीर खाएर जान अनुरोध गर्दा नमानी गएको र सो प्रसंग घरमा नभन्न भनेकोमा मनमा कुरा राख्न नसकी स्वास्नीलाई सुनाएको तथा सोही कारण उसको वंश नाश भएको प्रसंग पनि छ। त्यहाँ शिवजी अदृश्य भएपछिको शिवलिङ्ग उत्पत्ति स्थल, नौमति बाजाको श्रवणस्थल, शिवजीको तुम्बास्थल, सतिदेवीको वायाँ करङ पतन स्थल, तथा शिवजीको तपस्या स्थल समेतका दर्शणीय गुफाहरु देख्न सकिन्छ। रहस्यमय प्राकृतिक वरदान र धार्मिक महत्वका दृष्टिले महत्वपूर्ण यी प्राकृतिक सम्पदाहरुको संरक्षण गर्ने दुर्लभ शिवलिङ्ग सतिकरङ लगायतका अनुपम शिलाहरुको रक्षा गरी तिनलाई आन्तरिक तथा वाह्य पर्यटकीय गन्तब्यका रुपमा विकास गर्ने चुनौति कालिमाटीवासीका सामु उभिएको छ।

ख) **कालिमाटी बज्यू (देवी) गङ्गामाला भगवती मन्दिरः** जिल्ला सदरमुकाम खलङ्गाबाट करिब ३७ किलोमिटर दक्षिण पश्चिममा वडा नं ३ कालिमाटी रापमपुरमा बजुगंगामाला देवीको मन्दिर छ। दाङको तुलसीपुरबाट पश्चिम करिब ४० किलोमिटरको दूरीमा रहेको यस मन्दिरमा गंगामालाको चित्राङ्कित स्वयम् उपस्थित भएको पत्थरको शिला छ। यस मन्दिरमा गंगामाला देवी स्वयम्ले रोजेकी राजी गाउँका राजिबोटे पुजारी हुने प्रचलन छ। बजु गंगामालाका दुईवटा मन्दिरहरू मध्ये राजीगाउँको माथि रहेको पुरानो र मुख्य मन्दिरमा वर्षैभरि बली चढाइने र नियमित पूजाआजा गर्ने गरिन्छ भने राजी गाउँको अर्को मन्दिरमा प्रत्येक वर्षको मंसिर पूर्णिमाका दिन ठूलो मेला लाग्ने परम्परा रहिआएको छ। बजु गङ्गामालाको दर्शनार्थ सल्यान र सुर्खेतका साथै आसपासका जिल्लाहरूबाट समेत ठूलो सङ्ख्यामा श्रद्धालु भक्तजनहरू आउने गर्दछन्। यो मन्दिर निकै प्राचीन मानिन्छ। सल्यानी राजा सुल्तान बमले विक्रम सम्वत् १०५६ मा एक दानपत्र मार्फत २५० मुरी माटो मन्दिरका नाममा प्रदान गरी पूजाआजाको प्रबन्ध मिलाएका थिए। पछि केन्द्रमा राजा गिर्वाणयुद्ध विक्रम शाह र प्रधानमन्त्री वीर शमशेर तथा सल्यानमा रणभिम शाह राजा रहेका बेला उक्त गुठीको पुनः नवीकरण गरियो। १९९४ सालमा मोठ दर्ता हुँदा कुनै ब्यक्तिले उक्त गुठीको जग्गा आफ्नो नाममा गराई बेचबिखन समेत गरिसकेकोले त्यसपछि भक्तजनले देवीलाई चढाउने गरेको भेटी र बोका पाठीका टाउकोबाटै पुजारी र पूजाको व्यवस्था गर्न थालियो। यस मन्दिरको संरक्षण एवं सम्बर्धनका लागि अहिले एक समिति बनेको र सोही समिति मार्फत पूजाआजाको प्रबन्ध मिलाइनुका साथै राजी बोटे पुजारीको व्यवस्था र अन्य संरचनात्मक कार्यहरू अघि बढाइएको छ। बजु गंगामाला देवीको शिला उत्पत्ति र मन्दिर स्थापना सम्बन्धमा रोचक किम्मदन्ती रहेको पाइन्छ। त्यस अनुसार प्राचीन कालका श्रीधर शाह र झिम्पे कोरबाङ निवासी सेन ठकुरीकी छोरी मालिका देवीबीच विवाह भई दुईवटा छोराहरूको जन्म पछि अर्की एक छोरी जन्मिएकी थिइन्। ती कन्यालाई ज्योतिषले मूल नक्षत्रमा जन्मिएकी कारणले बाबुआमा दुवैलाई नोक्सानी र अकल्याण हुनेछ भनिदिए। त्यसपछि उनलाई काठको बाकसमा राखी बबई नदीमा घुमाइयो। त्यो बाकस एउटा ठूलो माछाले निल्यो र बबई र सारदा नदीको संगममा माछा मारिरहेका राजी वोटे र कुमालले त्यो माछा जालमा पारे। उक्त माछाको पेटमा जीवित कन्या समेत फेला पारे। कुमाल निःसन्तान भएकोले ती कन्यालाई साथमा लगेर पालनपोषण गरी

हुर्काए। यता ती कन्यालाई जन्म दिने मालिकाको अल्पायुमै मृत्यु भयो। केही वर्षपछि बाबु श्रीधर शाह अर्को विवाहको लागि कन्या खोज्दै त्यही राजी गाउँमा पुगे। उनले भर्खर १६ वर्ष पुगेकी सुन्दरी कन्या देखेर मोहित भई विवाहका लागि प्रस्ताव समेत राखे। जन्म दिने बाबु र छोरीका बीच विवाह हुने स्थिति आएपछि ती कन्या यस्तो पापकर्म हुनु अगावै विवाह मण्डपबाट अलप भइन्। उनले अलप हुनुअघि त्यस ठाउँको उचित सेवा गर्ने भनेकी थिइन्। केही समयपछि नै उक्त घटनाको सन्तापले कुमालको मृत्यु भयो भने बाबु श्रीधर शाह पनि काशीतिर लागे। त्यस ठाउँको सेवा गर्ने कोही भएन एक रात उनले बलुराजीलाई सपनामा भनिन्- "तिम्रो सामुन्नेमा एउटा शिला (पत्थर) उत्पन्न हुनेछ, त्यसको स्याहार सुसार गर्नु, म उही तिमीहरूले नदीमा फेला पारेकी छोरी बजु ठकुरानी गंगामाला हुँ। अब म त्यसै शीलामा प्रकट भएर बस्न चाहन्छु। मेरो पूजा अर्चना गर्नेहरूको कल्याण गर्नेछु"। अहिले पनि गंगामाला मन्दिरमा भाकल गरी बलि चढाउने र पूजाआजा गर्नेहरुलाई मनले चिताएको पुग्छ भन्ने जनविश्वास छ। जसका कारण परापूर्व कालदेखि चल्दै आएको देवी भगवती गङ्गामालाको पुजाआजा गर्ने परम्परा आजपर्यन्त चलिरहेको छ।

ग) **कछुवा दहः** यस गाउँपालिकाको पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने प्रशस्त सम्भावना वोकेको कछुवा दह एउटा महत्वपूर्ण सम्पदाको रुपमा रहेको छ। कालिमाटी गाउँपालिकाको वडा नं ३ मा रहेको यो दहको लम्बाइ २१५ मिटर र चौडाइ ५२ मीटर छ। धार्मिक स्थलको रुपमा रहेको यो दहमा ज्येष्ठ शुक्ल पूर्णिमा र कोजाग्रत पूर्णिमाका दिन भक्तजनहरुले पुजाआजा गर्नुका साथै फुलपाती समेत चढाउने गर्दछन्। यस दहको पानी कहिले रातो कहिले अत्यन्तै निर्मल कहिले अति पातपतिङ्गरयुक्त हुने हुँदा यहाँ धार्मिक शक्तिको बास भएको विश्वास गरिन्छ।

यसका अतिरिक्त कालिमाटी गाउँपालिकामा वडा नं ५ मा रहेको सिम्ले छहरा, वडा नं ४ मा अवस्थित तामे छहरा र वडा नं १ मा रहेको देउराली कोटी गुफा पर्यटकीय आकर्षणका रुपमा रहेका छन्। त्यसै गरी यस गाउँपालिकाको केन्द्र रहेको वडा नं ३ मा मनोरम वातावरण सहितको कछुवा दह पार्क पनि निर्माण गरिएको छ। यो पार्क कालिमाटी गंगामाला भगवती मन्दिर नजिक र कछुवा दहसँग जोडिएकोले यसलाई अझै हरियाली र फुलवारीसहितको उद्यान वनाउन सके पर्यटकीय गन्तब्यको रुपमा स्थापित हुन सक्ने सम्भावना देखिन्छ।

## १.८ हावापानी

कालिमाटी गाउँपालिका पहाडी स्थानीय तह हो। हावापानीको हिसावले यो गाउँपालिका मुख्यतः समशितोष्ण हावापानी भएको क्षेत्रमा पर्दछ। यो पालिका तराइको जिल्ला वाँके र भित्री मधेसमा पर्ने जिल्ला सुर्खेत र दाङसँग समेत जोडिएकोले यसले महाभारत पर्वतको विशेषता वोकेको छ। यहाँको तापक्रम हिउँदमा औसत ३° देखि २८° सेलसियस सम्म र गर्मीमा औसत १४° देखि ३४° सेलसियस सम्म रहन्छ। असार, साउन र भदौमा धरै वर्षा भएपनि हिउँदमा खासै वर्षा हुँदैन। यहाँको उचाइ तथा भु धरातलीय स्वरुपमा विविधता रहेकाले उचाई अनुसार हावापानीमा पनि विविधता रहेको छ। यहाँ पाइने हावापानीलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

क) उष्ण जलवायुः समुन्द्र सतहदेखि ३२६ मिटर देखि ५०० मिटर सम्मको उचाइमा उष्ण प्रकारको जलवायु पाइन्छ। नदी खोलाको किनाराका फाँटहरुमा उष्ण हावापानी पाइन्छ। यस प्रकारको हावापानी पाइने स्थानहरुमध्ये सल्यान जिल्लाकै बढी गर्मी हुने ठाउँ श्रीनगर, सल्लीवजार, देवस्थल जस्तै कालिमाटी रामपुर र काप्रेचौर पनि हुन।

ख) उष्ण जलवायुः समुन्द्र सतहदेखि ५०० मिटर देखि १२०० मिटर सम्मको उचाइ भएको भूभागमा यस प्रकारको हावापानी पाइन्छ। यो क्षेत्र उच्च पहाडी भूभाग एवम् हावापानीयुक्त रहेको छ।

ग) शितोष्ण जलवायुः समुन्द्र सतहदेखि १२०० मिटर देखि २१०० मिटर सम्मको उचाइ भएको भूभागमा यस प्रकारको ठण्डा हावापानी पाइन्छ।

# खण्ड-२ जनसांख्यिक विवरण

## २.१ जनसंख्या सम्वन्धी आधारभूत विवरण

कुनै देशको निर्धारित सीमानाभित्र निश्चित समयमा अक्सर बसोबास गरिरहेका ब्यक्ति तथा परिवारहरुको जनसांख्यिक, सामाजिक तथा आर्थिक विवरणहरु व्यवस्थितरूपमा संकलन गर्ने र तिनीहरुको प्रशोधन तथा विश्लेषणमार्फत सूचक तथा तथ्याङ्कहरु तयार गरी प्रकाशन गर्ने समग्र प्रक्रियालाई जनगणना भनिन्छ। नेपालको सन्दर्भमा राष्ट्रिय जनगणना २०७८ मा देशभित्र अक्सर बसोबास गर्ने हरेक ब्यक्ति तथा परिवार कोही नछुट्ने र कोही नदोहोरिने सिद्धान्त अवलम्वन गर्दै पारिवारिक तथा ब्यक्तिगत विवरणहरु संकलन गरिएको थियो। जनगणनावाट जनसंख्याको आकार, बनावट, वृद्धि र वितरणका विवरणहरु मात्र नभई देशको वास्तविक बिम्व प्रस्तुत गर्ने सामाजिक, आर्थिक तथा जनसांख्यिक सूचकहरु प्राप्त हुन्छन्। जनगणनाबाट देशभित्र अक्सर बसोबास गर्ने हरेक ब्यक्ति तथा परिवारहरुको पारिवारिक तथा ब्यक्तिगत विवरणहरु तल्लो प्रशासनिक एकाइसम्म प्राप्त हुने भएकाले यसबाट प्राप्त सूचक तथा तथ्याङ्कहरु देशको समग्र विकासका लागि अवलम्वन गरिने योजना, सार्वजनिक नीति निर्माण र निर्णय प्रक्रियामा प्रयोग गरिन्छन्।

*तालिका २.१ जनसंख्या सम्वन्धी आधारभूत विवरण*

| क्र.सं. | जनसाङ्ख्यिक तथा पारिवारिक विवरण | एकाई | जनगणना वर्ष | |
|---|---|---|---|---|
| | | | २०६८ | २०७८ |
| १ | जम्मा परिवार संख्या (संस्थागत बाहेक) | संख्या | ४३४३ | ४९७२ |
| २ | जम्मा जनसंख्या | संख्या | २३००५ | २२२०६ |
| ३ | जम्मा पुरुष जनसंख्या | संख्या | ११३०० | १०९४१ |
| ४ | जम्मा महिला जनसंख्या | संख्या | ११७०५ | ११२६५ |
| ५ | लैङ्गिक अनुपात (प्रतिसय महिलामा पुरुषको संख्या) | प्रतिशत | ९६.५ | ९७.१ |
| ८ | अनुपस्थित परिवार (कम्तिमा एकजना सदस्य विदेश गएको) | संख्या | ८६९ | १,१०२ |
| ९ | अनुपस्थित जनसंख्या (विदेश) | संख्या | १,२०१ | १,४५८ |
| १० | कुनै न कुनै प्रकारको अपाङ्गता भएको जनसंख्या | संख्या | - | ६९५ |
| ११ | वार्षिक जनसंख्या वृद्धिदर | प्रतिशत | - | -०.३४ |
| १२ | जनघनत्व (प्रति वर्ग कि.मि. क्षेत्रफलमा जनसंख्या) | प्रति व.कि.मी | ४६ | ४४ |
| १३ | परिवारको औसत आकार | जना | ५.३ | ४.५ |
| १४ | कुल आश्रित अनुपात (१५-६४ वर्षको प्रतिसय जनसंख्यामा) | प्रतिशत | ७९.१ | ५७.० |
| १५ | बाल आश्रित अनुपात | प्रतिशत | ७२.७ | ४८.४ |
| १६ | बृद्ध आश्रित अनुपात | प्रतिशत | ६.४ | ८.६ |
| १९ | आफ्नै घरमा वस्ने परिवार | प्रतिशत | ९६.८ | ९८.४ |
| २० | पक्कि पिलर भएको घरमा वस्ने परिवार | प्रतिशत | ०.१८ | १.४ |
| २१ | ढुङ्गा माटोको जग भएका घरमा वस्ने परिवार | प्रतिशत | ९१.० | ९२.२ |
| २२ | वाहिरी गाह्रो माटोको जोडाई भएका घरमा वस्ने परिवार | प्रतिशत | ९१.३ | ८८.९ |

| क.सं. | जनसाङ्ख्यिक तथा पारिवारिक विवरण | एकाई | जनगणना वर्ष | |
|---|---|---|---|---|
| | | | २०६८ | २०७८ |
| २३ | खर परालको छानो भएका घरमा वस्ने परिवार | प्रतिशत | ७५.२ | २६.५ |
| २४ | जस्ता/टिनको छानो भएको घरमा वस्ने परिवार | प्रतिशत | १०.५ | ६५.७ |
| २५ | ढलान छानो भएका घरमा वस्ने परिवार | प्रतिशत | ०.३७ | ३.९ |
| २५ | चर्पी नभएका परिवार | प्रतिशत | ७७.९ | ४.६ |
| २६ | खाने पानीको मूख्य स्रोत खोला नदी भएका परिवार | प्रतिशत | १७.१ | ६.६ |
| २७ | अक्सर वत्ति वाल्न विजुली प्रयोग गर्ने परिवार | प्रतिशत | ०.२५ | १३.३ |
| २८ | अक्सर वत्ति वाल्न सौर्य उर्जा प्रयोग गर्ने परिवार | प्रतिशत | ३२.६ | ८२.७ |
| २९ | अक्सर खाना पकाउन दाउरा प्रयोग गर्ने परिवार | प्रतिशत | ९७.९ | ९५.५ |
| ३० | अक्सर खाना पकाउन एलपि ग्यास प्रयोग गर्ने परिवार | प्रतिशत | ०.१४ | ३.९ |
| ३१ | महिलाका नाममा जग्गामात्र भएका परिवार | प्रतिशत | - | ७.२ |
| ३२ | महिलाका नाममा घर र जग्गा दुवै भएका परिवार | प्रतिशत | - | ४.७ |
| ३३ | पाँच वर्ष वा सो भन्दा माथिको कुल साक्षरता दर | प्रतिशत | ६३.८ | ७७.६ |
| ३४ | पाँच वर्ष वा सो भन्दा माथिको पुरुष साक्षरता दर | प्रतिशत | ७३.३ | ८५.६ |
| ३५ | पाँच वर्ष वा सो भन्दा माथिको महिला साक्षरता दर | प्रतिशत | ५४.८ | ६९.९ |
| ३६ | एस एल सि/एस एस ई वा सो सरह उत्तिर्ण गरेको जनसंख्या | संख्या | ६६४ | ४,७२६ |
| ३७ | ५-२५ वर्षको जनसंख्यामध्ये हाल विद्यालय गइरहेको | प्रतिशत | ६८.२ | ६६.५ |
| ३८ | दस वर्ष वा सो भन्दा माथिको आर्थिकरुपले सक्रिय जनसंख्या | प्रतिशत | - | ८५.३ |

*स्रोतः राष्ट्रिय जनगणना २०६८ र २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

*चित्र २.१ कालिमाटी गाउँपालिकाको जनसंख्या वितरण*



## २.२ पछिल्ला दुई जनगणना वर्षहरुमा कालिमाटी गाउँपालिकाको जनसंख्या

*तालिका २.२ पछिल्ला दुई जनगणना वर्षहरुमा कालिमाटी गाउँपालिकाको जनसंख्या*

| क्षेत्र | जनगणना वर्ष २०६८ | | | | जनगणना वर्ष २०७८ | | | |
|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जम्मा | पुरुष | महिला | परिवार संख्या | जम्मा | पुरुष | महिला |
| कालिमाटी | ४३४३ | २३००५ | ११३०० | ११७०५ | ४९७२ | २२२०६ | १०९४१ | ११२६५ |
| वडा नं.-१ | ७९१ | ४२४५ | २०५७ | २१८८ | ८६० | ४००९ | २००० | २००९ |
| वडा नं.-२ | ६१९ | ३३१० | १६०५ | १७०५ | ८१२ | ३६०९ | १७७३ | १८३६ |
| वडा नं.-३ | ७०५ | ३४६७ | १६४७ | १८२० | ८६४ | ३७४९ | १७८८ | १९६१ |
| वडा नं.-४ | ६२५ | ३३६० | १६६४ | १६९६ | ८०८ | ३५६४ | १७५३ | १८११ |
| वडा नं.-५ | ५६३ | ३१५६ | १५४९ | १६०७ | ५९३ | २७९५ | १४६२ | १३३३ |
| वडा नं.-६ | ४६९ | २४५९ | १२२६ | १२३३ | ४७२ | २०९५ | १०३९ | १०५६ |
| वडा नं.-७ | ५७१ | ३००८ | १५५२ | १४५६ | ५६३ | २३८५ | ११२६ | १२५९ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

विगत दुई जनगणनाको जनसङ्ख्या अध्ययन गर्दा २०६८ सालको जनगणनामा कालिमाटी गाउँपालिको कुल जनसंख्या २३,००५ रहेकोमा २०७८ सालमा घटेर २२,२०६ भएको देखिन्छ। परिवार सङ्ख्या भने ४,३४३ बाट बढेर ४,९७२ पुगेको छ, जसले परिवारको औसत आकार सानो भएको संकेत गर्छ। पुरुष जनसंख्या ११,३०० बाट घटेर १०,९४१ पुगेको छ भने महिला जनसंख्या ११,७०५ बाट घटेर ११,२६५ भएको छ। वडागत रूपमा हेर्दा, वडा नं. १, ५, ६, र ७ मा जनसंख्या उल्लेख्य रूपमा घटेको छ, विशेष गरी वडा नं. ५ र ७ मा धेरै नै घटेको देखिन्छ। वडा नं. २, ३, र ४ को जनसंख्या केही बढेको देखिन्छ, जसमा महिला जनसंख्या वृद्धि दर पुरुषभन्दा उच्च रहेको छ।

चित्र २.२ कालिमाटी गाउँपालिकाको दुई जनगणना विचको तुलनात्मक जनसंख्या




*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## २.३ वडा अनुसारको जनसंख्या, परिवार संख्या, जनघनत्व र वार्षिक जनसंख्या वृद्धिदर

राष्ट्रिय जनगणना २०७८ अनुसार कालिमाटी गाउँपालिकाको कुल परिवार संख्या ४,९७२ र जनसंख्या २२,२०६ रहेको छ। जस अन्तर्गत पुरुषको संख्या १०,९४१ र महिलाको संख्या ११,२६५ छ। कालिमाटी गाउँपालिकाको जनसंख्यालाई वडागतरुपमा हेर्दा ३ नम्वर वडामा सबैभन्दा वढी (८६४) र वडा नं ६ मा सबैभन्दा कम (४७२) रहेको छ। कालिमाटी गाउँपालिकाको लैङ्गिक अनुपात नेपाल, कर्णाली प्रदेश र सल्यान जिल्लाभन्दा वढी (९७.१) देखिएको छ। लिङ्ग अनुपातलाई वडागतरुपमा हेर्दा ५ नंवर वडामा सबैभन्दा वढी (१०९.७) र वडा नं ७ मा सबैभन्दा कम (८९.४) रहेको छ। लिङ्ग अनुपातले जनसंख्याको लैङ्गिक वनावटलाई प्रतिविम्बित गर्दछ। यसले प्रतिसय महिलामा पूरुषको संख्यालाई उल्लेख गर्दछ। कालिमाटी गाउँपालिकाको जनघनत्व प्रतिवर्ग कि.मि. ४४ जना रहेको छ। त्यसैगरी यहाँको वार्षिक औसत जनसंख्या वृद्धिदर ऋणात्मक (-०.३४ %) रहेको छ। वडाअनुसार नियाल्दा २ नं वडा र ४ नं वडाबाहेक अन्य सबै वडामा ऋणात्क जनसंख्या वृद्धिदर देखिएको छ। अर्थात १० वर्ष पहिलाको तुलनामा अक्सर बसोबास गर्ने जनसंख्या घटिरहेको छ। वडा नं ७ मा जनसंख्या घट्नेदर सबैभन्दा उच्च देखिएको छ भने वडा नं २ मा सर्वाधिक जनसंख्या बृद्धिदर रहेको छ। वास्तवमा वार्षिक जनसंख्या वृद्धिदर राष्ट्रिय स्तरमा नै वि सं २०६८ मा १.३५% बाट घटेर वि सं २०७८ मा ०.९२% पुगेको छ। नेपाल सरकारको जनसंख्या नियन्त्रण गर्ने नीति तथा कार्यक्रम, मानिसमा वढ्दो शिक्षा एवम् चेतना र वसाइँसराईको कारणले समेत जनसंख्याको क्षेत्रीय असन्तुलन सृजना भएको छ।

*तालिका २.३ वडाअनुसार कालिमाटी गाउँपालिकाको जनसंख्या, परिवार संख्या, लैङ्गिक अनुपात, परिवारको औसत आकार, जनघनत्व र वार्षिक जनसंख्या वृद्धिदर*

| क्षेत्र | परिवार संख्या | जम्मा | पुरुष | महिला | लैंगिक अनुपात | परिवारको औसत आकार | जन घनत्व | वार्षिक जनसंख्या वृद्धिदर(%) |
|---|---|---|---|---|---|---|---|---|
| नेपाल | ६६६६९३७ | २९१६४५७८ | १४२५३५५१ | १४९११०२७ | ९५.६ | ४.४ | १९८ | ०.९२ |
| कर्णाली | ३६६२५५ | १६८८४१२ | ८२३७६१ | ८६४६५१ | ९५.३ | ४.६ | ५६ | ०.७० |
| सल्यान | ५४७०१ | २३८५१५ | ११४९८२ | १२३५३३ | ९३.१ | ४.४ | १६३ | -०.१६ |
| कालिमाटी | ४९७२ | २२२०६ | १०९४१ | ११२६५ | ९७.१ | ४.५ | ४४ | -०.३४ |
| वडा नं.-१ | ८६० | ४००९ | २००० | २००९ | ९९.६ | ४.७ | ८१ | -०.५५ |
| वडा नं.-२ | ८१२ | ३६०९ | १७७३ | १८३६ | ९६.६ | ४.४ | ३६ | ४.३९ |
| वडा नं.-३ | ८६४ | ३७४९ | १७८८ | १९६१ | ९१.२ | ४.३ | १४३ | -१.७४ |
| वडा नं.-४ | ८०८ | ३५६४ | १७५३ | १८११ | ९६.८ | ४.४ | ११२ | ०.५७ |
| वडा नं.-५ | ५९३ | २७९५ | १४६२ | १३३३ | १०९.७ | ४.७ | २४ | -१.१७ |
| वडा नं.-६ | ४७२ | २०९५ | १०३९ | १०५६ | ९८.४ | ४.४ | ३३ | -१.५४ |
| वडा नं.-७ | ५६३ | २३८५ | ११२६ | १२५९ | ८९.४ | ४.२ | ४२ | -२.२३ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

चित्र २.३ कालिमाटी गाउँपालिकाको जनघनत्व




*चित्र २.४ कालिमाटी गाउँपालिकाको जनसंख्या वृद्धिदर*



## २.४ कालिमाटी गाउँपालिकाको जनसंख्या प्रवृत्ति

कालिमाटी गाउँपालिकाको स्थापना वि. सं. २०७३/११/२७ मा भएको हो। यो पालिका घोषणाहुँदा यसमा समावेश भएका साविकका गाउँ विकास समितिहरुको जनसंख्या जोडेर विगतको जनसंख्या निकालेर हेर्न सकिन्छ। वि. सं. २०५८ को राष्ट्रिय जनगणना माओवादी सशस्त्र संघर्षका कारण सल्यान जिल्ला लगायत देशभरिका विभिन्न जिल्लाहरु प्रभावित भएका थिए। कालिमाटी अन्तर्गत पर्ने साविकका लक्ष्मीपुर र काप्रेचौर गाउँ विकास समितिमा पनि जनगणना कार्य सम्पन्न हुन सकेको थिएन। त्यस कारणले वि .सं. २०४८ र वि .सं. २०६८ को जनगणनामा आधारित रेखीय अनुमान विधि (Linear Interpolation) को प्रयोग गरी कालिमाटी गाउँपालिकामा समावेश गरिएका तत्कालीन गाउँ विकास समितिहरुको २०५८ को जनसंख्या अनुमान निकालिएको छ। जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ। चित्रमा कालिमाटी गाउँपालिकको जनसंख्या वि. सं. २०५८ देखि २०६८ सम्म निरन्तर वढीरहेको देखिएता पनि २०७८ को जनगणनामा सो ग्राफ ओरालो लागेको छ। तर यसको बाबजुद परिवार संख्या थोरै भएपनि लगातार वढ्दो अवस्थामा छ। यसले सानो परिवारतर्फको झुकावलाई इङ्गित गर्दछ।

*चित्र २.५ कालिमाटी गाउँपालिकाको जनसंख्या प्रवृत्ति*




## २.४ लिङ्ग र उमेर समूहअनुसार कालिमाटी गाउँपालिकाको जनसंख्या

जनसंख्याको विश्लेषणमा उमेर र लिङ्गलाई महत्वपूर्ण मानिन्छ। महिला र पुरुषको जनसंख्यामा रहेको समानता वा असमानतालाई लिङ्ग अनुपातले उजागर गर्छ। लैङ्गिक अनुपातले कुनै स्थान विशेषको भविश्यमा हुन सक्ने जनसंख्याको परिवर्नतलाई संकेत गर्नुको अतिरिक्त पुरुष वा महिलाको उपस्थिति वा अनुपस्थितिलाई समेत प्रतिविम्बित गर्छ। उमेरगत रुपमा प्रस्तुत गरिएका लैङ्गिक अनुपातले उमेर समूहअनुसार लैङ्गिक अनुपातको प्रवृति झल्काउछ। उमेरगत जनसंख्याको संरचना अन्तर्गत विभिन्न उमेर समूहमा पूरुष र महिलाको अनुपात के कसरी

वितरण भएको छ भन्ने कुरा झल्किन्छ। लिङ्गअनुसार जनसंख्या वितरण हेर्दा कालिमाटी गाउपालिकाको कुल जनसंख्या २२,२०६ मध्ये १०,९४१ जना पुरुष र ११,२६५ जना महिला छन्। कालिमाटी गाउँपालिकामा प्रति १०० जना महिलामा ९७ जना पुरुष रहेका छन् अर्थात महिला र पुरुषको संख्या वरावरको हाराहारी छ। सल्यान जिल्लाका अन्य पालिकाहरु मध्ये सबैभन्दा वढी लिङ्ग अनुपात भएको पालिका कालिमाटी हो। उमेर समूह १५-१९ वर्ष उमेर समूह सबैभन्दा ठूलो जनसंख्या भएको समूह हो, जसमा २,७४० (१२.३४%) ब्यक्ति छन्। अन्य उमेरको तुलनामा २५ देखि ५० वर्षको उमेर समूहमा लैङ्गिक अनुपात कम रहेको छ।

*तालिका २.४ लिङ्ग र उमेर समूहअनुसार कालिमाटी गाउँपालिकाको जनसंख्या*

| उमेर समूह(वर्ष) | जम्मा | पुरुष | महिला | लैङ्गिक अनुपात |
|---|---|---|---|---|
| ००-०४ | २१३२ | ११११ | १०२१ | १०८.८ |
| ०५-०९ | २१८७ | ११६० | १०२७ | ११३.० |
| १०-१४ | २५२३ | १३१५ | १२०८ | १०८.९ |
| १५-१९ | २७४० | १४३५ | १३०५ | ११०.० |
| २०-२४ | २१९७ | १०२६ | ११७१ | ८७.६ |
| २५-२९ | १८०५ | ८३८ | ९६७ | ८६.७ |
| ३०-३४ | १५१३ | ७०० | ८१३ | ८६.१ |
| ३५-३९ | १३३९ | ५९५ | ७४४ | ८०.० |
| ४०-४४ | १२१६ | ५५३ | ६६३ | ८३.४ |
| ४५-४९ | १०२१ | ४६३ | ५५८ | ८३.० |
| ५०-५४ | १००० | ४९० | ५१० | ९६.१ |
| ५५-५९ | ७०६ | ३५८ | ३४८ | १०२.९ |
| ६०-६४ | ६०९ | २७९ | ३३० | ८४.५ |
| ६५-६९ | ५२३ | २६२ | २६१ | १००.४ |
| ७०-७४ | ३६५ | १९० | १७५ | १०८.६ |
| ७५-७९ | २१८ | १०९ | १०९ | १००.० |
| ८०-८४ | ६५ | ३० | ३५ | ८५.७ |
| ८५-८९ | ३१ | २० | ११ | १८१.८ |
| ९०-९४ | ६ | ३ | ३ | १००.० |
| ९५+ Y | १० | ४ | ६ | ६६.७ |
| कुल जम्मा | २२२०६ | १०९४१ | ११२६५ | ९७.१ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## २.५ कुल आश्रित अनुपात

तलको तालिकामा समग्र नेपाल, कर्णाली प्रदेश र कालिमाटी गाउँपालिकाको तुलनात्मक अवस्था झल्कने गरी बृहत् उमेर समूह अनुसारको जनसंख्या वितरण, आश्रित जनसंख्या प्रतिशत र कुल आश्रित अनुपात प्रस्तुत गरिएको छ। उमेरगत हिसावले हेर्दा १५ देखि ६४ वर्षको उमेर समूहलाई काम गर्ने उमेर समूह र बाँकिलाई आश्रित उमेर समूह भनिन्छ। कर्णाली प्रदेशमा आश्रित जनसंख्याको हिस्सा ३८.२% छ, जुन राष्ट्रिय मान भन्दा उच्च हो,

र कुल आश्रित अनुपात ६१.९% देखिन्छ। सल्यान जिल्ला तथा कालिमाटी गाउँपालिकामा पनि आश्रित जनसंख्याको हिस्सा उच्च (३६.३%) देखिन्छ, जसले गर्दा यहाँ काम गर्ने जनसंख्याको तुलनामा आश्रित जनसंख्या बढी रहेको देखिन्छ। सल्यान जिल्ला तथा कालिमाटी गाउँपालिकामा कुल आश्रित अनुपात ५७% रहेको छ जसको अर्थ काम गर्ने उमेर समूहका प्रति १०० जनामा ५७ जना बालबालिका तथा वृद्धवृद्धा भर पर्नु पर्छ। वडास्तरमा आश्रित अनुपात ५२.७% देखि ६२.८% सम्म देखिन्छ, जसले जनसंख्याको उमेर संरचना अनुसार वडागत भिन्नता दर्शाउँछ।

*तालिका २.५ कुल आश्रित अनुपात*

| क्षेत्र | जम्मा जनसंख्या | उमेर समूहअनुसारको जनसंख्या | | ०-१४ र ६५+ को जनसंख्या प्रतिशत | कुल आश्रित अनुपात |
|---|---|---|---|---|---|
| | | १५-६४ | ०-१४ र ६५+ | | |
| नेपाल | २९१६४५७८ | १९०२७२८९ | १०१३७२८९ | ३४.८ | ५३.३ |
| कर्णाली | १६८८४१२ | १०४३०२६ | ६४५३८६ | ३८.२ | ६१.९ |
| सल्यान | २३८५१५ | १५१९०७ | ८६६०८ | ३६.३ | ५७.० |
| कालिमाटी | २२२०६ | १४१४६ | ८०६० | ३६.३ | ५७.० |
| वडा नं-१ | ४००९ | २५५४ | १४५५ | ३६.३ | ५७.० |
| वडा नं-२ | ३६०९ | २२९४ | १३१५ | ३६.४ | ५७.३ |
| वडा नं-३ | ३७४९ | २४३९ | १३१० | ३४.९ | ५३.७ |
| वडा नं-४ | ३५६४ | २२४० | १३२४ | ३७.१ | ५९.१ |
| वडा नं-५ | २७९५ | १८३० | ९६५ | ३४.५ | ५२.७ |
| वडा नं-६ | २०९५ | १३२४ | ७७१ | ३६.८ | ५८.२ |
| वडा नं-७ | २३८५ | १४६५ | ९२० | ३८.६ | ६२.८ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## २.६ बृहत् उमेर समूह र विशेष उमेर समूहअनुसार जनसंख्या

तीनवटै तहका सरकारलाई लक्षित उमेर समूहका कार्यक्रम संचालन गर्न तोकिएका उमेर समूहका बेग्ला बेग्लै जनसंख्या आवश्यक पर्दछ। जस्तै एक वर्ष मुनिका जनसंख्या खोप कार्यक्रम व्यवस्थापनको लागि तथा जन्मदर्ताको पूर्णता जाँच गर्न र पाँच वर्षमुनिको जनसंख्या पूर्व प्राथमिक तहमा भर्ना हुने सम्भाव्य संख्याको आँकलन गर्न उपयोगी हुन्छ। त्यस्तै चौध वर्ष मुनिको जनसंख्याले विद्यालय गइरहेका वा विद्यालयवाहिर रहेका बालबालिकाको संख्या र परिवारमा आश्रित संख्या एकिन गर्न मदत् गर्छ। त्यसै गरी १८ वर्षमुनिको कुल जनसंख्याले कुल बालबालिकाको संख्याबारे र ६८ वर्ष भन्दा माथिको जनसंख्याले सामाजिक सूरक्षा भत्ताको लागि आवश्यक वजेट निर्धारण गर्न सूचना प्रदान गर्छ।

कालिमाटी गाउँपालिकाको कुल जनसंख्या २२,२०६ रहेको छ, जसमा पुरुषको संख्या १०,९४१ (४९.२९%) र महिलाको संख्या ११,२६५ (५०.७१%) रहेको छ। उमेर समूह अनुसार हेर्दा १ वर्षमुनिका बालबालिका ३८७ जना रहेका छन्, जसमा पुरुष २०९ र महिला १७८ छन्। ०-४ वर्षका बालबालिका २,१३२ छन्,

जसमा पुरुष १,१११ र महिला १,०२१ छन्। १५-५९ वर्ष उमेर समूहमा ६,४५८ पुरुष र ७,०७९ महिला छन्, जुन कार्यशील जनसंख्या हो। वृद्ध (६०+ वर्ष) जनसंख्या १,८२७ रहेको छ, जसमा पुरुष ८९७ र महिला ९३० छन्। समग्रमा, कालिमाटीमा महिलाको संख्या पुरुषभन्दा केही बढी देखिन्छ, विशेष गरी यस्तो संख्या कार्यशील उमेर समूह र वृद्ध वर्गमा वढी देखिन्छ।

*तालिका २.६ विशेष उमेर समूह अनुसारको जनसंख्या*

| जनसंख्या | लिङ्ग | कर्णाली | सल्यान | कालिमाटी | वडा नं | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १० वर्ष वा सो भन्दा माथि | जम्मा | १६८८४१२ | २३८५१५ | २२२०६ | ४००९ | ३६०९ | ३७४९ | ३५६४ | २७९५ | २०९५ | २३८५ |
| | पूरुष | ८२३७६१ | ११४९८२ | १०९४१ | २००० | १७७३ | १७८८ | १७५३ | १४६२ | १०३९ | ११२६ |
| | महिला | ८६४६५१ | १२३५३३ | ११२६५ | २००९ | १८३६ | १९६१ | १८११ | १३३३ | १०५६ | १२५९ |
| १ वर्षमुनिको | पूरुष | १६५४१ | २३१७ | २०९ | ३४ | ३७ | ३१ | ३३ | २७ | १९ | २८ |
| | महिला | १४९४० | २०९६ | १७८ | २९ | ३४ | ३६ | २३ | २२ | १८ | १६ |
| ०-४ वर्ष | पूरुष | ८८५५८ | १२१५० | १११११ | १९७ | २१८ | १९९ | १६० | १३२ | १०१ | १०४ |
| | महिला | ८०२४३ | १०९४८ | १०२१ | १८६ | १८८ | २०१ | १५० | ९९ | ९२ | १०५ |
| ०-१४ वर्ष | पूरुष | २८७५७४ | ३७७१६ | ३५८६ | ६४१ | ५९६ | ५६६ | ६०१ | ४५५ | ३४६ | ३८१ |
| | महिला | २७१३१७ | ३५५१४ | ३२५६ | ५८४ | ५३९ | ५४६ | ५२३ | ३३७ | ३३५ | ३९२ |
| १६-२४ वर्ष | पूरुष | १५३१८९ | २२२९५ | २१३० | ३७१ | ३२९ | ३५५ | ३२७ | ३०७ | २३२ | २०९ |
| | महिला | १७१८७७ | २५०१९ | २१९० | ३८६ | ३७२ | ४१३ | ३३० | २५७ | २०५ | २२७ |
| १६-४० वर्ष | पूरुष | ३२७६०६ | ४६०८७ | ४४०१ | ७७३ | ६८३ | ७५० | ७१२ | ६०७ | ४४९ | ४२७ |
| | महिला | ३७१३५० | ५३८९९ | ४८८३ | ८३० | ८०७ | ८८० | ७९६ | ५८८ | ४५१ | ५३१ |
| १६+ वर्ष | पूरुष | ५१५०३० | ७४२५४ | ७०२४ | १२९५ | ११२५ | ११७४ | १०९१ | ९६९ | ६६८ | ७०२ |
| | महिला | ५७१५५२ | ८४९७२ | ७७२३ | १३७४ | १२५३ | १३६० | १२४४ | ९६८ | ६८५ | ८३९ |
| ०-१७ वर्ष | पूरुष | ३४५४९२ | ४६२२० | ४४९२ | ७९९ | ७३० | ६९६ | ७७० | ५९१ | ४२२ | ४८४ |
| | महिला | ३३१५५६ | ४४१२९ | ४०७० | ७२६ | ६५८ | ६९३ | ६५७ | ४३४ | ४२२ | ४८० |
| १५-५९ वर्ष | पूरुष | ४७१३६४ | ६७३८५ | ६४५८ | ११६९ | १०३३ | १०९२ | १०११ | ८९१ | ६२२ | ६४० |
| | महिला | ५२३६७५ | ७७२८७ | ७०७९ | १२४६ | ११६८ | १२५२ | ११२८ | ८७५ | ६४९ | ७६१ |
| ६०+ वर्ष | पूरुष | ६४८२३ | ९८८१ | ८९७ | १९० | १४४ | १३० | १४१ | ११६ | ७१ | १०५ |
| | महिला | ६९६५९ | १०७३२ | ९३० | १७९ | १२९ | १६३ | १६० | १२१ | ७२ | १०६ |
| ६५+ वर्ष | पूरुष | ४१३९३ | ६३९६ | ६१८ | १२७ | ९५ | ९२ | ९७ | ८३ | ५० | ७४ |
| | महिला | ४५१०२ | ६९८२ | ६०० | १०३ | ८५ | १०६ | १०३ | ९० | ४० | ७३ |
| ६८+ वर्ष | पूरुष | ३०३३६ | ४५९९ | ४५८ | ९९ | ७१ | ६७ | ६४ | ६६ | ३८ | ५३ |

| जनसंख्या | लिङ्ग | कर्णाली | सल्यान | कालिमाटी | वडा नं | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | महिला | ३३८९४ | ५०२० | ४४४ | ७३ | ६७ | ७५ | ७६ | ६८ | ३१ | ५४ |
| १५-४९ वर्ष | महिला | ४६१४७४ | ६७६७९ | ६२२१ | १०७१ | १०३५ | ११३० | ९९३ | ७५८ | ५७६ | ६५८ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## २.७ कालिमाटी गाउँपालिकाको जनसङ्ख्या प्रक्षेपण

जनसंख्या प्रक्षेपण भन्नाले भविष्यमा कुनै क्षेत्रको जनसंख्या कति हुनेछ भन्ने वैज्ञानिक अनुमानलाई जनाइन्छ, जुन विगतका तथ्यांक जन्मदर, मृत्युदर, बसाईसराइ आदिका आधारमा गरिन्छ। जनसंख्या प्रक्षेपनले भविश्यमा हुन सक्ने सम्भावित जनसंख्यालाई मध्य नजर गरेर गर्दा उपयोगी हुन्छ। यहाँ तालिकामा प्रस्तुत गरिएको वि सं २०७८ को जनसंख्या गणना पश्चात गरिएको सर्वेक्षण (Post Enumeration Survey) र लिङ्ग तथा उमेरगत संरचनामा आवश्यक समायोजन (Age Sex Smoothing) गरेर तयार गरिएको छ। र यो केवल जनसंख्या प्रक्षेपन गर्ने प्रयोजनको लागि मात्र प्रयोग गरिएको छ। कालिमाटी गाउँपालिकाको वि.सं. २०७८ देखि २०८८ सम्मको जनसंख्या प्रक्षेपण अनुसार कुल जनसंख्या क्रमशः घट्दै गएको देखिन्छ। कालिमाटी गाउँपालिकाको जनसंख्या वृद्धिदर ऋणात्मक भएकोले जनसंख्या घट्दै गएको देखिन्छ। २०७८ मा २२,२४७ रहेको जनसंख्या २०८८ मा घटेर २०,४३१ मा झरेको छ। यस अवधिमा पुरुष जनसंख्या करिब १४.५% ले घटेको छ भने महिला जनसंख्या झण्डै स्थिर (केवल १.९६% ले घटेको) देखिन्छ।

*तालिका २.७ कालिमाटी गाउँपालिकाको दस वर्षको जनसंख्या प्रक्षेपण*

| वर्ष (वि.सं.) | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| २०७८* | २२२४७ | १०९६१ | ११२८६ |
| २०७९ | २२०५७ | १०७७८ | ११२७९ |
| २०८० | २१८५४ | १०५८७ | ११२६७ |
| २०८१ | २१६६६ | १०३९६ | ११२७० |
| २०८२ | २१४८५ | १०२३१ | ११२५४ |
| २०८३ | २१३२७ | १००७० | ११२५७ |
| २०८४ | २११२७ | ९९१० | ११२१७ |
| २०८५ | २०९५३ | ९७५२ | ११२०१ |
| २०८६ | २०७४८ | ९६०६ | १११४२ |
| २०८७ | २०५८१ | ९४८३ | ११०९८ |
| २०८८ | २०४३१ | ९३६६ | ११०६५ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

*Based on age-sex smoothing and post enumeration survey (PES) necessary adjustment has been made for the purpose of population projection only.

*चित्र २.६ कालिमाटी गाउँपालिकाको जनसंख्या पिरामिड*




*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

उपर्युक्त कालिमाटी गाउँपालिकाको जनसंख्या पिरामिडले लिंग र उमेर समूह अनुसार जनसंख्याको वितरणलाई देखाएको छ। यस पिरामिडमा बायाँतर्फ पुरुष र दायाँतर्फ महिला जनसंख्या प्रतिशत देखाइएको छ। पिरामिड हेर्दा बालबालिका तथा किशोर (१०-१४ वर्षदेखि १५-१९ वर्ष) समूहको जनसंख्या सर्वाधिक देखिन्छ, जसले कालिमाटी गाउँपालिकामा युवाशक्ति धेरै रहेको संकेत गर्छ। यसका साथै ९ वर्ष मुनिको जनसंख्या प्रतिशत थोरै हुनुले विगतको जन्मदरको तुलनामा अहिलेको जन्मदर घटेको देखाउछ। क्रमशः उमेर समूह बढ्दै जाँदा जनसंख्या प्रतिशत घट्दै गएको देखिन्छ, जुन सामान्य जनसंख्या संरचनाको प्रतिविम्ब हो। यो पिरामिडले भविष्यमा श्रमशक्तिको प्रशस्तता र शिक्षा तथा स्वास्थ्यमा केन्द्रित नीतिको आवश्यकता दर्शाउँछ।

# खण्ड-३ भाषा, धर्म तथा जातजाति अनुसारको जनसंख्या

## ३.१ धर्म अनुसारको जनसंख्या

जनगणनामा धर्मलाई मानिसले मानिआएको संस्कार र विश्वासका रुपमा परिभाषित गरिएको छ। राष्ट्रिय जनगणना २०७८ वाट प्राप्त धर्म सम्वन्धी विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ। कालिमाटी गाउँपालिकामा बसोबास गर्ने अधिकांश व्यक्तिले हिन्दु धर्म मान्छन् भने थोरैले मात्र अन्य धर्म मान्ने गरेको तथ्य तलको तालिकाले देखाएको छ। पछिल्ला दुई जनगणनाका प्रतिवेदन अनुसार कालिमाटी गाउँपालिकामा हिन्दु धर्म मान्ने जनसंख्याको हिस्सा नगण्य मात्रामा घटेको छ। वि. सं. २०६८ सालमा बौद्ध धर्मावलम्बीहरु २.७७ प्रतिशत रहेकोमा सो प्रतिशत घटेर २०७८ सालमा १.१२ मा पुगेको छ। यसको उल्टो कृश्चियन धर्म मान्ने जनसंख्या पछिल्लो एक दशकमा १.४३ वाट वढेर ३.३१ पुग्नुले उनीहरुको वढोत्तरी हुँदै गएको तथ्यलाई औंल्याउँछ।

*तालिका ३.१ धर्मअनुसारको जनसंख्या*

| धर्म | नेपाल | | कर्णाली | | सल्यान | | कालिमाटी | |
|---|---|---|---|---|---|---|---|---|
| | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| जम्मा | २९१६४५७८ | १००.०० | १६८८४१२ | १००.०० | २३८५१५ | १००.०० | २२२०६ | १००.०० |
| हिन्दु | २३६७७७४४ | ८१.१९ | १५९८४३७ | ९४.६७ | २२८७०६ | ९५.८९ | २१२२२ | ९५.५७ |
| बौद्ध | २३९३५४९ | ८.२१ | ५३२९२ | ३.१६ | २६२८ | १.१० | २४९ | १.१२ |
| इस्लाम | १४८३०६६ | ५.०९ | ३५७० | ०.२१ | २९० | ०.१२ | ० | ०.०० |
| किरात | ९२४२०४ | ३.१७ | ९५ | ०.०१ | ८ | ०.०० | ० | ०.०० |
| क्रिश्चियन | ५१२३१३ | १.७६ | २९४५७ | १.७४ | ६४७६ | २.७२ | ७३५ | ३.३१ |
| प्रकृति | १०२०४८ | ०.३५ | ३००९ | ०.१८ | ४०४ | ०.१७ | ० | ०.०० |
| बोन | ६७२२३ | ०.२३ | ५३४ | ०.०३ | १ | ०.०० | ० | ०.०० |
| जैन | २३९८ | ०.०१ | ७ | ०.०० | ० | ०.०० | ० | ०.०० |
| सिख | १४९६ | ०.०१ | ३ | ०.०० | १ | ०.०० | ० | ०.०० |
| बहाई | ५३७ | ०.०० | ८ | ०.०० | १ | ०.०० | ० | ०.०० |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

*तालिका ३.२ कालिमाटी गाउँपालिकाको पछिल्ला दुई जनगणनामा धर्मअनुसारको जनसंख्या*

| धर्म | वि .सं. २०६८ | | वि .सं. २०७८ | |
|---|---|---|---|---|
| | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| जम्मा | २३००५ | १००.०० | २२२०६ | १००.०० |
| हिन्दु | २२००९ | ९५.६७ | २१२२२ | ९५.५७ |
| बौद्ध | ६३७ | २.७७ | २४९ | १.१२ |

| धर्म | वि .सं. २०६८ | | वि .सं. २०७८ | |
|---|---|---|---|---|
| | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| क्रिश्चियन | ३९९ | १.४३ | ७३५ | ३.३१ |
| प्रकृति | ७ | ०.०३ | ० | ०.०० |
| बहाई | १ | ०.०० | ० | ०.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०७८ /२०६८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ३.२ मातृभाषा अनुसारको जनसंख्या

बालबालिकाले जन्मे पछि सबैभन्दा पहिला बोल्न जानेको भाषालाई मातृभाषा भनिन्छ। तल प्रस्तुत तालिकाले मातृभाषाअनुसार कालिमाटी गाउँपालिकाको जनसंख्या वितरण देखाएको छ। कालिमाटी गाउँपालिकामा कुल २२,२०६ जनसंख्यामा नेपाली मातृभाषी सर्वाधिक (९७.२८%) छन्, जसमा १०,६४९ पुरुष र १०,९५२ महिला रहेका छन्। दोस्रो ठूलो मातृभाषा मगर ढुत हो, जसलाई २.५८% (५७२ जना) ले बोल्छन्। गुरुङ्ग, मगर खाम, र अन्य भाषाहरूको प्रतिनिधित्व यस गाउँपालिकामा निकै न्युन रहेको छ जुनचाहि क्रमशः ०.०५%, ०.०७%, र ०.०३% मात्र रहेको छ।

*तालिका ३.३ मातृभाषाअनुसार कालिमाटी गाउँपालिकाको जनसंख्या*

| मातृभाषा | जनसंख्या | | | |
|---|---|---|---|---|
| | जम्मा | जम्मा प्रतिशत | पूरुष | महिला |
| सबै मातृभाषा | २२२०६ | १००.०० | १०९४१ | ११२६५ |
| नेपाली | २१६०१ | ९७.२८ | १०६४९ | १०९५२ |
| मगर ढुत | ५७२ | २.५८ | २७४ | २९८ |
| गुरुङ्ग | १० | ०.०५ | ५ | ५ |
| मगर खाम | १६ | ०.०७ | १० | ६ |
| अन्य | ७ | ०.०३ | ३ | ४ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ३.३ जातजाति अनुसारको जनसंख्या

नेपाल यउटा बहुजातीय बहुभाषिक देश हो। सामान्यतया जात भन्नाले हिन्दु बर्णाश्रम अन्तर्गतका बभिन्न समूहलाई जनाउँछ। सामाजिक समावेशीकरणको दृष्टिकोणले जातजातिको तथ्याङ्कलाई एक महत्त्वपूर्ण पहिँचानको विषयसँग जोडेर हेर्ने गरिन्छ। राष्ट्रिय जनगणना २०७८ अनुसार कालिमाटी गाउँपालिकामा १५ वटा जातजातिहरु बसोवास गरेका छन्। कुल २२,२०६ जनसंख्यामध्ये सबैभन्दा ठूलो अंश क्षेत्री समुदायको छ, जसको संख्या ९,४३४ (४२.४८%) छ। दोस्रोमा मगर जाति ७,६४८ (३४.४४%) रहेको छ। त्यसपछिका प्रमुख जातिहरूमा विश्वकर्मा

(१०.६६%), सन्यासी/दसनामी (३.५४%), परियार (३.०८%) र ब्राह्मण पहाड (२.३४%) छन्। अन्य जातिहरूको प्रतिनिधित्व १ प्रतिशतभन्दा कम छ।

*तालिका ३.४ जातजाति अनुसारको जनसंख्या*

| सि नं | जात जाति | जनसंख्या | | | |
|---|---|---|---|---|---|
| | | जम्मा | जम्मा % | महिला | पुरुष |
| १ | सबै जातजाति | २२२०६ | १००.०० | १०९४१ | ११२६५ |
| २ | क्षेत्री | ९४३४ | ४२.४८ | ४६५१ | ४७८३ |
| ३ | मगर | ७६४८ | ३४.४४ | ३७५६ | ३८९२ |
| ४ | विश्वकर्मा | २३६७ | १०.६६ | ११४७ | १२२० |
| ५ | सन्यासी/दसनामी | ७८७ | ३.५४ | ३९४ | ३९३ |
| ६ | परियार | ६८३ | ३.०८ | ३५४ | ३२९ |
| ७ | ब्राह्मण पहाड | ५२० | २.३४ | २६७ | २५३ |
| ८ | मिजार | २२३ | १.०० | १०५ | ११८ |
| ९ | कुमाल | २०२ | ०.९१ | ९८ | १०४ |
| १० | बादी | ९२ | ०.४१ | ४५ | ४७ |
| ११ | गुरुङ्ग | ८९ | ०.४० | ४९ | ४० |
| १२ | घर्ती | ७२ | ०.३२ | ३३ | ३९ |
| १३ | सुनुवार | २६ | ०.१२ | १६ | १० |
| १४ | ठकुरी | १४ | ०.०६ | ७ | ७ |
| १५ | सुनार | ११ | ०.०५ | ५ | ६ |
| १६ | अन्य | ३८ | ०.१७ | १४ | २४ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ३.४ परिवारको आकारअनुसार परिवार संख्या

परिवारको बनावटलाई गत जनगणनामा एकल परिवार र संयुक्त परिवारमा वर्गीकरण गर्न सक्ने गरी विवरण सङ्कलन गरिएको थियो। एकल परिवार भन्नाले एकै घरमा बसोबास गर्नुका साथसाथै देहायको शर्त पूरा भएको हुनु पर्दछ।

क) वावु आमा दुई जना र अविवाहित छोरा छोरी भएको परिवार

ख) श्रीमान् श्रीमतिमात्र भएको परिवार

ग) परिवारमा एक जनामात्र सदस्य भएको

घ) अविवाहित दाजुभाई दिदिवहिनी मात्र भएको परिवार

एकल परिवारको यो परिभाषाभित्र नपर्ने सम्पूर्ण अन्य परिवार संयुक्त परिवारमा पर्दछन्। परिवारको संरचनाले खास भुगोल वा प्रशासनिक क्षेत्रको सामाजिक स्वरुप र पारिवारिक संरचनामा भइरहेको परिवर्तनलाई प्रतिविम्बित गर्छ। परिवारमा कति पुस्ता सँगै वसीरहेका छन भन्ने कुरा पारिवारिक संरचनावाट थाहा हुन्छ। यहाँ परिवारमा कति पुस्ताका सदस्य सँगै वस्छन भन्ने कुराको प्रचलनलाई झल्काउँदछ।

*तालिका ३.५ परिवारको किसिमअनुसार परिवार संख्या*

| क्षेत्र | जनसंख्या (संस्थागत बाहेक) | | | | |
|---|---|---|---|---|---|
| | जम्मा | एकल परिवार | संयुक्त परिवार | एकल परिवार(%) | संयुक्त परिवार(%) |
| नेपाल | २८९२५४८० | १३४७३२६७ | १५४५२२१३ | ४६.६ | ५३.४ |
| कर्णाली | १६७५२०४ | ८३२८५२ | ८४२३५२ | ४९.७ | ५०.३ |
| सल्यान | २३७३८७ | ११५८६५ | १२१५२२ | ४८.८ | ५१.२ |
| कालिमाटी | २२२०६ | १०८६२ | ११३४४ | ४८.९ | ५१.१ |
| वडा नं-१ | ४००९ | १७८२ | २२२७ | ४४.५ | ५५.६ |
| वडा नं-२ | ३६०९ | १७५२ | १८५७ | ४८.६ | ५१.५ |
| वडा नं-३ | ३७४९ | १८३४ | १९१५ | ४८.९ | ५१.१ |
| वडा नं-४ | ३५६४ | १८६१ | १७०३ | ५२.२ | ४७.८ |
| वडा नं-५ | २७९५ | १२३८ | १५५७ | ४४.३ | ५५.७ |
| वडा नं-६ | २०९५ | ११३५ | ९६० | ५४.२ | ४५.८ |
| वडा नं-७ | २३८५ | १२६० | ११२५ | ५२.८ | ४७.२ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

नेपालमा संयुक्त परिवारको संख्या (५३.४%) एकल परिवारको संख्या (४६.६%) भन्दा थोरै बढी रहेको देखिन्छ। कर्णाली प्रदेश र सल्यान जिल्लामा पनि संयुक्त परिवार एकल परिवारभन्दा बढी छन्, तर फरक अत्यन्तै कम छ। कालिमाटी गाउँपालिकामा संयुक्त परिवार (५१.१%) को संख्या एकल परिवार (४८.९%) भन्दा थोरै बढी रहेको छ, जुन राष्ट्रिय औसतभन्दा फरक तर कर्णाली र सल्यानसँग मिल्दोजुल्दो देखिन्छ। वडा स्तरमा हेर्दा वडा नं-१ र वडा नं-५ मा संयुक्त परिवारको संख्या बढी देखिन्छ भने वडा नं-६ र वडा नं-७ मा एकल परिवारको संख्या बढी छ। विशेषगरी वडा नं-६ मा सबैभन्दा बढी एकल परिवारको अनुपात (५४.२%) रहेको छ। यसबाट कालिमाटी गाउँपालिकामा पनि संयुक्त परिवारको प्रचलन व्यापक रहेको देखिए तापनि केही वडाहरुमा एकल परिवारको संख्या बढ्दो क्रममा रहेको बुझिन्छ। यसरी पारिवारको संरचनाको आधारमा जनसंख्याको विश्लेषण गर्दा कालिमाटी गाउँपालिका लगायत समग्र देशै भरि एकल परिवारभन्दा संयुक्त परिवारमा वस्ने मानिसहरु वढी छन्। यसवाट अझै पनि नेपालमा संयुक्त परिवारको प्रभुत्व रहेको स्पष्ट हुन्छ।

# खण्ड-४ महिला, बालबालिका, ज्येष्ठ नागरिक, तथा अपाङ्गता

## ४.१ स्थिर सम्पत्तिमा महिलाको स्वामित्व

*तालिका ४.१ महिलाका नाममा घरजग्गा भएका परिवार*

| क्षेत्र | जम्मा परिवार | घर जग्गामा महिलाको स्वामित्व | | | घर जग्गामा महिलाको स्वामित्व(%) | | |
|---|---|---|---|---|---|---|---|
| | | भएका परिवार | नभएका परिवार | उल्लेख नभएको परिवार | भएका परिवार | नभएका परिवार | उल्लेख नभएको |
| नेपाल | ६६६०८४१ | १५८८९६८ | ४९६६५४८ | १०५३२५ | २३.८६ | ७४.५६ | १.५८ |
| कर्णाली | ३६६०३७ | ४५९३२ | ३१०१०४ | १०००१ | १२.५५ | ८४.७२ | २.७३ |
| सल्यान | ५४६७२ | ८६४३ | ४४८४३ | ११८६ | १५.८१ | ८२.०२ | २.१७ |
| कालिमाटी | ४९७२ | ६१५ | ४१७७ | १८० | १२.३७ | ८४.०१ | ३.६२ |
| वडा नं-१ | ८६० | ११८ | ६३५ | १०७ | १३.७२ | ७३.८४ | १२.४४ |
| वडा नं-२ | ८१२ | १५३ | ६२४ | ३५ | १८.८४ | ७६.८५ | ४.३१ |
| वडा नं-३ | ८६४ | १२६ | ७३८ | ० | १४.५८ | ८५.४२ | ० |
| वडा नं-४ | ८०८ | १३४ | ६५९ | १५ | १६.५८ | ८१.५६ | १.८६ |
| वडा नं-५ | ५९३ | ४३ | ५४५ | ५ | ७.२५ | ९१.९१ | ०.८४ |
| वडा नं-६ | ४७२ | ९ | ४५८ | ५ | १.९१ | ९७.०३ | १.०६ |
| वडा नं-७ | ५६३ | ३२ | ५१८ | १३ | ५.६८ | ९२.०१ | २.३१ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

विभिन्न तहका सरकारहरुले महिला सशक्तीकरणका कार्यक्रमहरु विगतदेखि नै संचालन गर्दै आएका छन्। अचल सम्पत्तिमा महिलाको स्वामित्व स्थापित गर्न नेपाल सरकाले महिलाको नाममा घरजग्गा रजिष्ट्रेशण पास गर्दा लाग्ने शुल्कमा छुट दिने कानुनी व्यवस्था गरेअनुरुप त्यसको प्रभाव विस्तारै वढ्दै गएको देखिन्छ। तथापि माथिको तालिकाले नेपालमा स्थिर सम्पत्ति (घर र जग्गा) माथि महिलाको स्वामित्वमा ठुलो असमानता रहेको तथ्यलाई प्रकट गर्दछ। राष्ट्रिय स्तरमा, २३.८६% परिवारमा महिलाको स्वामित्व छ, जबकि ७४.५६% परिवारमा छैन। कर्णाली प्रदेशमा यो प्रतिशत घटेर १२.५५% मा पुगेको छ, जसले ग्रामीण क्षेत्रमा पारम्परिक लैङ्गिक भूमिका र कानूनी जागरूकताको अभावको संकेत गर्दछ। सल्यान जिल्लामा १५.८१% र कालिमाटी गाउँपालिकामा १२.३७% महिलाको स्थिर सम्पत्तिमा स्वामित्व रहेको छ। तर कालिमाटीका वडाहरूमा यो असमानता धेरै नै विविध छः वडा नं. २ मा १८.८४% (राष्ट्रिय औसतभन्दा उच्च) छ भने वडा नं. ६ मा मात्र १.९१% छ, जसले स्थानीय सामाजिक-आर्थिक असमानता, संस्कृति, वा नीतिगत कारकहरूको प्रभाव देखाउँछ।

यसले महिलाको सम्पत्तिमाथि अधिकार प्रवर्धनका लागि क्षेत्रविशेषमा अनुकूल नीति, कानूनी सुधार, र जागरूकताको आवश्यकता दर्शाउछ। विशेष गरी ग्रामीण र पिछडिएका क्षेत्रमा महिलाको आर्थिक सशक्तीकरणलाई केन्द्रित गर्नुपर्ने देखिन्छ।

## ४.२ बालबालिकाको साक्षरता दर

नेपालमा ५-१७ वर्ष उमेर समूहका कुल ७४,३०,३०० बालबालिकामध्ये ९४.१% साक्षर छन्, जसमा बालकहरूको साक्षरता दर ९४.३% र बालिकाको ९३.९% रहेको छ। कर्णाली प्रदेशमा यो दर केही उच्च (९६.६%) देखिन्छ भने सल्यानमा झन् बढी (९७.४%) छ। कालिमाटी गाउँपालिकामा ६,४३० बालबालिकामध्ये ९६.५% साक्षर छन्, जसमा बालकहरूको साक्षरता दर ९६.२% र बालिकाको ९६.८% छ। वडा स्तरमा हेर्दा, वडा नं. २ मा सबैभन्दा उच्च (९९.८%) साक्षरता दर रहेको छ, विशेषगरी बालकहरूको साक्षरता १००% पुगेको छ। वडा नं. ७ मा सबैभन्दा कम (९१.१%) साक्षरता दर देखिन्छ, जहाँ बालकहरूको ९०.५% र बालिकाहरूको ९१.७% मात्र साक्षर छन्। समग्रमा, कालिमाटीका अधिकांश वडाहरूमा बाल साक्षरता दर राम्रो देखिए पनि वडा नं. ७ मा तुलनात्मक रूपमा केही कम रहेको पाइन्छ।

*तालिका ४.२ पाँच वर्षदेखि सत्र वर्षका बालबालिकाको साक्षरता दर*

| क्षेत्र | बालबालिका(५-१७) | | | साक्षर बालबालिका | | | बाल साक्षरता दर | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका |
| नेपाल | ७४३०३०० | ३८२३९८० | ३६०६३२० | ६९९२६९६ | ३६०६६६० | ३३८६०३६ | ९४.१ | ९४.३ | ९३.९ |
| कर्णाली | ५०८२४७ | २५६९३४ | २५१३१३ | ४९०७३० | २४८१९० | २४२५४० | ९६.६ | ९६.६ | ९६.५ |
| सल्यान | ६७२५१ | ३४०७० | ३३१८१ | ६५५०२ | ३३१५८ | ३२३४४ | ९७.४ | ९७.३ | ९७.५ |
| कालिमाटी | ६४३० | ३३८१ | ३०४९ | ६२०४ | ३२५३ | २९५१ | ९६.५ | ९६.२ | ९६.८ |
| वडा नं-१ | ११४२ | ६०२ | ५४० | १०९८ | ५७९ | ५१९ | ९६.२ | ९६.२ | ९६.१ |
| वडा नं-२ | ९८२ | ५१२ | ४७० | ९८० | ५१२ | ४६८ | ९९.८ | १००.० | ९९.६ |
| वडा नं-३ | ९८९ | ४९७ | ४९२ | ९६५ | ४८१ | ४८४ | ९७.६ | ९६.८ | ९८.४ |
| वडा नं-४ | १११७ | ६१० | ५०७ | १०९० | ५९५ | ४९५ | ९७.६ | ९७.५ | ९७.६ |
| वडा नं-५ | ७९४ | ४५९ | ३३५ | ७६१ | ४३८ | ३२३ | ९५.८ | ९५.४ | ९६.४ |
| वडा नं-६ | ६५१ | ३२१ | ३३० | ६२२ | ३०४ | ३१८ | ९५.६ | ९४.७ | ९६.४ |
| वडा नं-७ | ७५५ | ३८० | ३७५ | ६८८ | ३४४ | ३४४ | ९१.१ | ९०.५ | ९१.७ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ४.३ बालबालिकाहरुको विद्यालय जाने अवस्था

तलको तालिकामा ५ देखि १७ वर्षका बालबालिकाहरुको विद्यालयमा अध्ययन गर्न जाने वा नजाने अवस्था प्रस्तुत गरिएको छ। कर्णाली र सल्यानमा विद्यालय जाने बालबालिकाको प्रतिशत क्रमशः ९२.८४% र ९३.१२% रहेको छ, जुन राष्ट्रिय औसतभन्दा उच्च छ। कालिमाटी गाउँपालिकामा ८९.७% बालबालिका हाल विद्यालय गइरहेका छन्, ७.५४% विगतमा गएका तर हाल गई रहेका छैनन्, र २.६६% ले कहिल्यै विद्यालय नपढेका छन्। वडा स्तरमा हेर्दा, वडा नं. २ मा सबैभन्दा बढी (९४.३%) विद्यालय जाने दर रहेको छ, भने वडा नं. ७ मा सबैभन्दा कम (८७.९५%) छ। साथै, वडा नं. ७ मै कहिल्यै विद्यालय नजाने बालबालिकाको प्रतिशत सबैभन्दा बढी

(७.९५%) छ, जबकि वडा नं. २ मा यो दर निकै कम (०.१%) मात्र रहेको छ। समग्रमा, कालिमाटी गाउँपालिकाको विद्यालय जाने दर राष्ट्रिय औसत बराबर भए पनि केही वडामा विद्यालय नजाने बालबालिकाको दर अझै चिन्ताजनक देखिन्छ।

*तालिका ४.३ पाँचदेखि सत्र वर्षका बालबालिकाहरुको विद्यालय जाने अवस्था*

| क्षेत्र | ५-१७ वर्षका बालबालिका | हाल विद्यालय गइरहेका (%) | विगतमा गएका (%) | कहिल्यै विद्यालय नगएका (%) |
|---|---|---|---|---|
| नेपाल | ७४३०३०० | ८९.५४ | ५.२४ | ५.१२ |
| कर्णाली | ५०८२४७ | ९२.८४ | ४.३४ | २.५६ |
| सल्यान | ६७२५१ | ९३.१२ | ४.९२ | १.७३ |
| कालिमाटी | ६४३० | ८९.७ | ७.५४ | २.६६ |
| वडा नं-१ | ११४२ | ८७.६५ | ८.३२ | ४.०३ |
| वडा नं-२ | ९८२ | ९४.३ | ५.५ | ०.१ |
| वडा नं-३ | ९८९ | ८९.६९ | ७.५८ | २.६३ |
| वडा नं-४ | १११७ | ९०.४२ | ८.०६ | १.५२ |
| वडा नं-५ | ७९४ | ८९.६७ | ८.६९ | १.३९ |
| वडा नं-६ | ६५१ | ८७.२५ | ११.२१ | १.५४ |
| वडा नं-७ | ७५५ | ८७.९५ | ३.८४ | ७.९५ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ४.४ पाँच वा सोभन्दा मुनिका बालबालिकाको जन्म दर्ताको अवस्था

*तालिका ४.४ पाँच वा पाँच वर्ष मुनिका बालबालिकाको जन्म दर्ताको अवस्था*

| क्षेत्र | पाँच वर्षसम्मका जम्मा | जन्म दर्ता गरेका | | जन्मदर्ता नगरेका | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| कर्णाली | २०४६३८ | १७८६१४ | ८७.३ | २६०२४ | १२.७ |
| सल्यान | २७८२४ | २४७७० | ८९.० | ३०५४ | ११.० |
| कालिमाटी | २५६९ | २२६४ | ८८.१ | ३०५ | ११.९ |
| वडा नं-१ | ४६२ | ४१४ | ८९.६ | ४८ | १०.४ |
| वडा नं-२ | ४७२ | ४२७ | ९०.५ | ४५ | ९.५ |
| वडा नं-३ | ४७९ | ४१४ | ८६.४ | ६५ | १३.६ |
| वडा नं-४ | ३८५ | ३४४ | ८९.४ | ४१ | १०.६ |
| वडा नं-५ | २७४ | २३२ | ८४.७ | ४२ | १५.३ |
| वडा नं-६ | २४० | २१५ | ८९.६ | २५ | १०.४ |
| वडा नं-७ | २५७ | २१८ | ८४.८ | ३९ | १५.२ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

नेपालको जनगणनाको इतिहासमा ५ वर्षसम्मका बालबालिकाको जन्मदर्ता सम्बन्धी प्रश्न पहिलो पटक वि सं २०७८ को जनगणनामा राखिएको थियो। नेपाल सरकारको पाँच वर्षसम्मका बालबालिकाको जन्मदर्तालाई सर्वब्यापी बनाउने नीति का सन्दर्भमा यस तथ्याङ्कले महत्त्वपूर्ण सूचना प्रदान गर्छ। कर्णाली प्रदेशमा ८७.३% (१,७८,६१४) बालबालिकाको जन्म दर्ता भएको देखिन्छ भने १२.७% (२६,०२) को दर्ता गरिएको छैन। सल्यान जिल्लामा यो प्रतिशत ८९% (२४,७७०) र कालिमाटीमा ८८.१% (२,२६४) छ, जसले ग्रामीण तहमा पनि दर्ता प्रक्रियाको सकारात्मक प्रवृत्ति देखाउँछ। वडागतरुपमा कालिमाटी गाउँपालिका जन्म दर्ता हेर्दा वडा नं. २ मा सबैभन्दा उच्च ९०.५% (४२७) दर्ता दर रहेको छ भने वडा नं. ५ र ७ मा क्रमशः ८४.७% (२३२) र ८४.८% (२१८) मात्रै छ। वडा नं. ३ मा १३.६% (६५) र वडा नं. ५ मा १५.३% (४२) जन्मदर्ता नभएको अवस्थाले यी क्षेत्रहरूमा बालअधिकार र सरकारी सेवाप्रति पहुँचमा चुनौती रहेको सङ्केत गर्दछ। यसैगरी, कालिमाटीका धेरै वडाहरूमा दर्ता दर ८५-९०% को दायरामा छ, तर थोरै मात्रै असमानताले स्थानीय स्तरमा लक्षित नीति र जनसाक्षरता अभियानको आवश्यकता देखाउँछ। जन्म दर्ता हुन नसकेको उच्च प्रतिशतले नागरिक पहिँचान प्रणालीमा अझै पनि अशिक्षा र दूरस्थ भौगोलिक अवस्थितिको प्रभावले चुनौती दिइरहेको छ।

## ४.५ अठार वर्ष मुनिका बालबालिकाको बसाइँको प्रवन्ध

*तालिका ४.५ अठार वर्ष मुनिका बाललालिकाको बसाइँको प्रवन्ध*

| क्षेत्र | जम्मा | आमा र बाबुसँग | आमासँग मात्र | वुवासँग मात्र | बाबु र सौतेनी आमासँग | आमा र सौतेनी बाबुसँग | अन्य नातेदारसँग | अन्य | उल्लेख नगरेका |
|---|---|---|---|---|---|---|---|---|---|
| कर्णाली | ६७७०४८ | ८१.६ | १३.२ | ०.९ | ०.४ | ०.१ | ३.३ | ०.५ | ०.१ |
| सल्यान | ९०३४९ | ७८.१ | १७.१ | १.० | ०.४ | ०.१ | ३.० | ०.३ | ०.१ |
| कालिमाटी | ८५६२ | ८०.४ | १४.३ | १.३ | ०.६ | ०.१ | ३.२ | ०.१ | ०.१ |
| वडा नं-१ | १५२५ | ८६.२ | ९.८ | १.० | ०.६ | ०.० | २.३ | ०.० | ०.१ |
| वडा नं-२ | १३८८ | ७५.६ | १८.९ | १.९ | ०.१ | ०.१ | ३.१ | ०.० | ०.२ |
| वडा नं-३ | १३८९ | ८०.० | १५.८ | १.१ | १.४ | ०.२ | १.४ | ०.२ | ०.० |
| वडा नं-४ | १४२७ | ७५.६ | १६.९ | १.६ | ०.६ | ०.१ | ५.३ | ०.० | ०.० |
| वडा नं-५ | १०२५ | ८४.६ | १०.१ | १.७ | ०.३ | ०.० | ३.२ | ०.० | ०.१ |
| वडा नं-६ | ८४४ | ८५.० | १०.० | ०.८ | ०.५ | ०.५ | ३.१ | ०.२ | ०.० |
| वडा नं-७ | ९६४ | ७७.४ | १६.८ | ०.६ | ०.५ | ०.० | ४.३ | ०.२ | ०.२ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

माथिको तालिकामा विभिन्न प्रशासनिक क्षेत्रमा बालबालिकाको पालनपोषण वा अभिभावकत्वको संरचनागत विवरण दिइएको छ। कालिमाटी गाउँपालिका लगायत सबै क्षेत्रमा अधिकांश बालवालिका आमासँग वस्ने गरेको पाइएको छ। आमावावुसँग वस्न पाउनु बालवालिकाको नैसर्गिक अधिकार हो। उनीहरुको सर्वाङ्गीण एवम् चौतर्फी विकासको लागि उचित रेखदेख र अभिभाकत्व चाहिन्छ। तथापि नेपालमा विद्यमान आर्थिक अभाव, वेरोजगारी, पारिवारिक

विखण्डन लागायतका विविध कारणले वालिवालिकाहरु आफ्ना आमाबाबुसँग वस्ने अवसरवाट वञ्चित रहेको देखिन्छ। फलस्वरुप बाबुको पलायन/अनुपस्थितिको कारण आमासँगमात्र बालबालिका वस्ने गरेको पाइन्छ। कालिमाटी गाउँपालिकामा ८०.४% बालबालिका आमा र बाबु दुवैसँग बस्छन् भने १४.३% आमासँग मात्र, १.३% बाबुसँग मात्र र ०.१% अन्य नातेदारसँग बस्छन्। यसले बालबालिकाको पारम्परिक र पारिवारिक सुरक्षाको ढाँचालाई देखाउँछ।

कालिमाटी गाउँपालिकाका वडा नं. १ मा ८६.२% बालबालिका आमा-बाबुसँग बस्छन् भने वडा नं. २ मा यो प्रतिशत ७५.६% मा सीमित छ र १८.९% आमासँग मात्र बस्छन्। वडा नं. ४ मा ५.३% बालबालिका अन्य नातेदारसँग बस्ने गरेको देखिन्छ। वडा नं. ५ र ७ मा क्रमशः ८४.६% र ७७.४% बालबालिका आमा-बाबुसँग बस्छन्, तर यी वडाहरूमा अन्य नातेदार वा "अन्य" श्रेणीमा पर्ने बालबालिकाको प्रतिशतले सामाजिक सुरक्षाको अन्तराल देखाउँछ। साथै, सौतेनी आमा/बाबुसँग बस्ने बालबालिकाको प्रतिशत सबै क्षेत्रमा न्यून (०.१-१.४%) छ, जसले पुनर्विवाह वा मिश्रित परिवारको न्यून प्रचलन रहेको सङ्केत गर्छ। यस तथ्याङ्कले बालकल्याण नीतिहरूमा पारिवारिक संरचनाको विविधता, विशेष गरी एकल अभिभावक वा नातेदारको जिम्मेवारीमा पर्ने बालबालिकाको सुरक्षा र शिक्षामा ध्यान केन्द्रित गर्नुपर्ने आवश्यकता औंल्याउदछ।

## ४.६ बाल आश्रित अनुपात

मानिसले आफ्नो जिवनभर आयआर्जन हुने काम गर्न सक्दैन। जीवनको बाल्यकाल तथा वृद्धावस्थामा परिवार वा अरुमा भर पर्नु पर्दछ। प्रतिसय जना काम गर्ने उमेर समूहका ब्यक्तिमा आश्रित हुने जनसंख्यालाई बाल आश्रित वा वृद्ध आश्रित अनुपात भनिन्छ। तलको तालिकाअनुसार कर्णालीमा बालबालिका प्रतिशत उच्च (३३.१%) रहेको छ, जसको कारणले बाल आश्रित अनुपात पनि बढी (५३.६%) देखिन्छ। कालिमाटी गाउँपालिकामा ३०.८% जनसंख्या १४ वर्षमुनिका छन्, र बाल आश्रित अनुपात ४८.४% रहेको छ, जुन सल्यानसँग मिल्दोजुल्दो छ। वडागत रूपमा, वडा नं. ६ (३२.५%) र वडा नं. ७ (३२.४%) मा बालबालिका हिस्सा उच्च देखिन्छ, जसले गर्दा बाल आश्रित अनुपात पनि क्रमशः ५१.४% र ५२.८% रहेको छ। वडा नं. ५ मा सबैभन्दा कम (२८.३%) बालबालिका रहेका छन्, जसको बाल आश्रित अनुपात पनि सबैभन्दा कम (४३.३%) छ। समग्रमा, कालिमाटीमा बालबालिकाको अनुपात राष्ट्रिय औसतभन्दा थोरै उच्च रहेको छ, जसले गर्दा आश्रित जनसंख्या तुलनात्मक रूपमा बढी देखिन्छ।

*तालिका ४.६ बाल आश्रित अनुपात*

| क्षेत्र | जम्मा जनसंख्या | उमेर समूह अनुसारको जनसंख्या | | चौध वर्षसम्मको बालबालिकाको % | बाल आश्रित अनुपात |
|---|---|---|---|---|---|
| | | १५-६४ वर्ष | ०-१४ वर्ष | | |
| नेपाल | २९१६४५७८ | १९०२७२८९ | ८११५५७५ | २७.८ | ४२.७ |
| कर्णाली | १६८८४१२ | १०४३०२६ | ५५८८९१ | ३३.१ | ५३.६ |
| सल्यान | २३८५१५ | १५११९०७ | ७३२३० | ३०.७ | ४८.२ |

| क्षेत्र | जम्मा जनसंख्या | उमेर समूह अनुसारको जनसंख्या | | चौध वर्षसम्मको बालबालिकाको % | बाल आश्रित अनुपात |
|---|---|---|---|---|---|
| | | १५-६४ वर्ष | ०-१४ वर्ष | | |
| कालिमाटी | २२२०६ | १४१४६ | ६८४२ | ३०.८ | ४८.४ |
| वडा नं-१ | ४००९ | २५५४ | १२२५ | ३०.६ | ४८.० |
| वडा नं-२ | ३६०९ | २२९४ | ११३५ | ३१.४ | ४९.५ |
| वडा नं-३ | ३७४९ | २४३९ | १११२ | २९.७ | ४५.६ |
| वडा नं-४ | ३५६४ | २२४० | ११२४ | ३१.५ | ५०.२ |
| वडा नं-५ | २७९५ | १८३० | ७९२ | २८.३ | ४३.३ |
| वडा नं-६ | २०९५ | १३२४ | ६८१ | ३२.५ | ५१.४ |
| वडा नं-७ | २३८५ | १४६५ | ७७३ | ३२.४ | ५२.८ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ४.७ बाल विवाहको अवस्था

*तालिका ४.७ बाल विवाहको अवस्था*

| क्षेत्र | २०-२४ वर्षको जनसंख्या | | | १८ वर्ष नपुग्दै विवाह गर्ने जनसंख्या | | | १८ वर्ष मुनिको बाल विवाह दर | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| नेपाल | २७३१३३९ | १२५९२१७ | १४७२१२२ | ३८५०२१ | ६२६८७ | ३२२३३४ | १४.१ | ५.० | २१.९ |
| कर्णाली | १६८५४३ | ७६४४२ | ९२१०१ | ३३९२५ | ७२५९ | २६६६६ | २०.१ | ९.५ | २९.० |
| सल्यान | २४९११ | ११३०५ | १३६०६ | ६०६० | १३४४ | ४७१६ | २४.३ | ११.९ | ३४.७ |
| कालिमाटी | २१९७ | १०२६ | ११७१ | ५८३ | १४४ | ४३९ | २६.५ | १४.० | ३७.५ |
| वडा नं-१ | ३९७ | १८० | २१७ | १०३ | २८ | ७५ | २५.९ | १५.६ | ३४.६ |
| वडा नं-२ | ३८० | १६५ | २१५ | ९७ | २३ | ७४ | २५.५ | १३.९ | ३४.४ |
| वडा नं-३ | ४२३ | १९७ | २२६ | १०९ | २८ | ८१ | २५.८ | १४.२ | ३५.८ |
| वडा नं-४ | २९६ | १३७ | १५९ | ९४ | २३ | ७१ | ३१.८ | १६.८ | ४४.७ |
| वडा नं-५ | २५३ | १२७ | १२६ | ५९ | १३ | ४६ | २३.३ | १०.२ | ३६.५ |
| वडा नं-६ | २३५ | १२४ | १११ | ७३ | २१ | ५२ | ३१.१ | १६.९ | ४६.९ |
| वडा नं-७ | २१३ | ९६ | ११७ | ४८ | ८ | ४० | २२.५ | ८.३ | ३४.२ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

बालबालिकाको सर्वाङ्गीण विकास र उचित शिक्षादिक्षा प्राप्त गर्न प्रयाप्त अवसर पाउँनु पर्छ। विगतदेखि नै बालविवाहको उच्च दरलाई मध्यनजर गर्दै नेपाल सरकारले १८ वर्ष नपुगी विवाह गर्न नपाइने कानुनी ब्यवस्था गरेको छ। माथिको तालिकाले नेपालमा बाल विवाहको अवस्था, विशेष गरी महिलामा यसको अधिक प्रचलन, र भौगोलिक असमानतालाई उजागर गर्दछ। राष्ट्रिय स्तरमा बाल विवाह दर १४.१% छ, जसमा पुरुष ५% र महिला

२१.९% छन्। यो कर्णाली प्रदेशमा बढेर २०.१% (पुरुष ९.५%, महिला २९%), सल्यान जिल्लामा २४.३%, र कालिमाटी गाउँपालिकामा २६.५% पुगेको छ। कालिमाटी गाउँपालिकाको वडा नं. ४ (३१.८%) र वडा नं. ६ (३१.१%) यो दर ३०% भन्दा सर्वाधिक छ, कालिमाटी गाउँपालिका र समग्र सल्यान जिल्लामा १८ वर्ष मुनिको बालिका विवाहदर राष्ट्रिय तथा प्रदेश स्तरभन्दा वढी देखिएकोले बाल विवाह न्यूनीकरणका लागि प्रभावकारी कार्यक्रम संचालन गर्न जरुरी छ। उक्त तथ्यले ग्रामीण क्षेत्रमा सामाजिक-आर्थिक अभाव, शैक्षिक पहुँचको कमी, र परम्परागत मान्यताको प्रभावलाई इङ्गित गर्छ।

विशेषतः यहाँ लैङ्गिक असमानता उल्लेखनीय छ। कालिमाटीको वडा नं. ४ मा महिलाको बाल विवाह दर ४४.७% (पुरुष १६.८%) छ भने वडा नं. ६ मा ४६.९% छ, जुन राष्ट्रिय औसतभन्दा धेरै अधिक हो। यसको प्रमुख कारण लैङ्गिक भेदभाव, बालिकाको शिक्षामा अवरोध र कानूनी जागरूकताको अभाव हुन सक्छ। तथापि, वडा नं. ७ मा यो दर २२.५% (महिला ३४.२%) देखिन्छ, जसले स्थानीय स्तरमा नीतिगत प्रभाव वा सामुदायिक चेतनाको सम्भावित सकारात्मक भूमिकालाई संकेत गर्छ। अतः यसले बाल विवाह नियन्त्रणका लागि लैङ्गिक समानता, शिक्षा रोजगारी, र कानूनी कार्यान्वयनमा नीति निर्माणको आवश्यकता औंल्याउँछ। विशेष गरी महिला केन्द्रित शिक्षा अभियान, आर्थिक सशक्तिकरण, र सामुदायिक जागरूकतालाई प्राथमिकता दिनुपर्ने देखिन्छ।

## ४.८ बाल श्रमको अवस्था

*तालिका ४.८ बाल श्रमको अवस्था*

| क्षेत्र | बालबालिकाको संख्या (१०-१७ वर्ष) | काम | | | काम(%) | | |
|---|---|---|---|---|---|---|---|
| | | गैरघरायसी काम | घरायसी काम | काम नगरेका | गैरघरायसी काम(%) | घरायसी काम (%) | काम नगरेका(%) |
| नेपाल | ४६६३८७३ | ६३१४३२ | ७५४६८७ | ३२७५९२६ | १३.५४ | १६.१८ | ७०.२४ |
| कर्णाली | ३२६५२९ | ३७७६३ | ८३१४४ | २०५४२६ | ११.५६ | २५.४६ | ६२.९१ |
| सल्यान | ४३८७८ | ४९६६ | ११५५३ | २७३५० | ११.३२ | २६.३३ | ६२.३३ |
| कालिमाटी | ४२४३ | २९३ | २४३६ | १५१३ | ६.९१ | ५७.४१ | ३५.६६ |
| वडा नं-१ | ७४८ | ४९ | ४१४ | २८५ | ६.५५ | ५५.३५ | ३८.१ |
| वडा नं-२ | ६२७ | ५० | ३४९ | २२८ | ७.९७ | ५५.६६ | ३६.३६ |
| वडा नं-३ | ६४६ | ४६ | ३२८ | २७२ | ७.१२ | ५०.७७ | ४२.११ |
| वडा नं-४ | ७४७ | ४१ | ५२९ | १७७ | ५.४९ | ७०.८२ | २३.६९ |
| वडा नं-५ | ५४३ | ९ | ५११ | २२ | १.६६ | ९४.११ | ४.०५ |
| वडा नं-६ | ४३७ | ३५ | २१९ | १८३ | ८.०१ | ५०.११ | ४१.८८ |
| वडा नं-७ | ४९५ | ६३ | ८६ | ३४६ | १२.७३ | १७.३७ | ६९.९ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

राष्ट्रिय जनगणना २०७८ ले नेपालमा १० देखि १७ वर्षका बालबालिकामा बाल श्रमको अभ्यासलाई उजागर गरेको छ। हुनत यहाँ उल्लेख गरिएको बालश्रम बालबालिकाको वृद्धि विकासमा अवरोध गर्ने वा जोखिमयुक्त हो हैन भन्ने बारे विस्तृत अध्ययन गरिएको छैन। बालबालिकाको सामाजिकीकरण, सिप आर्जन तथा संस्कारको सिकाइमा टेवा पुऱ्याउन पनि केही सामान्य क्रियाकलाप वाञ्छनीय हुन सक्छ। कर्णाली प्रदेश र सल्यान जिल्लामा घरायसी काममा संलग्न बालबालिकाको प्रतिशत क्रमशः २५.४६% र २६.३३% छ, जुन राष्ट्रिय मानभन्दा उच्च हो। कालिमाटी गाउँपालिका ५७.४१% बालबालिका घरायसी काममा र ६.९१ गैर घरायसी काममा संलग्न छन् भने ३५.६६ % बालबालिका कुनै पनि काममा संलग्न भएका छैनन्। यसका वडाहरूमा यो दर अत्यधिक विषम छ। वडा नं. ५ मा ९४.११% (५११ जना) र वडा नं. ४ मा ७०.८२% (५२९ जना) बालबालिका घरायसी काममा संलग्न छन्। यसैगरी, वडा नं. २ (५५.६६%) र वडा नं. १ (५५.३५%) मा पनि घरायसी काममा बाल श्रमको उच्च दर छ। तर वडा नं. ७ मा ६९.९% र वडा नं. ३ मा ४२.११% बालबालिका काममा संलग्न छैनन्।

## ४.९ अपाङ्गताको किसिमअनुसार जनसंख्या

राष्ट्रिय जनगणना २०७८ अनुसार कालिमाटी गाउँपालिकाको कुल २२,२०६ जना जनसंख्यामध्ये ६९५ (३.१%) जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको देखिन्छ भने बाँकी २१,५११ (९६.९%) कुनै पनि प्रकारको अपाङ्गता भएको देखिदैन। त्यसैगरी अपाङ्गता भएका कुल ६९५ जना ब्यक्तिमध्ये अपाङ्गताको प्रकारअनुसार सबैभन्दा वढी शारीरिक अपाङ्गता २९१ (४१.९%) दोस्रोमा न्यून दृष्टियुक्त १०६(१५.३%) र तेस्रोमा वहिरोपन ७७ (११.१%)जनामा रहेको देखिन्छ। लैङ्गिक हिसावले हेर्दा कुल ६९५ जना अपाङ्गमध्ये ३९४ (५६.७%) पुरुष र ३०१ (४३.३%) महिला अपाङ्ग रहेका छन्।

*तालिका ४.९ अपाङ्गताको किसिमअनुसार कालिमाटी गाउँपालिकाको जनसंख्या*

| अपाङ्गताको किसिम | पूरुष | महिला | जम्मा |
|---|---|---|---|
| जम्मा जनसंख्या | १०९४१ | ११२६५ | २२२०६ |
| अपाङ्गता नभएको | १०५४७ | १०९६४ | २१५११ |
| कुनै न कुनै प्रकारको अपाङ्गता भएको | ३९४ | ३०१ | ६९५ |
| शारीरिक अपाङ्गता | १६९ | १२२ | २९१ |
| न्यून दृष्टियुक्त | ५७ | ४९ | १०६ |
| वहिरोपन | ४७ | ३० | ७७ |
| बहुअपाङ्गता | ४३ | २९ | ७२ |
| स्वर र वोलाई | २६ | २२ | ४८ |
| सुस्तश्रवण | १७ | १६ | ३३ |
| पूर्ण दृष्टिविहिन | १५ | १५ | ३० |
| मानसिक र मनोसामाजिक | ८ | ७ | १५ |
| श्रवण दृष्टिविहिन | ४ | ५ | ९ |

| | | | |
|---|---|---|---|
| वौद्धिक अपाङ्गता | ३ | ६ | ९ |
| हेमोफिलिया | ३ | ० | ३ |
| अटिज्म | २ | ० | २ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

*चित्र ४.१ अपाङ्गताको किसिमअनुसार कालिमाटी गाउँपालिकाको जनसंख्या*




*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ४.१० अपाङ्गताको अवस्था

नेपालमा राष्ट्रिय जनगणना २०७८ अनुसार अपाङ्गता दर २.२२% रहेको छ, जसमा कुल २९,१६४,५७८ जनसंख्यामध्ये ६,४७,७४४ जना अपाङ्गता भएका छन्। कर्णाली प्रदेशमा अपाङ्गता दर उच्च (३.१२%) छ, जसमा कुल १६,८८,४१२ जनसंख्यामध्ये ५२,६०४ जना अपाङ्गता भएका छन्। सल्यान जिल्लामा अपाङ्गता दर २.८८% छ। कालिमाटी गाउँपालिकामा अपाङ्गता दर ३.१३% देखिन्छ, जुन नेपालको औसतभन्दा बढी हो। वडा नं-३ मा सबैभन्दा बढी (४.३७%) अपाङ्गता दर देखिन्छ, जबकि वडा नं-७ मा सबैभन्दा कम (१.९३%) छ। यसले विभिन्न क्षेत्रअनुसार अपाङ्गताको भिन्नता देखाउँछ।

*तालिका ४.१० अपाङ्गताको अवस्था*

| क्षेत्र | जनसंख्या | | | | अपाङ्गता दर |
|---|---|---|---|---|---|
| | जम्मा | अपाङ्ग | साङ्ग | उल्लेख नगरेका | |
| नेपाल | २९१६४५७८ | ६४७७४४ | २८५०९७९६ | ७०३८ | २.२२ |
| कर्णाली | १६८८४१२ | ५२६०४ | १६३५३६० | ४४८ | ३.१२ |
| सल्यान | २३८५१५ | ६८७२ | २३१६२५ | १८ | २.८८ |
| कालिमाटी | २२२०६ | ६९५ | २१५११ | ० | ३.१३ |
| वडा नं-१ | ४००९ | १२६ | ३८८३ | ० | ३.१४ |
| वडा नं-२ | ३६०९ | ११८ | ३४९१ | ० | ३.२७ |
| वडा नं-३ | ३७४९ | १६४ | ३५८५ | ० | ४.३७ |
| वडा नं-४ | ३५६४ | ११६ | ३४४८ | ० | ३.२५ |
| वडा नं-५ | २७९५ | ८२ | २७१३ | ० | २.९३ |
| वडा नं-६ | २०९५ | ४३ | २०५२ | ० | २.०५ |
| वडा नं-७ | २३८५ | ४६ | २३३९ | ० | १.९३ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ४.११ अपाङ्गता भएका ब्यक्तिको साक्षरता स्थिति

तलको तालिकाले नेपालमा पाँच वर्ष वा सोभन्दा माथिका अपाङ्गता भएका ब्यक्तिहरूमा साक्षरता दर ५०.१५% रहेको देखाउँछ। कुल ६,२१,४२३ जनसंख्यामध्ये ३,११,६३० जना मात्र साक्षर छन्, जबकि ३,०९,३३७ जना निरक्षर छन्। कर्णाली प्रदेशमा अपाङ्ग साक्षरता दर ५३.२% छ, जुन नेपालकै औसतभन्दा उच्च देखिन्छ। सल्यान जिल्लामा अपाङ्गता भएका ब्यक्तिहरूको साक्षरता दर ४८.९८% छ। कालिमाटी गाउँपालिकामायो दर ५४.५९% देखिन्छ, जसमा वडा नं-२ (६६.०९%) र वडा नं-४ (६५.५२%) उच्च साक्षरता भएका वडा हुन्, भने यो दर वडा नं-५ (४१.७७%) मा सबैभन्दा न्युन छ। यी तथ्याङ्कले अपाङ्गता भएका ब्यक्तिहरूको साक्षरता वृद्धिका लागि विशेष ध्यान दिन आवश्यक रहेको देखाउँछ।

*तालिका ४.११ अपाङ्गता भएका ब्यक्तिको साक्षरता अवस्था*

| क्षेत्र | पाँच वर्ष वा सोभन्दा माथिको अपाङ्गता भएको जनसंख्या | | | | साक्षरता दर |
|---|---|---|---|---|---|
| | जम्मा | साक्षर | निरक्षर | उल्लेख नगरेका | |
| नेपाल | ६२१४२३ | ३११६३० | ३०९३३७ | ४५६ | ५०.१५ |
| कर्णाली | ५०३०२ | २६७६० | २३४८८ | ५४ | ५३.२ |
| सल्यान | ६६६२ | ३२६३ | ३३९७ | २ | ४८.९८ |
| कालिमाटी | ६७६ | ३६९ | ३०६ | १ | ५४.५९ |
| वडा नं-१ | १२३ | ६१ | ६१ | १ | ४९.५९ |

| क्षेत्र | पाँच वर्ष वा सोभन्दा माथिको अपाङ्गता भएको जनसंख्या | | | | साक्षरता दर |
|---|---|---|---|---|---|
| | जम्मा | साक्षर | निरक्षर | उल्लेख नगरेका | |
| वडा नं-२ | ११५ | ७६ | ३९ | ० | ६६.०९ |
| वडा नं-३ | १५९ | ७४ | ८५ | ० | ४६.५४ |
| वडा नं-४ | ११६ | ७६ | ४० | ० | ६५.५२ |
| वडा नं-५ | ७९ | ३३ | ४६ | ० | ४१.७७ |
| वडा नं-६ | ४१ | २३ | १८ | ० | ५६.१ |
| वडा नं-७ | ४३ | २६ | १७ | ० | ६०.४७ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ४.१२ विधवा तथा एकल महिलाको संख्या

यहाँ एकल महिला भन्नाले प्राकृतिक, सामाजिक तथा ब्यक्तिगत जस्ता बिविध कारणले महिला आफ्नो श्रीमान् सँगै नवसेको अवस्थालाई जनाउँदछ। एकल महिला अन्तर्गत विधवा, सम्बन्ध बिच्छेद गरेका, भिन्न वसेका र ३५ वर्ष वा सो भन्दा माथिका अविवाहित महिलालाई समावेश गरिएको छ। नेपालमा १० वर्ष वा सोभन्दा माथिका कुल महिलामा विधवा महिला ६.६४% र एकल महिलाहरु ८.०२% रहेको देखाउँछ। कर्णाली प्रदेशमा विधवा महिला ५.८४% र एकल महिला ६.७८% रहेका छन्। सल्यान जिल्लामा यी दरहरू क्रमशः ६.४७% र ७.३१% रहेका छन्। कालिमाटी गाउँपालिकामा विधवा ५.४४% र एकल महिला ६.५% रहेको देखिन्छ। वडा नं-१ मा सबैभन्दा उच्च विधवा (६.६५%) र एकल महिला (८.४२%)रहेको देखिन्छ, जबकि वडा नं-७ मा यी दरहरू सबैभन्दा कम (२.५५% र २.९४%) छन्।

*तालिका ४.१२ विधवा तथा एकल महिलाको संख्या*

| क्षेत्र | १० वर्ष वा सो भन्दा माथिको महिला संख्या | | | | |
|---|---|---|---|---|---|
| | जम्मा | विधवा | एकल महिला | विधवा (%) | एकल महिला(%) |
| नेपाल | १२४३९२४७ | ८२६१४७ | ९९७६६२ | ६.६४ | ८.०२ |
| कर्णाली | ६९६०३५ | ४०६८१ | ४७१७९ | ५.८४ | ६.७८ |
| सल्यान | १०११६३ | ६५४७ | ७३९५ | ६.४७ | ७.३१ |
| कालिमाटी | ९२१७ | ५०१ | ५९९ | ५.४४ | ६.५ |
| वडा नं-१ | १६३९ | १०९ | १३८ | ६.६५ | ८.४२ |
| वडा नं-२ | १४७८ | ८८ | १०६ | ५.९५ | ७.१७ |
| वडा नं-३ | १५९७ | १०१ | ११३ | ६.३२ | ७.०८ |
| वडा नं-४ | १४९७ | ६८ | ८७ | ४.५४ | ५.८१ |
| वडा नं-५ | ११२८ | ५७ | ६७ | ५.०५ | ५.९४ |

| क्षेत्र | १० वर्ष वा सो भन्दा माथिको महिला संख्या | | | | |
|---|---|---|---|---|---|
| | जम्मा | विधवा | एकल महिला | विधवा (%) | एकल महिला(%) |
| वडा नं-६ | ८५९ | ५२ | ५८ | ६.०५ | ६.७५ |
| वडा नं-७ | १०१९ | २६ | ३० | २.५५ | २.९४ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ४.१३ लिङ्गअनुसार परिवारमूली

परिवार सङ्गै अक्सर बसोबास गर्ने सदस्यहरुमध्ये वाट परिवारको महत्त्वपूर्ण जिम्मेवारी बहन गर्ने, परिवार संचालनको लागि आवश्यक चाँजोपाजो मिलाउने र पारिवारिक विषयमा निर्णय लिने ब्यक्ति नै परिवारमूली हो। परिवारमूली महिला पूरुष जो सुकै पनि हुन सक्दछन्। परिवारमूलीको उमेर, पेशा, ब्यवसाय, शिक्षा, स्वास्थ्य, निर्णय क्षमता जस्ता आदि कुराले परिवारको आर्थिक सामाजिक सांस्कृतिक अवस्थालाई धेरै हदसम्म निर्धारण गर्ने भएकोले यहाँ परिवारमूलीको लिङ्गको आधारमा परिवारको अवस्था चित्रण गर्न खोजिएको छ।

तलको तालिकाअनुसार नेपालमा कुल ६६,६०,८४१ परिवारमध्ये ६८.४४% परिवारमा पुरुष मूली र ३१.५६% महिला मूली रहेका छन्। कर्णाली प्रदेशमा यो सुचक (६७.९२% पुरुष, ३२.०८% महिला) रहेको छ। सल्यान जिल्लामा महिला परिवार मूलीको प्रतिशत केही बढी (३३.७%) देखिन्छ। कालिमाटी गाउँपालिकामा यो दर झन् घट्दै ३२.५% पुगेको छ। वडा स्तरमा हेर्दा वडा नं-१ मा (८२.२१% पुरुष मूली) र वडा नं-५ (७६.७३% पुरुष मूली) मा पुरुषको वर्चस्व उच्च देखिन्छ, जबकि वडा नं-७ मा महिला परिवार मूलीको प्रतिशत ४९.२% पुगेर सन्तुलन नजिक रहेको छ। वडा नं-४ (४१.७१%) र वडा नं-६ (४१.३१%) मा पनि तुलनात्मक रूपमा महिला मूलीको संख्या अन्य वडाभन्दा बढी देखिन्छ, जसले महिला नेतृत्वको उल्लेख्य उपस्थिति देखाउँछ। यी वडामा सम्भवत: पुरुषको अनुपस्थितिले गर्दा महिला परिवार मूलीको हिस्सा बढी देखिएको हुन सक्छ।

*तालिका ४.१३ लिङ्गअनुसार परिवारमूली*

| क्षेत्र | परिवार मूली | | | | |
|---|---|---|---|---|---|
| | जम्मा परिवार | पूरुष | महिला | पूरुष(%) | महिला(%) |
| नेपाल | ६६६०८४१ | ४५५८७६१ | २१०२०८० | ६८.४४ | ३१.५६ |
| कर्णाली | ३६६०३७ | २४८६०३ | ११७४३४ | ६७.९२ | ३२.०८ |
| सल्यान | ५४६७२ | ३६२४९ | १८४२३ | ६६.३ | ३३.७ |
| कालिमाटी | ४९७२ | ३३५६ | १६१६ | ६७.५ | ३२.५ |
| वडा नं-१ | ८६० | ७०७ | १५३ | ८२.२१ | १७.७९ |
| वडा नं-२ | ८१२ | ५६३ | २४९ | ६९.३३ | ३०.६७ |
| वडा नं-३ | ८६४ | ५९७ | २६७ | ६९.१ | ३०.९ |

| क्षेत्र | परिवार मूली | | | | |
|---|---|---|---|---|---|
| | जम्मा परिवार | पुरुष | महिला | पुरुष(%) | महिला(%) |
| वडा नं-४ | ८०८ | ४७१ | ३३७ | ५८.२९ | ४१.७१ |
| वडा नं-५ | ५९३ | ४५५ | १३८ | ७६.७३ | २३.२७ |
| वडा नं-६ | ४७२ | २७७ | १९५ | ५८.६९ | ४१.३१ |
| वडा नं-७ | ५६३ | २८६ | २७७ | ५०.८ | ४९.२ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ४.१४ ज्येष्ठ नागरिकसम्वन्धी विवरण

ज्येष्ठ नागरिकलाई कतै ६० वर्ष माथि त कतै ६५ वर्षदेखि माथिको जनसंख्या मानेर परिभाषित गरिएको पाइन्छ। यहाँ ६५ वर्ष वा सो भन्दा माथिको जनसंख्यालाई वृद्ध जनसंख्या मानेर विश्लेषण गरिएको छ। तलको तलिकाले नेपालमा ६५ वर्ष वा सोभन्दा माथिको जनसंख्या ६.९% रहेको देखाउँछ, जसको वृद्ध आश्रित अनुपात १०.६ छ। कर्णाली प्रदेशमा वृद्ध जनसंख्या ५.१% मात्र रहेको छ, जसले तुलनात्मक रूपमा कम वृद्ध आश्रित अनुपात (८.३) देखाउँछ। सल्यान जिल्लामा ६५+ उमेर समूहको जनसंख्या ५.६% छ भने वृद्ध आश्रित अनुपात ८.८ छ। कालिमाटी गाउँपालिकामा वृद्ध जनसंख्या ५.५% रहेको छ, जुन समग्रमा कम भए पनि वृद्ध आश्रित अनुपात ८.६ छ। वडा नं-५ र वडा नं-७ मा वृद्ध जनसंख्या उच्च (६.२%) छ, जबकि वडा नं-६ मा सबैभन्दा कम (४.३%) छ। वृद्ध आश्रित अनुपात वडा नं-७ मा उच्च (१०.०) छ।

*तालिका ४.१४ ज्येष्ठ नागरिक सम्वन्धी विवरण*

| क्षेत्र | जम्मा जनसंख्या | उमेर समूहअनुसारको जनसंख्या | | जम्मा जनसंख्यामा ६५+ को प्रतिशत | वृद्ध आश्रित अनुपात |
|---|---|---|---|---|---|
| | | १५-६४ | ६५+ | | |
| नेपाल | २९१६४५७८ | १९०२७२८९ | २०२१७१४ | ६.९ | १०.६ |
| कर्णाली | १६८८४१२ | १०४३०२६ | ८६४९५ | ५.१ | ८.३ |
| सल्यान | २३८५१५ | १५१९०७ | १३३७८ | ५.६ | ८.८ |
| कालिमाटी | २२२०६ | १४१४६ | १२१८ | ५.५ | ८.६ |
| वडा नं-१ | ४००९ | २५५४ | २३० | ५.७ | ९.० |
| वडा नं-२ | ३६०९ | २२९४ | १८० | ५.० | ७.९ |
| वडा नं-३ | ३७४९ | २४३९ | १९८ | ५.३ | ८.१ |
| वडा नं-४ | ३५६४ | २२४० | २०० | ५.६ | ८.९ |
| वडा नं-५ | २७९५ | १८३० | १७३ | ६.२ | ९.५ |
| वडा नं-६ | २०९५ | १३२४ | ९० | ४.३ | ६.८ |
| वडा नं-७ | २३८५ | १४६५ | १४७ | ६.२ | १०.० |

*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

# खण्ड-५ विवाह र प्रजनन् सम्वन्धी विवरण

## ५.१ दश वर्ष वा सो भन्दा माथिको जनसंख्याको बैवाहिक स्थिति

जनसंख्या परिवर्तनमा प्रभाव पार्ने जैविक तत्वमध्ये विवाह तथा प्रजनन् पनि एक महत्त्वपूर्ण तत्त्व हो। तलको तालिकाअनुसार कालिमाटी गाउँपालिकामा १० वर्ष वा सो भन्दा माथिको कुल १७,८८७ जनसंख्यामध्ये ५,६९७ जना अविवाहित छन्, जबकि ११,३९८ जना विवाहित छन्। विधुर/विधवाको संख्या ६७९ छ, जबकि पारपाचुके भएका ४२ र छुट्टिएका ७१ जना छन्। १०-१४ वर्ष समूहका अधिकांश ब्यक्ति अविवाहित छन्, जबकि १५-१९ वर्ष उमेर समूहमा ४६१ जना विवाहित भेटिन्छन्। २०-२४ वर्षको उमेर समूहमा विवाहको दर उच्च देखिन्छ (१,५३० जना)। वृद्ध उमेर समूहमा विधुर/विधवाको संख्या क्रमशः बढ्दै गएको देखिन्छ, ७५ वर्षभन्दा माथि १३७ जना विधुर/विधवा छन्। यसले उमेरअनुसार विवाह, पारपाचुके, तथा वैवाहिक सम्बन्ध विच्छेदको प्रवृत्ति देखाउँछ।

*तालिका ५.१ कालिमाटी गाउँपालिकामा दश वर्ष वा सो भन्दा माथिको जनसंख्याको बैवाहिक स्थिति*

| उमेर समूह (वर्ष) | जम्मा | अविवाहित | विवाहित | विधुर/विधुवा | पारपाचुके | छुट्टिएका |
|---|---|---|---|---|---|---|
| जम्मा | १७८८७ | ५६९७ | ११३९८ | ६७९ | ४२ | ७१ |
| १० – १४ | २५२३ | २५१६ | ७ | ० | ० | ० |
| १५ – १९ | २७४० | २२७४ | ४६१ | २ | १ | २ |
| २० – २४ | २१९७ | ६४४ | १५३० | ६ | ७ | १० |
| २५ – २९ | १८०५ | १४० | १६४१ | १० | ९ | ५ |
| ३० – ३४ | १५१३ | ४४ | १४४४ | १० | ६ | ९ |
| ३५ – ३९ | १३३९ | २० | १२८३ | २५ | ७ | ४ |
| ४० – ४४ | १२१६ | १३ | ११६३ | २८ | १ | ११ |
| ४५ – ४९ | १०२१ | ११ | ९५१ | ५४ | १ | ४ |
| ५० – ५४ | १००० | ८ | ९२७ | ५६ | २ | ७ |
| ५५ – ५९ | ७०६ | ९ | ६२८ | ६३ | २ | ४ |
| ६० – ६४ | ६०९ | ८ | ५०० | ९३ | १ | ७ |
| ६५ – ६९ | ५२३ | ५ | ४१८ | ९५ | १ | ४ |
| ७० – ७४ | ३६५ | ४ | २५७ | १०० | १ | ३ |
| ७५+ | ३३० | १ | १८८ | १३७ | ३ | १ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ५.२ लिङ्गअनुसार विवाहको मध्यक उमेर

विवाह गर्ने उमेरले व्यक्तिको शिक्षा, स्वास्थ्य र सिकाई जस्ता सर्वाङ्गीण पक्षको विकासमा प्रभाव पार्ने भएकोले यहाँ विवाह गर्दाको मध्यक उमेर अनुसारको जनसंख्या प्रस्तुत गरिएको छ। नेपालमा कुल विवाहको मध्यक उमेर २० वर्ष छ, जसमा पुरुषको २१.४ वर्ष र महिलाको १८.७ वर्ष छ। कर्णाली प्रदेशमा विवाहको मध्यक उमेर १९.७ वर्ष देखिन्छ। सल्यान र कालिमाटी गाउँपालिकाको विवाहको मध्यक उमेर १९ वर्ष रहेको छ, जसमा महिला र पुरषको उमेर क्रमशः १८.१ वर्ष र  १८ वर्ष छ। वडा तहमा हेर्दा वडा नं-७ मा विवाहको मध्यक उमेर (१८.६) सबैभन्दा कम देखिन्छ, जहाँ महिलाको उमेर १७.४ वर्ष मात्र छ। समग्र रूपमा, महिलाको विवाहको उमेर पुरुषभन्दा कम रहेको देखिन्छ, जसले केही क्षेत्रमा किशोरावस्थामै विवाह हुने प्रवृत्तिलाई संकेत गर्न सक्छ। तर विवाहको मध्यक उमेर सम्पूर्ण उमेर समूहका व्यक्तिवाट निकालिएकोले पचास साठी वर्ष माथिका व्यक्तिको विगतको कम उमेरमै विवाह गर्ने प्रचलनले विशेष प्रभाव पारेको छ।

*तालिका ५.२ लिङ्गअनुसार विवाहको मध्यक उमेर*

| लिङ्ग | विवाहको मध्यक उमेर (वर्ष) | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नेपाल | कर्णाली | सल्यान | कालिमाटी | वडा नं. | | | | | | |
| | | | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| जम्मा | २० | १९.७ | १९ | १९ | १९.४ | १९ | १९.५ | १८.६ | १९.१ | १८.७ | १८.६ |
| पुरुष | २१.४ | २०.७ | २०.१ | २०.२ | २०.५ | २०.३ | २०.७ | १९.६ | २०.३ | १९.८ | २०.२ |
| महिला | १८.७ | १८.८ | १८.१ | १८ | १८.४ | १७.९ | १८.५ | १७.८ | १८.१ | १७.८ | १७.४ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

*चित्र ५.१ लिङ्गअनुसार विवाहको मध्यक उमेर*




*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ५.३ उमेर समूहअनुसार दश वर्ष वा सो भन्दा माथिको बिवाहित जनसंख्या

*चित्र ५.२ उमेर समूह अनुसार दश वर्ष वा सो भन्दा माथिको बिवाहित जनसंख्या*




*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ५.४ पहिलो विवाह गर्दाको उमेरअनुसार दश वर्ष वा सो भन्दा माथिको विवाहित जनसंख्या

विवाह एक सामाजिक दायित्व तथा प्राकृतिक नियम हो जुन कानुनद्वारा समेत नियन्त्रित निर्देशित हुन्छ। र समाजको आधारभूत एकाई परिवार निर्माण प्रकिया हो। तर विवाह गर्ने उमेरले ब्यक्तिको स्वास्थ्य, शिक्षा, आयआर्जन जस्ता जीवनका विविध पक्षमा प्रभाव पर्ने भएकोले पहिलो विवाह गरदाको उमेर अनुसारको तथ्याङ्क आवश्यक पर्छ। तल प्रस्तुत तालिकामा पहिलो विवाह गर्दाको विभिन्न उमेर समूह अनुसारको जनसंख्या वितरण प्रस्तुत गरिएको छ। कालिमाटी गाउँपालिकामा धेरै जसो (३,७२७) ब्यक्तिले १५-१७ वर्षको उमेरमा पहिलो विवाह गरेका छन्। यसै गरी २०-२४ वर्षको समूहमा ७३३ र २५-२९ वर्षको समूहमा ६५५ ब्यक्तिहरू पहिलो विवाह गरेका छन्। ३० वर्ष र माथिका उमेर समूहमा पहिलो विवाह गर्नेको संख्या तुलनात्मक रूपमा कम रहेको देखिन्छ। चौध  वर्षमुनि पहिलो विवाह गर्ने ६५४ जना छन्। तर यी मध्ये धेरै जसो हाल २४ वर्षभन्दा माथिका छन्। केवल हालको उमेर २० वर्ष नपुगेका मध्ये केवल ३६ जनाले मात्र १४ वर्ष नपुग्दै पहिलो विवाह गरेका छन्। ३० वर्ष काटी सकेपछि पहिलो विवाह गर्नेको संख्या ९७० जना अर्थात ७.९५% रहेको छ। समग्रमा, यो तथ्याङ्कले विगतको तुलनामा कम उमेरमा विवाह गर्ने प्रचलनको घट्दो प्रवृत्ति देखिएता पनि किशोरावस्थामा विवाहको चलन अझै पनि विद्यमान रहेको यथार्थ देखाउँछ।

*तालिका ५.३ पहिलो विवाह गर्दाको उमेरअनुसार दश वर्ष वा सो भन्दा माथिको कालिमाटी गाउँपालिकाको विवाहित जनसंख्या*

| हालको उमेर समूह | जम्मा | पहिलो विवाह गर्दाको उमेर | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | <१४ | १५-१७ | १८-२० | २१-२४ | २५-२९ | ३०+ | नखुलेको |
| १० – १४ | ७ | ६ | ० | ० | ० | ० | ० | १ |
| १५ – १९ | ४६६ | ३१ | ३०० | १३३ | ० | ० | ० | २ |
| २० – २४ | १५५३ | ५५ | ५२८ | ७३३ | २३३ | ० | ० | ४ |
| २५ – २९ | १६६५ | ४९ | ४५८ | ६५५ | ३९९ | १०० | ० | ४ |
| ३० – ३४ | १४६९ | ७२ | ४२३ | ५२५ | ३१२ | १२१ | १६ | ० |
| ३५ – ३९ | १३१९ | ४२ | ४२४ | ५२१ | २२० | ९३ | १९ | ० |
| ४० – ४४ | १२०३ | ४५ | ३३५ | ४८८ | २१९ | ८८ | २७ | १ |
| ४५ – ४९ | १०१० | ५९ | २५३ | ४०१ | २०६ | ७० | १७ | ४ |
| ५० – ५४ | ९९२ | ५२ | २६२ | ३५२ | २०९ | ८९ | २६ | २ |
| ५५ – ५९ | ६९७ | ४५ | १८१ | २४३ | १४४ | ५७ | २६ | १ |
| ६० – ६४ | ६०१ | ६१ | १७१ | १९५ | १०० | ५७ | १७ | ० |
| ६५ – ६९ | ५१८ | ५७ | १६० | १६७ | ७६ | ३९ | १८ | १ |
| ७० – ७४ | ३६१ | ३९ | १०० | १०७ | ५८ | ४० | १३ | ४ |
| ७५+ | ३२९ | ४१ | १३२ | ७३ | ४२ | २५ | १२ | ४ |
| जम्मा | १२१९० | ६५४ | ३७२७ | ४५९३ | २२१८ | ७७९ | १९१ | २८ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

*चित्र ५.३ पहिलो विवाह गर्दाको उमेरअनुसार कालिमाटी गाउँपालिकाको जनसंख्या*




*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

माथिको स्तम्भ चित्रले कालिमाटी गाउँपालिकामा पहिलो विवाह गर्ने उमेरसम्बन्धी भिन्नता देखाउँछ। चित्रअनुसार सबैभन्दा धेरै अर्थात् ३८% ब्यक्तिहरूले १८-२० वर्षको उमेरमा पहिलो विवाह गरेका छन्। दोस्रो ठूलो समूह १५-१७ वर्ष उमेरका (३१%) छन्, जसले विगतको किशोरावस्थामै विवाह गर्ने प्रवृत्ति उल्लेखनीय रूपमा रहेको देखाउँछ। २१-२४ वर्षमा विवाह गर्नेको प्रतिशत १८% रहेको छ, जुन परिपक्व उमेरतर्फको झुकाव देखाउँछ। २५-९ वर्षमा विवाह गर्ने ६%, ३० वर्षभन्दा माथि २% मात्र रहेका छन्। १५ वर्षभन्दा कम उमेरमा विवाह गर्ने ५% छन् भने उमेर नखुलेका ०% छन्।

## ५.५ जीवित रुपमा जन्माएका बच्चाको संख्याअनुसार विवाहित महिलाहरूको संख्या

तलको तालिकामा १५-४९ वर्षका विवाहित महिलाहरूवाट जीवित जन्मेका शिशु संख्या अनुसार महिलारुको प्रतिशत प्रस्तुत गरिएको छ। कर्णाली प्रदेशमा ११.३७% विवाहित महिलाहरूका बच्चा वच्ची छैनन्, त्यसै गरी सल्यान र कालिमाटीमा क्रमशः १०.२४% र ८.९२% महिलाहरूका बच्चा वच्ची छैनन्। १ शिशु भएका महिलाहरू कर्णालीमा १८.८५% छन्, जसको तुलनामा सल्यान (२०.३७%) र कालिमाटी (२०.४३%) मा १ शिशु भएका महिलाहरूको प्रतिशत बढी छ। दुई शिशु भएका महिलाहरू कर्णाली (२७.९७%), सल्यान (३१.०३%) र कालिमाटीमा (२९.९७%) मा उच्च प्रतिशतमा छन्। शिशु संख्या ५ र ६ भएका महिलाहरूको प्रतिशत सवै क्षेत्रमा कम (कर्णालीमा ५.८५% र २.७६% क्रमशः) छ। ७ र ८ शिशु भएका महिलाहरूको संख्या धेरै कम छ।

*तालिका ५.४ जीवित रुपमा जन्माएका बच्चाको संख्याअनुसार १५ देखि ४९ वर्षका विवाहित महिलाहरूको संख्या*

| जीवित जन्मेका शिशु संख्या | १५ देखि ४९ वर्षका जम्मा विवाहित महिला | | | | | |
|---|---|---|---|---|---|---|
| | कर्णाली | | सल्यान | | कालिमाटी | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| बच्चा वच्ची नभएका | ४०१२७ | ११.३७ | ५४४५ | १०.२४ | ४४३ | ८.९२ |
| १ शिशु | ६६५२३ | १८.८५ | १०८३५ | २०.३७ | १०१५ | २०.४३ |
| २ शिशु | ९८७१७ | २७.९७ | १६५०६ | ३१.०३ | १४८९ | २९.९७ |
| ३ शिशु | ६९१५२ | १९.५९ | १०७०७ | २०.१३ | १००५ | २०.२३ |
| ४ शिशु | ४०६९९ | ११.५३ | ५६६० | १०.६४ | ५९६ | ११.९९ |
| ५ शिशु | २०६६५ | ५.८५ | २४८३ | ४.६७ | २४३ | ४.८९ |
| ६ शिशु | ९७५८ | २.७६ | ९८८ | १.८६ | १११ | २.२३ |
| ७ शिशु | ४३०५ | १.२२ | ३६४ | ०.६८ | ४२ | ०.८५ |
| ८ शिशु | २०२० | ०.५७ | १५२ | ०.२९ | १५ | ०.३० |
| ९वा सो भन्दा वढी शिशु | १०१७ | ०.२९ | ५१ | ०.१० | १० | ०.२० |
| जम्मा | ३५२९८३ | १००.०० | ५३१९१ | १००.०० | ४९६९ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

*चित्र ५.४ जीवित रुपमा जन्माएका बच्चाको संख्याअनुसार १५-४९ वर्षका विवाहित महिलाहरूको प्रतिशत*




## ५.६ जीवित रुपमा जन्माएका बच्चाको संख्या र आमाको उमेरअनुसार महिलाहरूको संख्या

*तालिका ५.५ पन्ध्र देखि उनन्चास वर्षका विवाहित महिलाहरूले जीवित रुपमा जन्माएका बच्चाको संख्या र उमेरअनुसार कालिमाटी गाउँपालिकाका महिलाको संख्या*

| जीवित जन्मेका जम्मा शिशु संख्या | जम्मा विवाहित महिला | आमाको उमेर (वर्ष) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १५-१९ | २०-२४ | २५-२९ | ३०-३४ | ३५-३९ | ४०-४४ | ४५-४९ |
| बच्चा वच्ची नभएका | ४४३ | १४६ | १६७ | ६२ | १५ | १८ | १० | २५ |
| १ शिशु | १०१५ | १६० | ५०४ | २१३ | ७८ | २५ | १९ | १६ |
| २ शिशु | १४८९ | २७ | २६९ | ४८६ | ३१८ | २०८ | १२३ | ५८ |
| ३ शिशु | १००५ | २ | ३५ | १२२ | २६२ | २२७ | २२० | १३७ |
| ४ शिशु | ५९६ | ० | २ | ३६ | ८५ | १७१ | १५१ | १५१ |
| ५ शिशु | २४३ | ० | ० | ३ | २५ | ५४ | ८४ | ७७ |
| ६ शिशु | १११ | ० | ० | १ | ९ | १७ | ३५ | ४९ |
| ७ शिशु | ४२ | ० | ० | ० | २ | ९ | ७ | २४ |
| ८ शिशु | १५ | ० | ० | ० | ० | ३ | ५ | ७ |
| ९+ शिशु | १० | ० | ० | ० | ० | ० | २ | ८ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ५.७ विवाहित महिलाको उमेर अनुसार विगत १२ महिनामा जीवित जन्मेका शिशुको संख्या

कर्णाली प्रदेश सल्यान र कालिमाटी गाउँपालिकामा अन्य उमेर समूह भन्दा २०-२४ वर्षका आमाबाट सबैभन्दा वढी शिशु जन्मने गरेका छन्। २५-२९ वर्षका आमाहरूको शिशु संख्या क्रमशः कर्णाली (२३.६५%), सल्यान (२२.५८%), र कालिमाटी (२३.५८%) मा महत्त्वपूर्ण छ। उमेरको वृद्धिसँगै शिशु जन्मदर घट्दो क्रममा छ, । १५-१९ वर्षको उमेर समूहमा शिशु जन्मको उच्च प्रतिशतले किशोरावस्थामा गर्भवती हुने प्रचलन संकेत गर्छ। खासगरेर यस्तो प्रवृत्ति कर्णाली प्रदेश र सल्यान जिल्ला भन्दा कालिमाटी गाउँपालिकामा वढी (२१.२४%) देखिएको छ।

*तालिका ५.६ विवाहित महिलाको उमेरअनुसार विगत १२ महिनामा जीवित जन्मेका शिशुको संख्या*

| आमाको उमेर समूह | कर्णाली | | सल्यान | | कालिमाटी | |
|---|---|---|---|---|---|---|
| | शिशु संख्या | प्रतिशत | शिशु संख्या | प्रतिशत | शिशु संख्या | प्रतिशत |
| १५-१९ वर्ष | ४७१८ | १५.०६ | ७७७ | १७.६५ | ८२ | २१.२४ |
| २०-२४ वर्ष | १३४२५ | ४२.८६ | १९७० | ४४.७५ | १४७ | ३८.०८ |
| २५-२९ वर्ष | ७४०९ | २३.६५ | ९९४ | २२.५८ | ९१ | २३.५८ |
| ३०-३४ वर्ष | ३३१९ | १०.६० | ४२० | ९.५४ | ४८ | १२.४४ |
| ३५-३९ वर्ष | १४३३ | ४.५७ | १४१ | ३.२० | १२ | ३.११ |
| ४०-४४ वर्ष | ६६२ | २.११ | ६४ | १.४५ | ४ | १.०४ |
| ४५-४९ वर्ष | ३५७ | १.१४ | ३६ | ०.८२ | २ | ०.५२ |
| जम्मा | ३१३२३ | १००.०० | ४४०२ | १००.०० | ३८६ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ५.८ मृत्यू भएका छोराछोरीको संख्याअनुसार १५ देखि ४९ वर्षका विवाहित महिलाहरूको संख्या

राष्ट्रिय जनगणना २०७८ अनुसार कर्णालीमा ११.३७% विवाहित महिलाहरूका बच्चा वच्ची जन्मिएका छैनन्, भने सल्यान र कालिमाटीमा बच्चा नजन्मिएका महिलाहरू क्रमशः १०.२४% र ८.९२% छन्। कुनै पनि छोराछोरीको मृत्यू नभएको महिलाहरू कर्णालीमा ७८.८६%, सल्यानमा ८१.९०% र कालिमाटीमा ८०.७६% छन्। १ छोरा वा छोरीको मृत्यू भएका महिलाहरू कर्णालीमा ६.७४%, सल्यानमा ५.८७% र कालिमाटीमा ७.७७% छन्। अन्य उमेर समूहहरूमा छोरा/छोरीको मृत्यूको प्रतिशत निकै कम छ, जसले स्वास्थ्य सेवाको पहुँच र बाल संरक्षणमा सुधारको संकेत दिन्छ। कर्णाली प्रदेशको तुलनामा सल्यान तथा कालिमाटी गाउँपालिकामा सन्तानको मृत्यूदर कम रहेको छ। तर यस तथ्याङ्कले हालको मृत्यूदरलाईमात्र इङ्गित नगरी विगतको संचित मृत्यूको अवस्थालाई समेत समाविष्ट गरेकाले लामो अवधिको मृत्यूदरलाई प्रतिविम्बित गर्छ।

*तालिका ५.७ मृत्यू भएका छोराछोरीको संख्याअनुसार १५ देखि ४९ वर्षका विवाहित महिलाहरूको संख्या*

| मृत्यू भएका छोराछरीको संख्या | *मृत्यू भएका बच्चाको संख्याअनुसार* जम्मा विवाहित महिला संख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | कर्णाली | | सल्यान | | कालिमाटी | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| बच्चा वच्ची नजन्मिएका | ४०१२७ | ११.३७ | ५४४५ | १०.२४ | ४४३ | ८.९२ |
| कुनै पनि छोराछोरीको मृत्यू नभएको | २७८३७५ | ७८.८६ | ४३५६२ | ८१.९० | ४०१३ | ८०.७६ |
| १ छोरा / छोरी | २३८०७ | ६.७४ | ३१२१ | ५.८७ | ३८६ | ७.७७ |
| २ छोरा / छोरी | ७०१८ | १.९९ | ७३५ | १.३८ | ९५ | १.९१ |
| ३ छोरा / छोरी | २२८० | ०.६५ | २३३ | ०.४४ | १७ | ०.३४ |
| ४ छोरा / छोरी | ८४० | ०.२४ | ६४ | ०.१२ | ११ | ०.२२ |
| ५ छोरा / छोरी | ३२९ | ०.०९ | १९ | ०.०४ | ३ | ०.०६ |
| ६ छोरा / छोरी | १२० | ०.०३ | ६ | ०.०१ | ० | ०.०० |
| ७ छोरा / छोरी | ४९ | ०.०१ | ३ | ०.०१ | ० | ०.०० |
| ८ छोरा / छोरी | २४ | ०.०१ | १ | ०.०० | ० | ०.०० |
| ९ वा सो भन्दा वढी | १४ | ०.०० | २ | ०.०० | १ | ०.०२ |
| जम्मा | ३५२९८३ | १००.०० | ५३१९१ | १००.०० | ४९६९ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ५.९ मृत्यू भएका छोराछोरीको संख्याअनुसार महिलाहरुको संख्या

तल प्रस्तुत तालिकामा कालिमाटी गाउँपालिकाका १५-४९ वर्ष उमेर समूहका विवाहित महिलाहरूमा छोराछोरीको मृत्युको विवरण प्रस्तुत गरिएको छ। यहाँका कुल ४,९६९ विवाहित महिलामध्ये ४,०१३ (८०.८%) महिलाले कुनै पनि छोराछोरी गुमाएका छैनन् भने ४४३ महिलाले सन्तान जन्माएका छैनन् र ती मध्ये ३५ वर्ष काटिसकेका ५३ जना विवाहित महिला निःसन्तान छन्। छोराछोरी गुमाएका महिलाको संख्या ५१३ छ, जसमा अधिकांशले एक वा दुई सन्तान गुमाएका छन्। एक सन्तान गुमाएका महिला ३८६ (७.७७%) छन् भने दुई सन्तान गुमाएका ९५ (१.९१%) छन्। तीन वा सोभन्दा बढी सन्तान गुमाउनेको संख्या निकै कम छ।

*तालिका ५.८ मृत्यू भएका बच्चाको संख्या र आमाको उमेरअनुसार कालिमाटी गाउँपालिकाका महिलाहरुको संख्या*

| मृत्यू भएका छोराछोरीको संख्या | उमेर समूह अनुसार जम्मा विवाहित महिलाको संख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १५-१९ | २०-२४ | २५-२९ | ३०-३४ | ३५-३९ | ४०-४४ | ४५-४९ | जम्मा |
| बच्चा वच्ची नजन्मिएका | १४६ | १६७ | ६२ | १५ | १८ | १० | २५ | ४४३ |
| कुनै पनि छोराछोरीको मृत्यू नभएको | १८५ | ७८४ | ८११ | ६८९ | ६०९ | ५२५ | ४१० | ४०१३ |
| १ छोरा / छोरी | ३ | २१ | ४६ | ६८ | ८२ | ९० | ७६ | ३८६ |
| २ छोरा / छोरी | १ | ५ | ४ | १८ | १७ | २३ | २७ | ९५ |
| ३ छोरा / छोरी | ० | ० | ० | ३ | ४ | ३ | ७ | १७ |

| मृत्यू भएका छोराछोरीको संख्या | उमेर समूह अनुसार जम्मा विवाहित महिलाको संख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १५-१९ | २०-२४ | २५-२९ | ३०-३४ | ३५-३९ | ४०-४४ | ४५-४९ | जम्मा |
| ४ छोरा / छोरी | ० | ० | ० | १ | २ | ५ | ३ | ११ |
| ५ छोरा / छोरी | ० | ० | ० | ० | ० | ० | ३ | ३ |
| ६ छोरा / छोरी | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ छोरा / छोरी | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८ छोरा / छोरी | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ९ वा सो भन्दा वढी | ० | ० | ० | ० | ० | ० | १ | १ |
| जम्मा | ३३५ | ९७७ | ९२३ | ७९४ | ७३२ | ६५६ | ५५२ | ४९६९ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ५.१० कालिमाटी गाउँपालिकामा १५-४९ वर्षका महिलाले जन्माएका बच्चाको अवस्था

तलको तालिकाअनुसार आमाको उमेर वढ्दै जाँदा जन्माएका छोराछोरीको मृत्यूदर पनि वढ्दै गएको छ। महिलाको तुलनामा पुरुषको जन्मदर तथा मृत्यूदर दुबै वढी देखिन्छ। कालिमाटी गाउँपालिकामा १५ देखि ४९ वर्षका विवाहित महिलाहरूबाट हालसम्म जन्मेका जीवितै बच्चाको संख्या (CEB) ११,७८० रहेको छ, जसमा ६,१८९ पुरुष र ५,५९१ महिला छन्। तीमध्ये हालसम्म जीवित रहेका बच्चा ११,०८५ जना छन् (५,८०९ पुरुष र ५,२७६ महिला), भने ६९५ बच्चा (३८० पुरुष र ३१५ महिला) जीवितै जन्मिएर मृत्यु भइसकेका छन्। यसले करिब ५.९% बच्चा मृत्यु भएको देखाउँछ। उमेर अनुसार हेर्दा, १५-१९ वर्ष उमेर समूहमा बच्चा मृत्युदर अत्यन्तै कम देखिएको छ, तर उमेर बढेसँगै मृत्युदर पनि क्रमशः वृद्धि भएको पाइन्छ, विशेषतः ४५-४९ वर्ष उमेर समूहमा ८.८% जतिको मृत्युदर देखिन्छ।

*तालिका ५.९ कालिमाटी गाउँपालिकामा १५ देखि ४९ वर्षका विवाहित महिलाले जन्माएका जीवित बच्चा, जीवित जन्मेर मरेका र अहिलेसम्म जीवित रहेका बच्चाको संख्या*

| आमाको उमेर (वर्ष) | हालसम्म जिवितै जन्मेका बच्चाहरुको संख्या (CEB) | | | हालसम्म जिवितै रहेका बच्चाहरुको संख्या (Children Still Alive) | | | जिवितै जन्मेर मृत्यू भएकाहरुको संख्या (Children Dead) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पूरुष | महिला | जम्मा | पूरुष | महिला | जम्मा | पूरुष | महिला |
| १५-१९ | २२० | ११४ | १०६ | २१५ | १११ | १०४ | ५ | ३ | २ |
| २०-२४ | ११५५ | ६१६ | ५३९ | ११२४ | ६०० | ५२४ | ३१ | १६ | १५ |
| २५-२९ | १७१६ | ८८३ | ८३३ | १६६२ | ८५१ | ८११ | ५४ | ३२ | २२ |
| ३०-३४ | २०३३ | १०७८ | ९५५ | १९१६ | १०१७ | ८९९ | ११७ | ६१ | ५६ |
| ३५-३९ | २२६५ | ११८६ | १०७९ | २१२९ | ११०७ | १०२२ | १३६ | ७९ | ५७ |
| ४०-४४ | २२६६ | ११८७ | १०७९ | २१०१ | ११०३ | ९९८ | १६५ | ८४ | ८१ |
| ४५-४९ | २१२५ | ११२५ | १००० | १९३८ | १०२० | ९१८ | १८७ | १०५ | ८२ |
| जम्मा | ११७८० | ६१८९ | ५५९१ | ११०८५ | ५८०९ | ५२७६ | ६९५ | ३८० | ३१५ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

# खण्ड-६ बसाइँसराई तथा अनुपस्थित जनसंख्यासम्वन्धी विवरण

जनसंख्यालाई प्रभाव पार्ने तत्त्वमध्ये जन्म मृत्यू जस्तै वसाइँसराई पनि एक हो ।हालको अक्सर बसोबास गरेको ठाँउभन्दा पहिले अक्सर बसोबास गरेको ठाँउ फरक भएमा यसलाई बसाइँसराई मानिन्छ। राष्ट्रिय जनगणना २०७८ मा एउटा स्थानीय तहवाट अर्को स्थानीय तहमा अक्सर बसोबास परिबर्तन गरेको व्यक्तिलाई बसाइँसराई गरेको व्यक्तिकारुपमा परिभाषित गरिएको छ। बसाइँसराईलाई जन्मस्थान र अक्सर बसोबासको आधारमा हेर्न सकिन्छ। जस अनुसार हाल बसोबास गरेको स्थानीय तह वा जिल्लाभन्दा पहिलेको अक्सर बसोबास गरेको स्थानीय तह वा जिल्ला फरक भएमा उक्त व्यक्ति बसाइँसराईकर्ता मानिन्छ।

## ६.१ जन्मस्थानको आधारमा जनसंख्या

तलको तालिकाअनुसार कर्णाली, सल्यान र कालिमाटीमा ९९.६४% भन्दा वढी ब्यक्तिहरु स्वदेशमा नै जन्मेका छन्। स्वदेशमा जन्मेका मध्ये धरैजसो व्यक्ति बसोबास गरेकै जिल्लाको स्थानीय तहमा जन्मेका छन्। यस्ता ब्यक्तिहरु कर्णाली, सल्यान र कालिमाटीमा क्रमशः ८५.०६%, ८८.१७% र ८६.०१% छन्। यी क्षेत्रमा बसोबास गरेकै जिल्लाको अर्को स्थानीय तहमा जन्मेका ब्यक्तिहरुको हिस्सा ६ प्रतिशतको वरिपरि छ। जसले सम्बन्धित जिल्लाको पालिकास्तरको बसाइँसराई झल्काउछ। गणना गरेको ठाँउभन्दा फरक जिल्लामा जन्मेका ब्यक्तिहरु मध्ये जन्मस्थान पहाड भएका ब्यक्तिको वर्चस्व देखिन्छ।

*तालिका ६.१ जन्मस्थानको आधारमा जनसंख्या*

| जन्मस्थान | | कर्णाली | | सल्यान | | कालिमाटी | |
|---|---|---|---|---|---|---|---|
| | | जनसंख्या | % | जनसंख्या | % | जनसंख्या | % |
| जम्मा जनसंख्या | | १६८८४१२ | १००.०० | २३८५१५ | १०० | २२२०६ | १००.०० |
| स्वदेशमा जन्मिएका | | १६८२२७६ | ९९.६४ | २३७८५२ | ९९.७२ | २२१५१ | ९९.७५ |
| बसोबास गरेकै जिल्लामा जन्मेका | बसोबास गरेकै स्थानीय तहमा जन्मेका | १४३६१६४ | ८५.०६ | २१०३०३ | ८८.१७ | १९१०० | ८६.०१ |
| | बसोबास गरेकै जिल्लाको अर्को स्थानीय तहमा जन्मेका | १०१६०४ | ६.०२ | १६३९९ | ६.८८ | १४९६ | ६.७४ |
| बसोबास गरेको भन्दा फरक जिल्लामा जन्मेका | हिमाल | २७७१२ | १.६४ | २६० | ०.११ | २८ | ०.१३ |
| | पहाड | ९८८७९ | ५.८६ | ७४९८ | ३.१४ | १००७ | ४.५३ |
| | तराई | १७८६१ | १.०६ | ३३८१ | १.४२ | ५१६ | २.३२ |
| | जिल्ला नखुलेको | ५६ | ०.०० | ११ | ०.०० | ४ | ०.०२ |
| विदेशमा जन्मिएका | | ५४४१ | ०.३२ | ५६६ | ०.२४ | ४७ | ०.२१ |
| जन्मस्थान नखुलेका | | ६९५ | ०.०४ | ९७ | ०.०४ | ८ | ०.०४ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ६.२ पहिले अक्सर बसोबास गरेको स्थानको आधारमा जनसंख्या

तलको तालिकाअनुसार कर्णाली सल्यान र कालिमाटी गाउँपालिकामा ग्रामिण क्षेत्रका सम्वन्धित जिल्लाका अन्य स्थानीय तहवाट क्रमशः ५.२३%, ५.९५% र ६.१५% ब्यक्तिले वसाईंसराइ गरी आएको देखिन्छ। त्यसै गरी अन्य जिल्लाका ग्रामीण क्षेत्रवाट बसाईंसरी आउनेको हिस्सा क्रमशः६.६७%, ३.४६% र ६.१९% रहेको छ भने शहरी क्षेत्रवाट बसाइँसराईगरी आउनेको अंश नगण्य छ। समग्रमा भन्दा यी क्षेत्रहरुमा ग्रामीण क्षेत्रवाट शहरी क्षेत्रतिर बसाइँ सराई गरी आउने प्रवृत्ति देखिन्छ।

*तालिका ६.२ पहिले अक्सर बसोबास गरेको स्थानको आधारमा जनसंख्या*

| पहिले अक्सर बसोबास गरेको ठाउँ | | कर्णाली | | सल्यान | | कालिमाटी | |
|---|---|---|---|---|---|---|---|
| | | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| जम्मा जनसंख्या | | १६८८४१२ | १००.०० | २३८५१५ | १००.०० | २२२०६ | १००.०० |
| गणना भएकै स्थानीय तह | | १४१४३५८ | ८३.७७ | २०८२१० | ८७.२९ | १८७३८ | ८४.३८ |
| अन्य स्थानीय तह | गामीण | ८८३५० | ५.२३ | १४१९५ | ५.९५ | १३६६ | ६.१५ |
| | शहरी | १३६१२ | ०.८१ | २१०५ | ०.८८ | १२२ | ०.५५ |
| | नखुलेको | ४७५५ | ०.२८ | ४७३ | ०.२० | ३५ | ०.१६ |
| अन्य जिल्ला | गामीण | ११४१८७ | ६.७६ | ८२६० | ३.४६ | १३७५ | ६.१९ |
| | शहरी | २८५४५ | १.६९ | ३०६५ | १.२९ | २२६ | १.०२ |
| | नुलेको | ३९६६ | ०.२३ | २०१ | ०.०८ | १९ | ०.०९ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यलिय*

## ६.३ हाल बसोबास गरेको स्थानमा बसाइँसराई गरेको अवधि अनुसारको जनसंख्या

हाल बसोबास गरेको स्थानमा बसाइँसराई गरेका ब्यक्तिहरु मध्ये पछिल्लो एक वर्षमा कालिमाटी गाउँपालिकामा बसाइँसराई गरेका केवल ३.३४ प्रतिशत मात्र रहेका छन् जुन कर्णाली प्रदेश र सल्यान जिल्लाको तुलनामा थोरै हो। विक्रम संवत २०६८ साल देखि २०७८ सालसम्म बसाइँसराई गर्नेको हिस्सा सो भन्दा अगाडिका वर्षको तुलनामा धेरै रहेको छ।

*तालिका ६.३ हाल बसोबास गरेको स्थानमा बसाइँसराई गरेकाभध्ये हालको बसाइँको अवधि अनुसारको जनसंख्या*

| बसाइँको अवधि | कर्णाली | | सल्यान | | कालिमाटी | |
|---|---|---|---|---|---|---|
| | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| १ वर्षभन्दा कम | १०५६५ | ४.१७ | १३१८ | ४.६६ | १०५ | ३.३४ |
| १ - ४ वर्ष | ६८४२८ | २७.०० | ७११२ | २५.१३ | ५९० | १८.७७ |
| ५ - ९ वर्ष | ४७०२३ | १८.५६ | ५२४६ | १८.५४ | ५८० | १८.४५ |
| १०-२४ वर्ष | ७०३१७ | २७.७५ | ७८८६ | २७.८७ | ८६८ | २७.६२ |

| बसाइँको अवधि | कर्णाली | | सल्यान | | कालिमाटी | |
|---|---|---|---|---|---|---|
| | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| २५ - ४९ वर्ष | ३८२९३ | १५.११ | ४९२९ | १७.४२ | ७१५ | २२.७५ |
| ५० वर्ष वा भन्दा वढी | ८१५१ | ३.२२ | ९९५ | ३.५२ | २०६ | ६.५५ |
| अवधि नखुलेको | १०६३८ | ४.२० | ८१३ | २.८७ | ७९ | २.५१ |
| जम्मा जनस्ख्या | २५३४१५ | १००.०० | २८२९९ | १००.०० | ३१४३ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ६.४ आजीवन बसाईँसराईको अवस्था (Life Time Migrant)

कुनै व्यक्तिको जन्मस्थान र हालको (जनगणना गर्दाको) अक्सर बसोबास गरेको ठाउँ फरक भए त्यस्तो व्यक्तिलाई आजीवन बसाइँसराईकर्ता भनिन्छ। कुनै व्यक्ति एक ठाँउमा जन्मिएर बीचमा अर्को कुनै स्थानमा अक्सर बसोबास परिवर्तन गरेता पनि पुनः जन्मस्थानमा फर्किएमा उसले आजीवन बसाइँसराई गरेको मानिँदैन। नेपालमा कुल जनसंख्याको करिब ३१% ब्यक्तिहरूले आफ्नो जन्मस्थान छाडेर अन्यत्र बसाइँसराई गरेका छन्, जसमा २८.४७% आन्तरिक (देशभित्र) र २.५२% वाह्य (विदेशबाट फर्किएका) बसाइँसराई कर्ता छन्। कर्णाली प्रदेशमा आजीवन बसाइँसराई गर्ने ब्यक्तिहरू १४.९% रहेको छन्, जुन राष्ट्रिय औसतभन्दा निकै कम हो। अझै स्थानीय तहमा झर्दा, सल्यानको कालिमाटी गाउँपालिका र वडा तहहरूमा बसाइँसराई नगर्नेहरूको प्रतिशत ८३% भन्दा माथि रहेको छ, जुन ग्रामीण तथा दुर्गम क्षेत्रमा मानिसहरू प्रायः जन्मस्थानमै बस्ने प्रवृत्तिलाई देखाउँछ। यद्यपि, कालिमाटीको वडा नं-७ मा भने २४% ले बसाइँसराईगरेका छन्, जुन स्थानीय स्तरमा उच्च हो।

*तालिका ६.४ आजिवन बसाइँसराईको अवस्था*

| क्षेत्र | जम्मा जनसंख्या | | | बसाइँसराई कर्ताको संख्या | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | पूरुष | महिला | बसाइँसराई नगर्ने(%) | आन्तरिक(%) | वाह्य(%) |
| नेपाल | २९१६४५७८ | १४२५३५५१ | १४९११०२७ | ६८.९८ | २८.४७ | २.५२ |
| कर्णाली | १६८८४१२ | ८२३७६१ | ८६४६५१ | ८५.०६ | १४.५८ | ०.३२ |
| सल्यान | २३८५१५ | ११४९८२ | १२३५३३ | ८८.१७ | ११.५५ | ०.२४ |
| कालिमाटी | २२२०६ | १०९४१ | ११२६५ | ८६.०१ | १३.७४ | ०.२१ |
| वडा नं-१ | ४००९ | २००० | २००९ | ९०.०७ | ९.६८ | ०.१७ |
| वडा नं-२ | ३६०९ | १७७३ | १८३६ | ८८.९४ | १०.७२ | ०.३ |
| वडा नं-३ | ३७४९ | १७८८ | १९६१ | ८७.२२ | १२.५४ | ०.१९ |
| वडा नं-४ | ३५६४ | १७५३ | १८११ | ८३.११ | १६.५८ | ०.३१ |
| वडा नं-५ | २७९५ | १४६२ | १३३३ | ८८.६६ | ११.३१ | ० |
| वडा नं-६ | २०९५ | १०३९ | १०५६ | ८३.९६ | १५.८५ | ०.१४ |
| वडा नं-७ | २३८५ | ११२६ | १२५९ | ७५.८९ | २३.७७ | ०.३४ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ६.५ हाल बसोबास गरेको स्थानमा बसाइँसराई गरी आउनुको मुख्य कारणअनुसार जनसंख्या

हाल बसोबास गरेको स्थानमा बसाइँसराई गरी आउनुको मुख्य कारणमा सबै क्षेत्रमा विवाह देखिएको छ। महिलाले विवाह पश्चात आफू जन्मेको घर छोडेर श्रीमान्को घरमा जाने परम्पराका कारणले यस्तो अवस्था देखिएको हो। कर्णाली प्रदेश र सल्यानमा बसाईंसराईगरी आउनुको दोस्रो र तेस्रो कारण क्रमशः आश्रित (१४.९२%) र काम रोजगारी (८.७४%) रहेको छ भने  कालिमाटीमा विवाह पछि दोस्रो कारणमा कृषि (१२.९२%) कार्यको लागि मानिसले बसाइँसराई गरेको देखिन्छ।

*तालिका ६.५ हाल बसोबास गरेको स्थानमा बसाइँसराई गरी आउनुको मुख्य कारणअनुसार जनसंख्या*

| बसाइँराराइँ गर्नुको मुख्य कारण | कर्णाली | | सल्यान | | कालिमाटी | |
|---|---|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| काम/रोजगारी | ३४९४२ | १३.७९ | २४७४ | ८.७४ | ९९ | ३.१५ |
| ब्यापार/ब्यवयाय | १०७९९ | ४.२६ | ९१७ | ३.२४ | ३२ | १.०२ |
| अध्ययन/तालिम | २२९३८ | ९.०५ | १०४७ | ३.७० | ५९ | १.८८ |
| विवाह | १०८१२९ | ४२.६७ | १८६३८ | ६५.८६ | १६८१ | ५३.४८ |
| आश्रित | ३७८०४ | १४.९२ | २०२० | ७.१४ | ३१३ | ९.९६ |
| प्राकृतिक विपद | ९७६ | ०.३९ | ६८ | ०.२४ | १० | ०.३२ |
| कृषि | ९४५९ | ३.७३ | ८२० | २.९० | ४०६ | १२.९२ |
| घर फर्केको | ६९४० | २.७४ | ६९७ | २.४६ | १०३ | ३.२८ |
| अन्य | १४२७३ | ५.६३ | ११३८ | ४.०२ | ३६१ | ११.४९ |
| कारण नखुलेको | ७१५५ | २.८२ | ४८० | १.७० | ७९ | २.५१ |
| जम्मा | २५३४१५ | १००.०० | २८२९९ | १००.०० | ३१४३ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ६.६ गएको देशअनुसार विदेशवाट फर्केका ब्यक्तिहरुको संख्या

कर्णाली प्रदेश, सल्यान जिल्ला र कालिमाटी गाउँपालिका सबै क्षेत्रका मानिसहरुको भारत नै पहिलो सहज गन्तब्य मुलुकको रुपमा रहेको छ। तर कर्णाली र सल्यान जिल्लाको तुलनामा कालिमाटीका थोरै ब्यक्तिहरु (६४.३१%) भारत गएको देखिन्छ। यहाँका धेरै मानिसहरु मलेशिया सिङ्गापुर जस्ता आशियन (ASEAN) देशहरु गएर फर्केको देखिन्छ। कर्णाली प्रदेश, सल्यान जिल्ला र कालिमाटी गाउँपालिकाका सबै ब्यक्तिको तेस्रो गन्तव्य स्थलको रुपमा मध्य पूर्वका साउदी अरेवीया, कुवेत, कतार, यू.ए.ई. जस्ता देशहरु रहेका छन्। कालिमाटी गाउँपालिकाका विदेश गएर फर्केका ब्यक्तिहरुमध्ये १९.६९% जनसंख्या आशियन देशहरु गएर फर्केको देखिन्छ भने केवल १४.७७% ब्यक्तिहरु मध्यपूर्वका देशमा गएर फर्केको तथ्य देखिन्छ। यी वाहेक अन्य देशमा जाने ब्यक्तिको संख्या नगण्य मात्रामा रहेको छ।

*तालिका ६.६ गएको देश अनुसार विदेशवाट फर्केका व्यक्तिको जनसंख्या*

| देश | कर्णाली | | सल्यान | | कालिमाटी | |
|---|---|---|---|---|---|---|
| | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| भारत | १७६२७ | ८५.४१ | १५२२ | ७५.८७ | २०९ | ६४.३१ |
| आशियन (ASEAN) राष्ट्रहरू | १४९४ | ७.२४ | २९७ | १४.८१ | ६४ | १९.६९ |
| मध्य पूर्वका (Middle East) राष्ट्रहरु | १३२७ | ६.४३ | १७९ | ८.९२ | ४८ | १४.७७ |
| भारत बाहेकका अन्य सार्क राष्ट्र | ५८ | ०.२८ | ५ | ०.२५ | ३ | ०.९२ |
| अन्य देश | १३२ | ०.६४ | ३ | ०.१५ | १ | ०.३१ |
| देश नखुलेका | १ | ०.०० | ० | ०.०० | ० | ०.०० |
| जम्मा | २०६३९ | १००.०० | २००६ | १००.०० | ३२५ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ६.७ पहिलेको अक्सर बसोबास विदेश भएकाहरुको विदेशमा वसेको अवधिअनुसार जनसंख्या

पछिल्लो पटक विदेश गएर स्वदेश फर्केका व्यक्तिहरुले विदेशमा कति समय व्यतित गरे भनेर कर्णाली, सल्यान र कालिमाटी गाउँपालिकाको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। सबै क्षेत्रमा १ देखि ४ वर्ष विताउनेको हिस्सा सबैभन्दा वढी रहेको छ। कालिमाटी गाउपालिकामा १ वर्षभित्रै स्वदेश फर्केका व्यक्तिहरु २०.९२%, १ देखि ४ वर्षभित्र फर्केका व्यक्तिहरु ३९.३८% र ५ देखि ९ वर्ष भित्र फर्केका व्यक्तिहरु १७.८५ % रहेका छन्।

*तालिका ६.७ पछिल्लो पटकको अक्सर बसोबास विदेश भएकाहरुको विदेशमा वसेको अवधिअनुसारको जनसंख्या*

| बसाइँको अवधि | कर्णाली | | सल्यान | | कालिमाटी | |
|---|---|---|---|---|---|---|
| | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| १ वर्षभन्दा कम | ३७०४ | १७.९५ | ४०२ | २०.०४ | ६८ | २०.९२ |
| १ - ४ वर्ष | ९१६७ | ४४.४२ | ७७६ | ३८.६८ | १२८ | ३९.३८ |
| ५ - ९ वर्ष | ३४०० | १६.४७ | ३६२ | १८.०५ | ५८ | १७.८५ |
| १० - १४ वर्ष | ३१०९ | १५.०६ | ३४० | १६.९५ | ४७ | १४.४६ |
| २५ -४९ वर्ष | ६६९ | ३.२४ | ७२ | ३.५९ | १० | ३.०८ |
| ५० वर्ष र सो भन्दा माथि | ७७ | ०.३७ | १३ | ०.६५ | ३ | ०.९२ |
| अवधि नखुलेको | ५१३ | २.४९ | ४१ | २.०४ | ११ | ३.३८ |
| जम्मा | २०६३९ | १००.०० | २००६ | १००.०० | ३२५ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ६.८ अक्सर अनुपस्थित परिवार र जनसंख्या

राष्ट्रिय जनगणना २०७८ को गणना हुँदा परिवारमा अक्सर अनुपस्थित व्यक्तिको बसोबास स्वदेश भित्र वा विदेशमा कहाँ छ भनेर सोधी खोजि गरी विवरण सङ्कलन गरिएको। कालिमाटी गाउँपालिमा अक्सर बसोबास गर्ने जनसंख्या २२,२०६ र अक्सर बसोबास वाहिर भएको जनसंख्या २४४८ रहेको छ। कुल अक्सर अनुपस्थित २४२८ जना मध्ये ९७० जना स्वदेशभित्रै अन्यत्र बसोवास गर्ने गरेका छन् भने १४५८ जना विदेशमा रहेको देखिन्छ।

*तालिका ६.८ अक्सर अनुपस्थित (देशभित्र वा वाहिर) परिवार र जनसंख्या*

| क्षेत्र | अक्सर बसोबास गर्ने | | | | अक्सर अनुपस्थित (देशभित्रै) | | | | अक्सर अनुपस्थित (देशवाहिर) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार | जनसंख्या | | | परिवार | जनसंख्या | | | परिवार | जनसंख्या | | |
| | | जम्मा | पूरुष | महिला | | जम्मा | पूरुष | महिला | | जम्मा | पूरुष | महिला |
| नेपाल | ६६६६९३७ | २९१६४५७८ | १४२५३५५१ | १४९११०२७ | ८९५६१८ | २२६७२३६ | १२९४९३५ | ९७२३०१ | १५६२०५७ | २१९०५९२ | १७९९६७५ | ३९०९१७ |
| कर्णाली | ३६६२५५ | १६८८४१२ | ८२३७६१ | ८६४६५१ | ५२१२३ | १२१६४७ | ७२०५२ | ४९५९५ | ६२९४६ | ९४३२० | ७७२७८ | १७०४२ |
| सल्यान | ५४७०१ | २३८५१५ | ११४९८२ | १२३५३३ | ५९७७ | १३२२४ | ७६८३ | ५५४१ | १२८२९ | १७०२४ | १४७४५ | २२७९ |
| कालिमाटी | ४९७२ | २२२०६ | १०९४१ | ११२६५ | ४६९ | ९७० | ५८५ | ३८५ | ११०२ | १४५८ | १२४२ | २१६ |
| वडा नं-१ | ८६० | ४००९ | २००० | २००९ | ८५ | २०४ | ११२ | ९२ | १६१ | २१३ | १८५ | २८ |
| वडा नं-२ | ८१२ | ३६०९ | १७७३ | १८३६ | १०० | २०२ | १३४ | ६८ | १६१ | २०७ | १७९ | २८ |
| वडा नं-३ | ८६४ | ३७४९ | १७८८ | १९६१ | ५१ | ८९ | ५४ | ३५ | १९४ | २३७ | २१५ | २२ |
| वडा नं-४ | ८०८ | ३५६४ | १७५३ | १८११ | ९७ | २११ | १२६ | ८५ | २२३ | २७२ | २३५ | ३७ |
| वडा नं-५ | ५९३ | २७९५ | १४६२ | १३३३ | ७५ | १४९ | ८६ | ६३ | ९९ | १२३ | १०७ | १६ |
| वडा नं-६ | ४७२ | २०९५ | १०३९ | १०५६ | १५ | ३० | १५ | १५ | ८४ | १२४ | ९४ | ३० |
| वडा नं-७ | ५६३ | २३८५ | ११२६ | १२५९ | ४६ | ८५ | ५८ | २७ | १८० | २८२ | २२७ | ५५ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ६.९ स्वदेशमा अनुपस्थित (विदेश गएका) व्यक्तिको उमेर समूहअनुसार जनसंख्या

*चित्र ६.१ विदेश गएका व्यक्तिको उमेर समूहअनुसारको जनसंख्या*




*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ६.१० विदेश गएका (अनुपस्थित) व्यक्तिहरुको गएको देशअनुसार जनसंख्या

*तालिका ६.९ विदेश गएका (अनुपस्थित) व्यक्तिहरुको गएको देश अनुसारको संख्या*

| गएको देश | कर्णाली | | सल्यान | | कालिमाटी | |
|---|---|---|---|---|---|---|
| | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| भारत | ६६३५७ | ७०.३५ | ८१७१ | ४८.०० | ६२६ | ४२.९४ |
| मध्य पूर्वका देशहरु | १४४११ | १५.२८ | ४७६६ | २८.०० | ४२० | २८.८१ |
| आसियन राष्ट्रहरु | ८७२६ | ९.२५ | ३४९० | २०.५० | ३९५ | २७.०९ |
| अन्य देशहरु | ४३०८ | ४.५७ | ५२६ | ३.०९ | १४ | ०.९६ |
| देश नखुलेका | ३५२ | ०.३७ | ४६ | ०.२७ | २ | ०.१४ |
| भारत बाहेकका अन्य सार्क राष्ट्र | १६६ | ०.१८ | २५ | ०.१५ | १ | ०.०७ |
| जम्मा | ९४३२० | १००.०० | १७०२४ | १००.०० | १४५८ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ६.११ विदेश जानुको मुख्य कारणअनुसार कालिमाटी गाउँपालिकाको जनसंख्या

गणना गर्दा विदेश गएका ब्यक्तिलाई विदेश जानुको मूख्य कारणअनुसारको जनसंख्या हेर्दा कालिमाटी गाउँपालिकामा विदेश गएका ब्यक्तिहरु मध्ये तलव ज्याला र नोकरी (६२.६%) गर्न जाने ब्यक्तिको संख्या सबैभन्दा वढी रहेको छ। त्यसै गरी दोस्रोमा कारणमा कामको खोजी (२६.३%)  रहेको छ

*तालिका ६.१० उमेर समूह र अनुपस्थित हुनुको (विदेश जानुको) मुख्य कारणअनुसार कालिमाटी गाउँपालिकाको जनसंख्या*

| उमेर समूह (वर्ष) | विदेश जानुको कारण अनुसारको जनसंख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | तलव/ज्याला/नोकरी | कामको खोजी | आश्रित | उल्लेख नगरेका | अन्य |
| ०० - १४ | १०६ | २ | ५ | ८४ | ३ | १२ |
| १५ - २४ | ५६८ | ३९६ | १५३ | १० | ६ | ३ |
| २५ - ३४ | ४९३ | ३५७ | १२८ | २ | ५ | १ |
| ३५ - ४४ | २०० | १२६ | ६६ | ४ | ४ | ० |
| ४५ - ५४ | ४८ | २४ | २४ | ० | ० | ० |
| ५५ - ६४ | १४ | ६ | ८ | ० | ० | ० |
| ६५ + | ६ | २ | ० | १ | ३ | ० |
| उमेर नखुलेको | २३ | ० | ० | १४ | ९ | ० |
| जम्मा | १४५८ | ९१३ | ३८४ | ११५ | ३० | १६ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ६.१२ विदेश गएको अवधिअनुसार अनुपस्थित जनसंख्या

*तालिका ६.११ विदेश गएको अवधिअनुसार अनुपस्थित जनसंख्या*

| अनुपस्थित भएको अवधि | कर्णाली | | सल्यान | | कालिमाटी | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| १ वर्ष भन्दा कम | १६१५७ | १७.१३ | २८६२ | १६.८१ | २८० | १९.२० |
| १-२ वर्ष | ४४०६३ | ४६.७२ | ७४१३ | ४३.५४ | ५४७ | ३७.५२ |
| ३-५ वर्ष | १८६९३ | १९.८२ | ४००८ | २३.५४ | ३५३ | २४.२१ |
| ६-९ वर्ष | ६३२३ | ६.७० | १३८९ | ८.१६ | १५२ | १०.४३ |
| १०-२४ वर्ष | ४९०९ | ५.२० | ७२४ | ४.२५ | ८० | ५.४९ |
| २५-४९ ख | ८७८ | ०.९३ | ७८ | ०.४६ | ७ | ०.४८ |
| ५० वर्ष वा सो भन्दा वढी | १०० | ०.११ | १६ | ०.०९ | २ | ०.१४ |
| उल्लेख नभएका | ३१९७ | ३.३९ | ५३४ | ३.१४ | ३७ | २.५४ |
| जम्मा | ९४३२० | १००.०० | १७०२४ | १००.०० | १४५८ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ६.१३ विदेश जाँदाको वखत उत्तिर्ण गरेको शैक्षिक तहअनुसार अनुपस्थित जनसंख्या

*तालिका ६.१२ विदेश जाँदाको वखत उत्तिर्ण गरेको शैक्षिक तहअनुसार अनुपस्थित जनसंख्या*

| शैक्षिक तह | कर्णाली | | सल्यान | | कालिमाटी | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| प्रारम्भिक | ४२९९ | ४.८२ | ७६६ | ४.६६ | ५२ | ३.७० |
| प्राथमिक | १९५४९ | २१.९१ | ३७१० | २२.५९ | ४०१ | २८.५२ |
| निम्न माध्यमिक | २१३०१ | २३.८७ | ४२७० | २६.०० | ३७० | २६.३२ |
| माध्यमिक | १८१९० | २०.३८ | ३९७७ | २४.२२ | ३०६ | २१.७६ |
| एस एस सी / एस ई ई | ४९५९ | ५.५६ | ७०९ | ४.३२ | ३७ | २.६३ |
| दश जोड दुई वा सो सरह | ८४७८ | ९.५० | १३५५ | ८.२५ | ९२ | ६.५४ |
| स्नातक | ११६१ | १.३० | १५५ | ०.९४ | ५ | ०.३६ |
| स्नातकोत्तर | ३५६ | ०.४० | ५० | ०.३० | ० | ०.०० |
| अन्य | ४६ | ०.०५ | ३ | ०.०२ | ० | ०.०० |
| तह नभएको | ४२१ | ०.४७ | ६२ | ०.३८ | १ | ०.०७ |
| उल्लेख नभएको | १०४८१ | ११.७४ | १३६५ | ८.३१ | १४२ | १०.१० |
| जम्मा | ८९२४१ | १००.०० | १६४२२ | १००.०० | १४०६ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

# खण्ड-७ पारिवारिक सेवा सुविधा तथा पहुँच

## ७.१ खानेपानीको मुख्य स्रोतअनुसार परिवार संख्या

परिवारको स्वस्थताको लागि खानेपानी महत्वपूर्ण हुन्छ। पानीको उपलब्धता र स्रोत तथा यसको निकटताले पिउने पानीको सुविधा तथा केही हदसम्म गुणस्तर समेतलाई इङ्गित गर्दछ। कालिमाटी गाउँपालिकामा २९.४ प्रतिशत परिवारको घर परिसरभित्रै धारा पाइप छ जुन चाहिँ राष्ट्रिय तथा प्रदेश औसत भन्दा कम हो। यहाँका करिव आधा परिवारले ४९.१ घर परिसर वाहिरको धारा पाइपको पानी प्रयोग गर्छन। यहाँका ६.६ प्रतिशत परिवारले नदी वा खोलाको पानी पिउने गरेको अवस्था छ। यो अवस्था सबैभन्दा वढी (३६.४%) वडा नं ७ मा देखिएको छ। जसले गर्दा त्यहाँ खानेपानी आयोजनाको आवश्यकतालाई टड्कारोरुपमा औंल्याउँदछ।

*तालिका ७.१ खानेपानीको मुख्य स्रोतअनुसार परिवार संख्या*

| क्षेत्र | जम्मा परिवार | धारा पाइप(%) | | ट्युवेल हातेपम्प(%) | इनार/कुवा(%) | | मूलधारा(%) | खोला नदी (%) | अन्य (%) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | घर परिसर भित्र | घर परिसरवाहिर | | ढाकिएको | खुला | | | |
| नेपाल | ६६६०८४१ | ३४.६ | २२.४ | २९.८ | १.५ | २.१ | ३.९ | ०.४ | ५.३ |
| कर्णाली | ३६६०३७ | ३५.६ | ४४.४ | ०.४ | २.१ | २.५ | १३.३ | १.२ | ०.४ |
| सल्यान | ५४६७२ | ३६.६ | ४७.६ | ०.० | १.३ | ३.१ | ९.९ | १.३ | ०.२ |
| कालिमाटी | ४९७२ | २९.४ | ४९.१ | ०.० | ०.१ | ३.० | ११.६ | ६.६ | ०.१ |
| वडा नं-१ | ८६० | ६.५ | ५७.४ | ०.० | ०.२ | ०.१ | ३५.१ | ०.५ | ०.१ |
| वडा नं-२ | ८१२ | १९.३ | ६२.१ | ०.० | ०.० | ४.९ | ८.३ | ५.३ | ०.१ |
| वडा नं-३ | ८६४ | ६७.७ | २६.५ | ०.० | ०.० | ०.२ | ४.२ | १.३ | ०.१ |
| वडा नं-४ | ८०८ | २३.६ | ६९.२ | ०.० | ०.१ | ०.० | ४.० | ३.१ | ०.० |
| वडा नं-५ | ५९३ | ५२.१ | ३५.१ | ०.० | ०.३ | ०.८ | ९.६ | १.९ | ०.२ |
| वडा नं-६ | ४७२ | ३३.७ | ३७.३ | ०.० | ०.४ | १४.० | ८.३ | ६.४ | ०.० |
| वडा नं-७ | ५६३ | १.१ | ४८.५ | ०.० | ०.० | ६.६ | ७.५ | ३६.४ | ०.० |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यलय*

## ७.२ परिवारमा खाना पकाउन प्रयोग गरिने मुख्य इन्धनअनुसार परिवार संख्या

परिवारमा खाना पकाउन प्रयोग गरिने मुख्य इन्धनका रुपमा सबै क्षेत्रमा नेपाल, कर्णाली प्रदेश, सल्यान जिल्ला र कालिमाटी गाउँपालिकामा दाउरा रहेको छ। दाउरावाट खाना पकाउने परिवारको हिस्सा राष्ट्रिय तथा प्रदेशको मानभन्दा कालिमाटीमा (९५.४९%) उच्च रहेको छ। यहाँका अधिकांश परिवारले काठ दाउराले खाना पकाउने गरेका छन्। राष्ट्रिय स्तरमा करिव आधा परिवारले मात्र दाउराले खाना पकाउने गरेका छन्। राष्ट्रिय तथा

प्रदेशस्तरको औसत भन्दा सल्यान जिल्ला र कालिमाटी गाउँपालिकामा एल. पि. ग्याँस प्रयोग गर्ने परिवारको अंश न्यून छ।

*तालिका ७.२ परिवारमा खाना पकाउन प्रयोग गरिने मुख्य इन्धनअनुसार परिवार संख्या*

| क्षेत्र | जम्मा परिवार संख्या | खाना पकाउने इन्धनअनुसार परिवार % | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | काठ दाउरा | एल. पि. ग्यास | विजुली | गुँइठा | बायो ग्यास | अन्य |
| नेपाल | ६६६०८४१ | ५१.०२ | ४४.२९ | ०.४९ | २.८८ | १.१८ | ०.१५ |
| कर्णाली | ३६६०३७ | ८२.२२ | १६.८६ | ०.१० | ०.१४ | ०.४४ | ०.२४ |
| सल्यान | ५४६७२ | ८९.७१ | ९.९२ | ०.०३ | ०.०० | ०.१९ | ०.१५ |
| कालिमाटी | ४९७२ | ९५.४९ | ३.९४ | ०.०४ | ०.०० | ०.३४ | ०.१८ |
| वडा नं-१ | ८६० | ९९.३० | ०.७० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| वडा नं-२ | ८१२ | ९५.९४ | ३.४५ | ०.१२ | ०.०० | ०.२५ | ०.२५ |
| वडा नं-३ | ८६४ | ९०.१६ | ९.६१ | ०.०० | ०.०० | ०.१२ | ०.१२ |
| वडा नं-४ | ८०८ | ९८.६४ | १.३६ | ०.०० | ०.०० | ०.०० | ०.०० |
| वडा नं-५ | ५९३ | ९७.८१ | २.०२ | ०.०० | ०.०० | ०.०० | ०.१७ |
| वडा नं-६ | ४७२ | ८७.०८ | १०.५९ | ०.२१ | ०.०० | १.२७ | ०.८५ |
| वडा नं-७ | ५६३ | ९७.३४ | १.०७ | ०.०० | ०.०० | १.४२ | ०.१८ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ७.३ बत्ती वाल्न अक्सर प्रयोग गरिने इन्धनको स्रोतअनुसार परिवार संख्या

राष्ट्रिय जनगणना २०७८ अनुसार वत्ती वाल्नको लागि अक्सर विजुली प्रयोग गर्ने परिवार राष्ट्रिय मान भन्दा कर्णाली सल्यान र कालिमाटीमा धेरै तल रहेको छ जसले विकासमा भएको असन्तुलनलाई उजागर गर्छ। नेपालमा ९२.२ प्रतिशत परिवारले विजुली प्रयोग गर्दा कर्णाली प्रदेश, सल्यान जिल्ला र कालिमाटीमा क्रमशः ४९.६ %, ४५.३% १३.३% परिवारले विजुली प्रयोग गर्छन्। विजुलीको प्रयोग कम भएका क्षेत्रहरुमा सौर्य उर्जाको प्रयोग वढी देखिन्छ। कालिमाटी गाउँपालिकाको वडा नं ७ पिउने पानी तथा विजुली दुवै हिसावले पछि परेको देखिन्छ।

*तालिका ७.३ बत्ती वाल्न अक्सर प्रयोग गरिने इन्धनको स्रोतअनुसार परिवार संख्या*

| क्षेत्र | जम्मा परिवार | अक्सर वत्तिवाल्न प्रयोग गरिने स्रोतअनुसार परिवार (%) | | |
|---|---|---|---|---|
| | | विजुली | सौर्य उर्जा | अन्य |
| नेपाल | ६६६०८४१ | ९२.२ | ६.६ | १.२ |
| कर्णाली | ३६६०३७ | ४९.६ | ४७.९ | २.५ |
| सल्यान | ५४६७२ | ४५.३ | ५२.५ | २.२ |
| कालिमाटी | ४९७२ | १३.३ | ८२.७ | ४.१ |
| वडा नं-१ | ८६० | १९.४ | ७३.५ | ७.१ |
| वडा नं-२ | ८१२ | ६.० | ८९.८ | ४.२ |

| क्षेत्र | जम्मा परिवार | अक्सर बत्तिबाल्न प्रयोग गरिने स्रोतअनुसार परिवार (%) | | |
|---|---|---|---|---|
| | | बिजुली | सौर्य उर्जा | अन्य |
| वडा नं-३ | ८६४ | ३८.१ | ६०.४ | १.५ |
| वडा नं-४ | ८०८ | १.० | ९७.३ | १.७ |
| वडा नं-५ | ५९३ | २.९ | ९४.६ | २.५ |
| वडा नं-६ | ४७२ | १८.० | ७१.६ | १०.४ |
| वडा नं-७ | ५६३ | ०.७ | ९६.३ | ३.० |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

*चित्र ७.१ बत्ती बाल्न अक्सर प्रयोग गरिने इन्धनको स्रोतअनुसार परिवार संख्या (%)*




*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ७.४ परिवारले प्रयोग गर्ने शौचालयको प्रकारअनुसार परिवार संख्या

सरसफाइको दृष्टिकोणले परिवारमा चर्पिको सुविधा अत्यावश्यक मानिन्छ। परिवारमा शौचालयको उपलब्धता तथा यसको प्रकारले पारिवारिक स्वास्थ्य तथा सरसफाइबारे चेतना र सम्पन्नता एवम् सरकारीस्तरमा संचालित नीति र कार्यक्रमको प्रभावकारिता समेतलाई दर्शाउछ। राष्ट्रिय तथा प्रदेश स्तरभन्दा सल्यान जिल्लामा फ्लस भएको चर्पि प्रयोग गर्ने परिवार केही वढी छन् तर कालिमाटीमा भने ५९.५१% परिवारले फ्लस भएको चर्पि प्रयोग गर्ने गरेका छन्। कालिमाटी गाउँपालिकामा ४.५५% परिवारको चर्पि नभएको कुरा राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनले

औंल्याएको छ। कालिमाटी गाउँपालिकाको वडा नं ६ मा चर्पि नभएका परिवारको हिस्सा सबै भन्दा वढी (१३.५६%) रहेको छ।

*तालिका ७.४ परिवारले प्रयोग गर्ने शौचालयको प्रकारअनुसार परिवार संख्या*

| क्षेत्र | जम्मा परिवार | चर्पिको प्रकार अनुसार परिवार(%) | | | |
|---|---|---|---|---|---|
| | | फ्लस भएको | साधारण चर्पि | सार्वजनिक चर्पि | चर्पि नभएको |
| नेपाल | ६६६०८४१ | ६४.८८ | ३०.११ | ०.४९ | ४.५३ |
| कर्णाली | ३६६०३७ | ६२.३९ | ३४.६४ | ०.३५ | २.६२ |
| सल्यान | ५४६७२ | ७३.६५ | २४.२१ | ०.१५ | १.९८ |
| कालिमाटी | ४९७२ | ५९.५१ | ३५.७६ | ०.१८ | ४.५५ |
| वडा नं-१ | ८६० | ६६.८६ | २५.९३ | ०.१२ | ७.०९ |
| वडा नं-२ | ८१२ | ७८.२० | १८.२३ | ०.०० | ३.५७ |
| वडा नं-३ | ८६४ | ६८.५२ | २९.९८ | ०.१२ | १.३९ |
| वडा नं-४ | ८०८ | ३३.४२ | ६५.४७ | ०.०० | १.११ |
| वडा नं-५ | ५९३ | ६०.७१ | ३५.५८ | ०.१७ | ३.५४ |
| वडा नं-६ | ४७२ | २९.२४ | ५५.९३ | १.२७ | १३.५६ |
| वडा नं-७ | ५६३ | ६९.०९ | २५.५८ | ०.०० | ५.३३ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

*चित्र ७.२ परिवारले प्रयोग गर्ने शौचालयको प्रकारअनुसार परिवार प्रतिशत*




*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ७.५ परिवारले उपयोग गरेका घरायसी साधन तथा सुविधाहरु

*तालिका ७.५ परिवारले उपयोग गरेका घरायसी साधन तथा सुविधाहरु*

| साधन तथा सुविधाहरु | प्रयोग गरिएका सुविधाअनुसार परिवार संख्या (%) | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नेपाल | कर्णाली | सल्यान | कालिमाटी | वडा नं | | | | | | |
| | | | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| जम्मा परिवार | ६६६०८४१ | ३६६०३७ | ५४६७२ | ४९७२ | ८६० | ८१२ | ८६४ | ८०८ | ५९३ | ४७२ | ५६३ |
| कुनै पनि नभएको | ३.९ | ७.२ | ४.३ | ६.७ | ५.६ | २.३ | ७.३ | ३.८ | १६.५ | ३ | १०.८ |
| कम्तिमा एउटा भएको | ९६.१ | ९२.८ | ९५.७ | ९३.३ | ९४.४ | ९७.७ | ९२.७ | ९६.२ | ८३.५ | ९७ | ८९.२ |
| रेडियो | ३४.२ | ४५.९ | ५२.४ | ४७.४ | ६०.८ | ४४.८ | २३.७ | ६०.८ | ११.६ | ४८.१ | ८४.७ |
| टेलिभिजन | ४९.४ | १७.६ | १७.१ | ५.४ | ३.६ | ३.१ | १३.२ | ७.२ | ५.६ | ०.६ | ०.५ |
| साधारण मोवाइल फोन | ७३.२ | ८२.२ | ८६.३ | ८५.२ | ८६ | ८७.१ | ७८.९ | ८९.५ | ८१.१ | ९४.१ | ८१.७ |
| स्मार्ट मोवाइल फोन | ७३ | ५८.४ | ६७ | ६४.६ | ५७.७ | ६८.१ | ६७.४ | ६४.५ | ५७.२ | ७२ | ६८ |
| कम्प्युटर | १५ | ५.६ | ४.२ | १.९ | ०.९ | १ | ५.६ | २.४ | १.३ | ०.२ | ०.७ |
| इन्टरनेट | ३७.८ | २०.३ | २८.५ | १०.६ | २.९ | ४.२ | २४.४ | १७ | १.३ | ७.२ | १३.५ |
| कार जिप | ३.१ | ०.८ | ०.७ | ०.७ | ०.३ | ०.१ | १.५ | ०.१ | ०.३ | ३ | ० |
| मोटर साइकल | २७.३ | ६.७ | ५.६ | २.९ | १.३ | २.१ | ७.१ | ५.४ | १ | ०.६ | ०.७ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ७.६ घरको गुणस्तरीयताको वर्गीकरणअनुसार परिवार संख्या

परिवारले प्रयोग गरेको घरको आकार, बनोट र संरचनाका साथसाथै घर परिवारमा उपलब्ध सुविधा जस्तै सुधारिएको पिउने पानी, आधुनिक शौचालय र सुधारिएको उर्जा आदिका हिसावले परिवारको न्यूनतम् जीवनस्तर कायम गर्न उक्त घर र त्यसमा उपलब्ध सुविधाहरु प्रयाप्त भए नभएको अवस्थाको विवरणहरु राष्ट्रिय जनगणना २०७८ मा सङ्कलन गरिएका थिए। प्राप्त गरिएका यीनै विवरणवाट घरको गुणस्तरीयता वर्गीकरण गरिएको थियो। जसअनुसार सल्यान जिल्ला तथा कालिमाटी गाउँपालिकामा अधिकांश परिवारहरु मध्यम गुणस्तरको घरमा बसोबास गरेको पाइएको छ।कालिमाटीमा करिव ३०% परिवार न्युन गुणस्तरको घरमा वस्ते गरेको पाइएको छ। कालिमाटी गाउँपालिकाको वडा नं ७ मा १३.६८% परिवार अति न्युन गूणस्तरको घरमा वस्ने गरेको कुरा जनगणनाको प्रतिवेदनले देखाएको छ।

*तालिका ७.६ घरको गुणस्तरीयता वर्गीकरण अनुसार परिवार संख्या*

| क्षेत्र | जम्मा परिवार | घरको गुणस्तर अनुसार परिवार(%) | | | | |
|---|---|---|---|---|---|---|
| | | अति उच्च | सामान्य | मध्यम | न्यून | अति न्यून |
| नेपाल | ६६६०८४१ | २८.२८ | २५.६१ | ३४.२७ | ११.३१ | ०.५२ |
| कर्णाली | ३६६०३७ | ७.९८ | १०.६७ | ६०.६ | २०.०८ | ०.६७ |
| सल्यान | ५४६७२ | ४.०६ | ८.५७ | ७४.५३ | १२.२५ | ०.६ |

| क्षेत्र | जम्मा परिवार | घरको गुणस्तर अनुसार परिवार(%) | | | | |
|---|---|---|---|---|---|---|
| | | अति उच्च | सामान्य | मध्यम | न्यून | अति न्यून |
| कालिमाटी | ४९७२ | ०.७४ | ६.८६ | ५८.६७ | ३०.०७ | ३.६६ |
| वडा नं-१ | ८६० | ०.१२ | १.०५ | ५४.३ | ४१.१६ | ३.३७ |
| वडा नं-२ | ८१२ | १.११ | ५.५४ | ६२.३२ | ३०.०५ | ०.९९ |
| वडा नं-३ | ८६४ | २.५५ | ११.४६ | ६९.१ | १६.६७ | ०.२३ |
| वडा नं-४ | ८०८ | ०.३७ | ७.९२ | ६९.९३ | २०.३ | १.४९ |
| वडा नं-५ | ५९३ | ०.३४ | ४.३८ | ५४.८१ | ३९.१२ | १.३५ |
| वडा नं-६ | ४७२ | ० | ८.२६ | ४८.५२ | ३३.४७ | ९.७५ |
| वडा नं-७ | ५६३ | ० | १०.४८ | ४०.५ | ३५.३५ | १३.६८ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ७.७ शहरी तथा ग्रामीण जनसंख्या

नेपालमा सहरी क्षेत्र र ग्रामीण क्षेत्रको वर्गीकरण बारे कुनै स्पष्ट मापदण्ड अपनाइएको छैन। विगतमा गाउँपालिकालाई ग्रामीण क्षेत्र र नगरपालिकालई सहरी क्षेत्रकारुपमा मानिँदै आएको थियो। सोही आधारमा जनसंख्यालाई शहरी र ग्रामीण जनसंख्या विभाजन गर्ने अभ्यास थियो। राष्ट्रिय जनगणनाको विषयगत प्रतिवेदन प्रकाशन गर्ने सिलसिलामा जनसंख्याको आकार, जनघनत्व र निकटता जस्ता कुराको आधारमा सहरी तथा ग्रामीण क्षेत्रको श्रेणीगत वर्गीकरण गर्ने नयाँ अवधारणा अवलम्वन गरिएको छ। यसअनुसार गाउँपालिका अथवा नगरपालिका वडाहरुलाई ग्रामीण, अर्धसहरी र सहरी गरी ३ क्षेत्रमा वर्गीकरण गरिएको छ। यस तरिकाले गरिएको विभाजनमा गाउँपालिकाका कुनै वडा सहरी वा अर्धसहरी क्षेत्रमा पर्न सक्छन् भने नगरपालिकाका कुनै वडा ग्रामीण, अर्धसहरी क्षेत्रमा पर्न सक्दछन्।

यस वर्गीकरणअनुसार सहरीकरणको स्तर हेर्दा कर्णाली प्रदेशका कुल ७१८ वडाहरु मध्ये ८८.७ प्रतिशत वडाहरु र सल्यान जिल्लाका कुल ८३ वडाहरु मध्ये ९६.४ प्रतिशत वडाहरु ग्रामीण क्षेत्रका वडामा पर्दछन्। कालिमाटी गाउँपालिकाका सम्पूर्ण वडाहरु ग्रामीण क्षेत्रमा पर्दछन्। जसले गर्दा यहाँको समग्र जनसंख्या ग्रामीण जनसंख्यामा पर्दछ।

*तालिका ७.७ शहरी तथा ग्रामिण वडा संख्या*

| क्षेत्र | जम्मा वडा संख्या | सहरीकरणको श्रेणीगत वर्गीकरणअनुसार वडा संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ग्रामीण | | अर्धसहरी | | सहरी | |
| | | वडा संख्या | % | वडा संख्या | % | वडा संख्या | % |
| नेपाल | ६७४३ | ३६८५ | ५४.६ | २०९६ | ३१.१ | ९६२ | १४.३ |
| कर्णाली | ७१८ | ६३७ | ८८.७ | ६ | ०.८ | ७५ | १०.४ |
| सल्यान | ८३ | ८० | ९६.४ | ० | ०.० | ३ | ३.६ |

| क्षेत्र | जम्मा वडा संख्या | सहरीकरणको श्रेणीगत वर्गीकरणअनुसार वडा संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ग्रामीण | | अर्धसहरी | | सहरी | |
| | | वडा संख्या | % | वडा संख्या | % | वडा संख्या | % |
| कालिमाटी | ७ | ७ | १००.० | ० | ०.० | ० | ०.० |

*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

*तालिका ७.८ शहरी तथा ग्रामीण जनसंख्या*

| क्षेत्र | संस्थागत बाहेकको जम्मा जनसंख्या | सहरीकरणको श्रेणीगत वर्गीकरणअनुसार जनसंख्या (%) | | |
|---|---|---|---|---|
| | | ग्रामीण | अर्धसहरी | सहरी |
| नेपाल | २८९२५४८० | ३३.२ | ३९.७ | २७.१ |
| कर्णाली | १६७५२०४ | ८०.१ | ४.३ | १५.५ |
| सल्यान | २३७३८७ | ९५.४ | ०.० | ४.६ |
| कालिमाटी | २२२०६ | १००.० | ०.० | ०.० |

*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

माथिको तालिकामा नेपालमा करिव एक तिहाइ जनसंख्या ग्रामीण क्षेत्रमा बसोबास गर्छन्। यस्तो जनसंख्याको हिस्सा कर्णाली, सल्यान र कालिमाटीमा कमश: ८०.१% ,९५.१% र कालिमाटीमा शतप्रतिशत रहेको छ। समग्र देशको तुलनामा कर्णाली प्रदेशमा सहरी जनसंख्या न्युन रहेको छ। सल्यान जिल्लामा शहरी क्षेत्रमा बसोबास गर्ने जनसंख्या राष्ट्रिय र प्रदेशको भन्दा न्युन रहेको छ भने कालिमाटीमा त झन् छँदै छैन।

## ७.८ बैङ्क वा वित्तीय संस्थामा पहुँचसम्वन्धी विवरण

वित्तीय पहुँचको हिसावले राष्ट्रिय तथा कर्णाली प्रदेशको तुलनामा सल्यान जिल्ला तथा कालिमाटी गाउँपालिकाको स्थिति कमजोर देखिएको छ। कम्तिमा एक जना सदस्यको वैंक तथा वित्तीय संस्थामा खाता भएका परिवार राष्ट्रिय स्तरमा ६१.८९% छन् भने कर्णाली, सल्यान र कालिमाटी गाउँपालिकामा कमश: ५५.५३%, ५३.०१% र ४२.२% रहेका छन्। नेपालभर २५.५६ % जनसंख्याको वित्तिय पहुँच हुँदाखेरी कालिमाटी गाउँपालिकामा केवल १३.४५ % जनसंख्याको वित्तीय पहुँच देखिन्छ। लैङ्गिक हिसावले हेर्दा बैङ्क खाता भएका महिला र पूरुषको हिस्सा सवै क्षेत्रमा लगभग वरावर नै देखिन्छ

*तालिका ७.९ बैङ्क वा वित्तीय संस्थामा पहुँचसम्वन्धी विवरण*

| क्षेत्र | संस्थागत बाहेकका जम्मा परिवार/जनसंख्या | | | | बैङ्कमा खाता भएका परिवार/जनसंख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| | परिवार | जनसंख्या | पूरुष | महिला | कम्तिमा एकजना सदस्यको बैङ्क खाता भएको परिवार | जनसंख्या | पूरुष | महिला |
| नेपाल | ६६६०८४१ | २८९८५३६४ | १४११८९९१ | १४८६६३७३ | ६१.८९ | २५.५६ | २६.४२ | २४.७४ |
| कर्णाली | ३६६०३७ | १६८७८०२ | ८२३१९३ | ८६४६०९ | ५५.५३ | १९.४९ | २०.९९ | १८.०७ |

| क्षेत्र | संस्थागत बाहेकका जम्मा परिवार/जनसंख्या | | | | बैङ्कमा खाता भएका परिवार/जनसंख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| | परिवार | जनसंख्या | पुरुष | महिला | कम्तिमा एकजना सदस्यको बैङ्क खाता भएको परिवार | जनसंख्या | पुरुष | महिला |
| सल्यान | ५४६७२ | २३८५१५ | ११४९८२ | १२३५३३ | ५३.०१ | १८.६४ | १८.७४ | १८.५५ |
| कालिमाटी | ४९७२ | २२२०६ | १०९४१ | ११२६५ | ४२.२ | १३.४५ | १३.२३ | १३.६६ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ७.९ बैङ्क, वित्तीय संस्था तथा सहकारीवाट ऋण लिएका परिवार संख्या

निम्न चित्रमा नेपाल, कर्णाली, सल्यान र कालिमाटी गाउँपालिकाका परिवारहरूले बैंक, वित्तीय संस्था तथा सहकारीहरूबाट ऋण लिएको वा नलिएको अवस्था देखाइएको छ। नेपालभर औसत रूपमा २५.६% परिवारहरूले बैङ्क, वित्तीय संस्था तथा सहकारीवाट ऋण लिएका छन् भने ७४.४% परिवारहरूले ऋण लिएका छैनन्। कर्णालीमा ऋण लिएका परिवारको प्रतिशत २२.२% र नलिएका परिवार ७७.८% छन्। सल्यानमा ऋण लिएका परिवार १८.४% र नलिएका ८१.६% छन् भने कालिमाटी गाउँपालिकामा ऋण लिएका परिवार १८.५% र नलिएका ८१.५% छन्। यसले देखाउँछ कि कालिमाटी गाउँपालिकामा कर्णाली र सल्यान जिल्लाको तुलनामा ऋण लिने परिवारको प्रतिशत थोरै उच्च भए तापनि राष्ट्रिय औसतभन्दा अझै कम छ। यसले कालिमाटी गाउँपालिकाका परिवारहरूमा वित्तीय पहुँच र ऋणप्रति निर्भरता तुलनात्मक रूपमा कम रहेको संकेत गर्छ।

*चित्र ७.३ बैङ्क, वित्तीय संस्था तथा सहकारीवाट ऋण लिएका परिवार प्रतिशत*




*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

# खण्ड-८ घरको संरचना तथा उपयोग

## ८.१ परिवारले प्रयोग गरेको घरको स्वामित्वअनुसार परिवार संख्या

यहाँ परिवारले वस्न प्रयोग गरेको घरको स्वामित्व अनुसारको संख्या प्रस्तुत गरिएको छ। नेपालमा अधिकांश परिवार ८६% आफ्नै घरमा बसिरहेका छन् भने १२.८% भाडामा र ०.६% संस्थागत निवासमा बसिरहेका छन्। कर्णाली, सल्यान, र कालिमाटीमा आफ्नै घरमा बस्ने परिवारहरूको प्रतिशत अझ बढी छ, कर्णालीमा ९४%, सल्यानमा ९६.३%, र कालिमाटीमा ९८.४% परिवारहरु आफ्नै घरमा वस्छन्।

*तालिका ८.१ परिवारले प्रयोग गरेको घरको स्वामित्व अनुसार परिवार संख्या*

| क्षेत्र | जम्मा परिवार | आफ्नै (%) | भाडामा (%) | संस्थागत(%) | अन्य(%) |
|---|---|---|---|---|---|
| नेपाल | ६६६०८४१ | ८६.० | १२.८ | ०.६ | ०.७ |
| कर्णाली | ३६६०३७ | ९४.० | ५.३ | ०.४ | ०.३ |
| सल्यान | ५४६७२ | ९६.३ | ३.२ | ०.२ | ०.३ |
| कालिमाटी | ४९७२ | ९८.४ | १.३ | ०.१ | ०.२ |
| वडा नं-१ | ८६० | ९९.५ | ०.१ | ०.० | ०.३ |
| वडा नं-२ | ८१२ | ९७.८ | १.७ | ०.२ | ०.२ |
| वडा नं-३ | ८६४ | ९८.१ | १.४ | ०.३ | ०.१ |
| वडा नं-४ | ८०८ | ९७.८ | २.१ | ०.० | ०.१ |
| वडा नं-५ | ५९३ | ९९.७ | ०.३ | ०.० | ०.० |
| वडा नं-६ | ४७२ | ९९.४ | ०.२ | ०.० | ०.४ |
| वडा नं-७ | ५६३ | ९७.० | २.८ | ०.० | ०.२ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ८.२ परिवारले प्रयोग गरेको घरको जगअनुसार परिवार संख्या

घरको जग भन्नाले जमीनमुनि खाल्टो खनी विभिन्न प्रकारका निर्माण सामग्रीहरु प्रयोग गरेर घरको सम्पूर्ण भारलाई थेग्ने गरी बनाइएको जमीन मुनिको संरचना हो। परिवारले वस्न प्रयोग गरेको घरको जगको आधारमा परिवारको वर्गीकरण गर्दा नेपालमा ३३% परिवारको घरको जगमा माटोको जोडाई भएको ईंटा/ढुङ्गा प्रयोग गरिएको छ। कर्णालीमा यो प्रतिशत अत्यधिक ८३.१% छ।कालिमाटी र सल्यानमा क्रमशः ९२.२% र ९०.८% परिवारले प्रयोग गर्ने घरको जग माटोको जोडाई भएको ईंटा/ढुङ्गाले वनेको छ। जसले यी क्षेत्रहरूमा परम्परागत निर्माण प्रविधिको प्रचलन उच्च भएको जनाउँछ। सिमेन्टको जोडाई भएको ईंटा/ढुङ्गाको प्रयोग नेपालभर २९.८% छ, तर कर्णाली र अन्य क्षेत्रमा यसको प्रयोग कम छ। नेपालमा ढलान पिलरसहितको घरमा वस्ने परिवार २२.४% छन्। जगमा काठ वाँसको खम्वा भएका घरमा वस्ने १४.२% परिवार छन्, जसमा कर्णाली र कालिमाटीमा यसको प्रयोग न्यूनतम् छ।

*तालिका ८.२ परिवारले प्रयोग गरेको घरको जगअनुसार परिवार संख्या*

| क्षेत्र | जम्मा परिवार | माटोको जोडाई भएको ईंटा/ढुङ्गा | सिमेन्टको जोडाई भएको ईंटा/ढुङ्गा | ढलान पिलरसहितको | काठ बाँसको खम्बा | अन्य |
|---|---|---|---|---|---|---|
| नेपाल | ६६६०८४१ | ३३.०४ | २९.७९ | २२.४१ | १४.१७ | ०.५९ |
| कर्णाली | ३६६०३७ | ८३.०८ | ८.०३ | ६.३० | २.४९ | ०.१० |
| सल्यान | ५४६७२ | ९०.७५ | ५.१५ | ३.६७ | ०.३९ | ०.०४ |
| कालिमाटी | ४९७२ | ९२.१६ | ४.०८ | १.३७ | २.१७ | ०.२२ |
| वडा नं-१ | ८६० | ९८.६० | ०.८१ | ०.३५ | ०.०० | ०.२३ |
| वडा नं-२ | ८१२ | ९५.०७ | १.९७ | १.२३ | १.६० | ०.१२ |
| वडा नं-३ | ८६४ | ९०.८६ | ४.७५ | ३.४७ | ०.८१ | ०.१२ |
| वडा नं-४ | ८०८ | ८८.७४ | १०.१५ | ०.८७ | ०.२५ | ०.०० |
| वडा नं-५ | ५९३ | ९७.१३ | १.१८ | १.३५ | ०.३४ | ०.०० |
| वडा नं-६ | ४७२ | ८७.७१ | ०.०० | ०.०० | १०.८१ | १.४८ |
| वडा नं-७ | ५६३ | ८३.४८ | ८.८८ | १.७८ | ५.८६ | ०.०० |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ८.३ परिवारले प्रयोग गरेको घरको वाहिरी गारोअनुसार परिवार संख्या

तलको तालिकाअनुसार परिवार वस्ने गरेको वाहिरी गारोमा नेपालमा ३०.६७% परिवारले माटोको जोडाई भएको ईंटा/ढुङ्गा, ५२.१७% परिवारले सिमेन्टको जोडाई भएको ईंटा/ढुङ्गा प्रयोग गरेका छन्। कर्णालीमा ८०.२६% परिवारले माटोको जोडाई भएको ईंटा/ढुङ्गा प्रयोग गरेका छन्, जबकि सिमेन्टको जोडाई भएको ईंटा/ढुङ्गाको प्रयोग १७.२% मात्र छ। सल्यान र कालिमाटीमा पनि माटोको जोडाई भएको ईंटा/ढुङ्गाको प्रयोग उच्च देखिन्छ, जहाँ क्रमशः ८८.३७% र ८८.९% परिवारहरूले यसको प्रयोग गरेका छन्। अन्य सामग्रीको प्रयोग भने नेपालभर कम देखिन्छ, जस्तै काठ/फ्ल्याक र वाँसजन्य सामग्रीको प्रयोग नेपालमा क्रमशः ११.७१% र ०.४२% छ।

*तालिका ८.३ परिवारले प्रयोग गरेको घरको वाहिरी गारोअनुसार परिवार संख्या*

| क्षेत्र | जम्मा परिवार | माटोकोजोडाई भएको ईंटा/ढुङ्गा | सिमेन्टको जोडाई भएको ईंटा/ढुङ्गा | काठ/ फ्ल्याक | वाँसजन्य सामग्री | काँचो इटा | अन्य |
|---|---|---|---|---|---|---|---|
| नेपाल | ६६६०८४१ | ३०.६७ | ५२.१७ | ३.१६ | ११.७१ | ०.४२ | १.८६ |
| कर्णाली | ३६६०३७ | ८०.२६ | १७.२० | १.७९ | ०.२२ | ०.१८ | ०.३५ |
| सल्यान | ५४६७२ | ८८.३७ | १०.९६ | ०.३५ | ०.०६ | ०.०५ | ०.२१ |
| कालिमाटी | ४९७२ | ८८.९० | ८.५१ | २.३३ | ०.१६ | ०.०० | ०.१० |
| वडा नं-१ | ८६० | ९८.६० | ०.९३ | ०.१२ | ०.१२ | ०.०० | ०.२३ |

| क्षेत्र | जम्मा परिवार | माटोकोजोडाई भएको ईंटा/ढुङ्गा | सिमेन्टको जोडाई भएको ईंटा/ढुङ्गा | काठ/फल्याक | बाँसजन्य सामग्री | काँचो इटा | अन्य |
|---|---|---|---|---|---|---|---|
| वडा नं-२ | ८१२ | ९१.६३ | ७.०२ | १.११ | ०.१२ | ०.०० | ०.१२ |
| वडा नं-३ | ८६४ | ८९.५८ | ९.४९ | ०.५८ | ०.२३ | ०.०० | ०.१२ |
| वडा नं-४ | ८०८ | ८३.९१ | १५.८४ | ०.२५ | ०.०० | ०.०० | ०.०० |
| वडा नं-५ | ५९३ | ८८.८७ | १०.४६ | ०.५१ | ०.१७ | ०.०० | ०.०० |
| वडा नं-६ | ४७२ | ८५.५९ | ०.२१ | १३.५६ | ०.४२ | ०.०० | ०.२१ |
| वडा नं-७ | ५६३ | ७९.०४ | १५.१० | ५.६८ | ०.१८ | ०.०० | ०.०० |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ८.४ परिवारले प्रयोग गरेको घरको छानाअनुसार परिवार संख्या

परिवारहरूले प्रयोग गरेको घरको छानाको प्रकारअनुसार हेर्दा नेपालमा ४१.९% परिवारले जस्ता/टिनको छाना प्रयोग गरेका छन्, जबकि ३७.८% परिवारले सिमेन्ट/ढलानको छाना प्रयोग गरेका छन्। कर्णालीमा जस्ता/टिनको प्रयोग ४४.३% रहेको छ, र १२% परिवारले सिमेन्ट/ढलानको छाना प्रयोग गरेका छन्। सल्यान र कालिमाटीमा जस्ता/टिनको प्रयोग अझ बढी, क्रमशः ६६% र ६५.७% छ। कालिमाटीमा खर पराल छवालीको प्रयोग पनि २६.५% रहेको छ, जुन अन्य क्षेत्रहरूमा कम देखिन्छ। वडामा, विशेषगरी वडा नं-१ र वडा नं-४ मा जस्ता/टिनको छानाको प्रयोग उच्च रहेको छ, जबकि वडा नं-५ र वडा नं-६ मा सिमेन्ट/ढलानको छानाको प्रयोग अधिक छ। प्रत्येक क्षेत्र र वडामा घर निर्माणको परिपाटी स्थानीय आवश्यकता र उपलब्धताका आधारमा भिन्नता देखिन्छ।

कालिमाटी गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ मा सम्पूर्ण खर वा फुसको छाना प्रतिस्थापन गर्ने कार्यक्रम अन्तर्गत गाउँपालिकाले अनुदान मार्फत सम्पुर्ण खरको छानालाई जस्ता पाताले विस्थापन गरेको छ।

*तालिका ८.४ परिवारले प्रयोग गरेको घरको छानाअनुसार परिवार संख्या*

| क्षेत्र | जम्मा परिवार | जस्ता/टिन | सिमेन्ट/ढलान | खर/पराल/छवाली | टायल/खपडा | ढुङ्गा/स्लेट | अन्य |
|---|---|---|---|---|---|---|---|
| नेपाल | ६६६०८४१ | ४१.९ | ३७.८ | ३.९ | ९.२ | ६.१ | १.१ |
| कर्णाली | ३६६०३७ | ४४.३ | १२.० | ६.५ | १.७ | २३.५ | १२.१ |
| सल्यान | ५४६७२ | ६६.० | ६.९ | ८.३ | ०.५ | १६.८ | १.६ |
| कालिमाटी | ४९७२ | ६५.७ | ३.९ | २६.५ | १.९ | ०.५ | १.४ |
| वडा नं-१ | ८६० | ६०.६ | १.३ | ३३.३ | ०.२ | ०.७ | ४.० |
| वडा नं-२ | ८१२ | ६९.१ | ३.७ | २२.३ | २.७ | ०.० | २.२ |
| वडा नं-३ | ८६४ | ७३.३ | ६.८ | १४.९ | ३.९ | ०.२ | ०.८ |
| वडा नं-४ | ८०८ | ७७.८ | ३.७ | १८.३ | ०.१ | ०.० | ०.० |

| क्षेत्र | जम्मा परिवार | जस्ता/टिन | सिमेन्ट/ढलान | खर/पराल/छवाली | टायल/खपडा | ढुङ्गा/स्लेट | अन्य |
|---|---|---|---|---|---|---|---|
| वडा नं-५ | ५९३ | ५६.८ | २.० | ४०.० | १.२ | ०.० | ०.० |
| वडा नं-६ | ४७२ | ६२.७ | ०.८ | ३३.५ | ०.८ | ०.४ | १.७ |
| वडा नं-७ | ५६३ | ५१.५ | ८.७ | ३१.६ | ४.६ | २.७ | ०.९ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ८.५ परिवारले प्रयोग गरेको घरको भुईंअनुसार परिवार संख्या

नेपालमा, ४६.१६% परिवारले माटोको भुईं भएका घर र ४७.३१% सिमेन्टेड भुईं भएको घरमा मा वस्ने गरेका छन्। कर्णालीमा माटोको भुईं भएको घरमा वस्ने परिवार संख्या उच्च, ८०.९९% रहेको छ, र सिमेन्टेड भुईंको प्रयोग केवल १४.३६% छ। सल्यान र कालिमाटीका घरपरिवार पनि प्रमुखरुपमा क्रमशः (८९.०७%) र (९१.३५%) माटोको भुईं भएको घरमा वस्छन्। वडागतरुपमा हेर्दा वडा नं-१, वडा नं-२, र वडा नं-४ मा माटोको भुईं भएका घर मा वस्ने परिवार बढी रहेको छन्। वडा नं-६ र वडा नं-७ मा सिमेन्टेड भुईंको प्रयोग उच्च छ, विशेषगरी वडा नं-७ मा १४.३९% परिवारले सिमेन्टेड भुईं प्रयोग गरेका छन्।

*तालिका ८.५ परिवारले प्रयोगगरेको घरको भुईंअनुसार परिवार संख्या*

| क्षेत्र | जम्मा परिवार | माटो | काठ/फल्याक | इट्टा ढुङ्गा | सेरामिक टायल | सिमेन्टेड | अन्य |
|---|---|---|---|---|---|---|---|
| नेपाल | ६६६०८४१ | ४६.१६ | २.०३ | १.३७ | २.७१ | ४७.३१ | ०.४२ |
| कर्णाली | ३६६०३७ | ८०.९९ | ३.०५ | ०.५५ | ०.६६ | १४.३६ | ०.४० |
| सल्यान | ५४६७२ | ८९.०७ | १.६८ | ०.४२ | ०.२४ | ८.२९ | ०.३० |
| कालिमाटी | ४९७२ | ९१.३५ | १.४९ | ०.५४ | ०.२४ | ६.११ | ०.२६ |
| वडा नं-१ | ८६० | ९७.२१ | ०.९३ | ०.२३ | ०.१२ | १.२८ | ०.२३ |
| वडा नं-२ | ८१२ | ९२.४९ | ०.८६ | ०.३७ | ०.१२ | ५.७९ | ०.३७ |
| वडा नं-३ | ८६४ | ८९.९३ | ०.९३ | ०.२३ | ०.०० | ८.५६ | ०.३५ |
| वडा नं-४ | ८०८ | ९२.९५ | ०.१२ | ०.३७ | ०.३७ | ६.१९ | ०.०० |
| वडा नं-५ | ५९३ | ९२.५८ | १.०१ | ०.३४ | ०.३४ | ५.४० | ०.३४ |
| वडा नं-६ | ४७२ | ८५.३८ | ८.२६ | २.९७ | ०.८५ | १.९१ | ०.६४ |
| वडा नं-७ | ५६३ | ८४.३७ | ०.८९ | ०.१८ | ०.१८ | १४.३९ | ०.०० |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय।*

## ८.६ मुख्य प्रयोगअनुसार घर संरचना/भवनको संख्या

नेपालमा, ७१.७२% घरहरू आवासीय प्रयोजनको लागि प्रयोग गरिएको छ, जबकि कर्णालीमा यो अनुपात ७२.६९% छ। सल्यान र कालिमाटीमा आवासीय घरहरूको प्रतिशत क्रमशः ६८.३३% र ६९.२६% छ। आवासीय प्रयोग पछि गोठ र धन्सारको लागि प्रयोग भएका घरको संख्या कर्णाली, सल्यान र कालिमाटीमा उल्लेखनीय छ, जहाँ ९.५८%, १७.६९% र १६.८२% घरहरू गोठ र धनसारको रूपमा प्रयोग गरिएको छ।

शैक्षिक र संस्थागत प्रयोजनका संरचनाहरू पनि केही प्रतिशतमा पाइन्छ, यद्यपि तिनीहरूको अनुपात कम छ। समग्रमा, आवासीय र गोठ धनसारको लागि अधिकांश घरहरुको प्रयोग भएको देखिन्छ।

*तालिका ८.६ मुख्य प्रयोग अनुसार घर/भवनको संख्या*

| घर संरचनाको प्रयोग | नेपाल | | कर्णाली | | सल्यान | | कालिमाटी | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| जम्मा भवन संरचना | ७५५२०६६ | १००.०० | ४३९७१७ | १००.०० | ७३३९१ | १००.०० | ६५६५ | १००.०० |
| आवासीय | ५४१६४१९ | ७१.७२ | ३१९६३२ | ७२.६९ | ५०१४५ | ६८.३३ | ४५४७ | ६९.२६ |
| गोठ धनसार | ७६४५९८ | १०.१२ | ४२११३ | ९.५८ | १२९८५ | १७.६९ | ११०४ | १६.८२ |
| खालि | ४७२५१६ | ६.२६ | ३७१७२ | ८.४५ | ५०७६ | ६.९२ | ५२१ | ७.९४ |
| ब्यापार | २३३१९० | ३.०९ | ११०३५ | २.५१ | १३६१ | १.८५ | ९० | १.३७ |
| शैक्षिक | ८४२३१ | १.१२ | ८६६३ | १.९७ | ११६३ | १.५८ | १३९ | २.१२ |
| उद्योग कलकारखाना | ३२३४४ | ०.४३ | ७९१ | ०.१८ | ८५ | ०.१२ | ६ | ०.०९ |
| संस्थागत | ३११८४ | ०.४१ | १०१३ | ०.२३ | ११४ | ०.१६ | ८ | ०.१२ |
| सरकारी | २८१६२ | ०.३७ | २४१३ | ०.५५ | ३०१ | ०.४१ | २२ | ०.३४ |
| होटेल तथा लज | २४२६४ | ०.३२ | १२७० | ०.२९ | ५३ | ०.०७ | १ | ०.०२ |
| स्वास्थ्यजन्य | १५२४४ | ०.२० | १४६९ | ०.३३ | १५६ | ०.२१ | १७ | ०.२६ |
| बैङ्क तथा वित्तीय संस्था | ६७१७ | ०.०९ | ३४० | ०.०८ | ६१ | ०.०८ | ६ | ०.०९ |
| अन्य | ४४३१९७ | ५.८७ | १३८०६ | ३.१४ | १८९१ | २.५८ | १०४ | १.५८ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ८.७ घरमा भएका तलाअनुसार घरको संख्या

नेपालमा धेरैजसो (५९.८२%) घर तथा संरचनाहरू एकतले छन्, तर कर्णाली, सल्यान र कालिमाटी गाउँपालिकामा भने एकतले घरहरूको प्रतिशत क्रमशः २८.६८%, २४.९५% र ३३.१३% मात्र रहेको छ। कर्णाली (४८.६५%), सल्यान (५७.४०%), र कालिमाटी (४५.५६%) मा दुईतले घरहरूको प्रतिशत उच्च छ, जसले यी क्षेत्रमा दुईतले संरचनाहरूको प्राधान्य देखाउँछ। तीनतले घरहरूको संख्या नेपालभर ९.१७% भए पनि कर्णाली (२१.७६%), सल्यान (१७.२६%), र कालिमाटी (२१.२०%) मा तुलनात्मक रूपमा बढी छ। चार वा सोभन्दा बढी तला भएका घरहरूको संख्या सबै क्षेत्रमा न्यून छ, विशेषगरी पाँचदेखि सात तले संरचना नेपालभर ०.६४% भए पनि कर्णाली, सल्यान, र कालिमाटीमा लगभग नगण्य देखिन्छ। साथै, आठ वा सोभन्दा बढी तले घरहरू झन् दुर्लभ छन्। यो तथ्याङ्कले ग्रामीण तथा दुर्गम भेगहरूमा बहु-तले संरचनाको तुलनामा एक वा दुईतले घरहरूको प्रचलन बढी रहेको देखाउँछ।

*तालिका ८.७ घर/संरचनामा भएका तलाअनुसार घरको संख्या (प्रतिशत)*

| घरको तला संख्या | तलाअनुसार घरको संख्या (प्रतिशत) | | | |
|---|---|---|---|---|
| | नेपाल | कर्णाली | सल्यान | कालिमाटी |
| जम्मा घर/संरचना संख्या | ७५५२०६६ | ४३९७१७ | ७३३९१ | ६५६५ |
| १ तले (%) | ५९.८२ | २८.६८ | २४.९५ | ३३.१३ |
| २ तले | २८.७८ | ४८.६५ | ५७.४० | ४५.५६ |
| ३ तले | ९.१७ | २१.७६ | १७.२६ | २१.२० |
| ४ तले | १.३० | ०.५९ | ०.२५ | ०.०९ |
| ५-७ तले | ०.६४ | ०.०७ | ०.०० | ०.०० |
| ८-९ तले | ०.०१ | ०.०० | ०.०० | ०.०० |
| १०+ तले | ०.०० | ०.०० | ०.०० | ०.०० |
| उल्लेख नगरेका | ०.२८ | ०.२५ | ०.१३ | ०.०२ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ८.८ आवासीय घर निर्माणको लागि सरकारी अनुदान प्राप्त गर्ने परिवार

*तालिका ८.८ आवासीय घर निर्माणको लागि सरकारी अनुदान प्राप्त गर्ने परिवार*

| क्षेत्र | संस्थागत बाहेक जम्मा परिवार | सरकारी अनुदान प्राप्त गरेका परिवार(%) | | |
|---|---|---|---|---|
| | | प्राप्त गरेका | प्राप्त नगरेका | उल्लेख नभएका |
| नेपाल | ६६६०८४१ | १०.२७ | ८९.३३ | ०.४० |
| कर्णाली | ३६६०३७ | ३.२२ | ९६.६५ | ०.१४ |
| सल्यान | ५४६७२ | ३.०७ | ९६.६८ | ०.२५ |
| कालिमाटी | ४९७२ | १.८४ | ९७.७६ | ०.४० |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ८.९ घरको आयुअनुसार घर संरचना/भवनको संख्या

राष्ट्रिय जनगणना २०७८ मा पहिलो पटक सबै घरहरूको विवरण पनि संकलन गरिएको थियो। नेपाल भुकम्पीय जोखिम रहेको देश हो। भुकम्पीय असरलाई घरले थेग्न सक्ने नसक्ने अवस्थाको केही हदसम्म वारेमा यो तथ्याङ्कले जानकारी उपलब्ध गराउँछ। वास्तवमा घरको संरचना र आयुले घरको मजवुति वा जोखिमस्तर विश्लेषण गर्न उपयोगी हुन्छन्। १ वर्ष पुराना घरहरूको हिस्सा नेपालमा ५.६८% छ, कर्णाली, सल्यान र कालिमाटीमा यसको अंश क्रमशः ६.०७%, ६.२७%, र ५.४१% छ। ५-९ वर्ष पुराना घरहरू नेपालमा २०.६६% छन्, जबकि कर्णाली, सल्यान र कालिमाटीमा यस समूहको प्रतिशत क्रमशः १९.७७%, १७.२१%, र १६.०७% छ। १०-१४ वर्ष पुराना घरहरूको प्रतिशत नेपालमा १५.२९% छ, जुन कर्णाली (१७.५८%), सल्यान (१६.७३%), र कालिमाटी (१७.४९%) मा उच्च छ। २०-२९ वर्ष पुराना घरहरू नेपालमा १२.४७% छन्, जुन अन्य क्षेत्रहरूमा

समान स्तरमा छन्। ५०-९९ वर्ष पुराना घरहरूको सबै क्षेत्रमा करिव ३ प्रतिशतको हाराहारीमा छन्। सल्यान र कालिमाटीमा १०० वर्षभन्दा पुराना घरहरू ०.७२% र ०.२१% छन्।

*तालिका ८.९ घर संरचना वनेको वर्ष (घरको आयु) अनुसारको घर संरचना संख्या*

| घरको आयु | नेपाल | कर्णाली | सल्यान | कालिमाटी |
|---|---|---|---|---|
| जम्मा घर संरचनाको संख्या | ७५५२०६६ | ४३९७१७ | ७३३९१ | ६५६५ |
| ० वर्ष (%) | ३.५४ | २.४० | ०.८७ | १.७५ |
| १ वर्ष (%) | ५.६८ | ६.०७ | ६.२७ | ५.४१ |
| २ वर्ष (%) | ५.६१ | ५.१४ | ४.५५ | ४.३७ |
| ३ वर्ष (%) | ६.५० | ५.१६ | ५.१९ | ४.१४ |
| ४ वर्ष (%) | ६.६३ | ४.४७ | ३.७८ | २.८८ |
| ५-९ वर्ष (%) | २०.६६ | १९.७७ | १७.२१ | १६.०७ |
| १०-१४ वर्ष (%) | १५.२९ | १७.५८ | १६.७३ | १७.४९ |
| १५-१९ वर्ष (%) | ९.६४ | १२.६१ | १३.२८ | १५.४५ |
| २०-२९ वर्ष (%) | १२.४७ | १४.०६ | १७.०८ | १७.९१ |
| ३०-४९ वर्ष (%) | ८.१२ | ८.४१ | १०.७३ | ११.२० |
| ५०-९९ वर्ष (%) | २.९७ | २.२९ | २.८१ | २.९२ |
| १००+ वर्ष (%) | ०.५३ | ०.५६ | ०.७९ | ०.२० |
| उल्लेख नभएका (%) | २.३७ | १.४७ | ०.७२ | ०.२१ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

# खण्ड-९ स्वास्थ्य तथ्याङ्क

## ९.१ स्वास्थ्य संस्थाहरुको विवरण

कालिमाटी वासीलाई स्वास्थ्य सेवा प्रदान गर्न यस गाउँपालिकामा एउटा स्वास्थ्य शाखा, ४ ओटा स्वास्थ्य चौकी ३ ओटा सामुदायिक एकाई र ३ ओटा आधारभुत स्वास्थ्य सेवा केन्द्र क्रियाशील रहेका छन्। हरेक वडामा कम्तिमा एउटा स्वास्थ्य संस्था छ। जम्मा ५१ जना जनशक्तिद्वारा यी स्वास्थ्य संस्थामार्फत प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्रिदै आएको छ। यस पालिकामा अस्पतालस्तरको सुविधा उपलब्ध नहुँदा यस्तो स्वास्थ्य सेवा लिन जिल्ला सदरमुकाम खलङ्गा वा छिमेकी जिल्ला दाङ वा सुर्खेत जानुपर्ने बाध्यता छ।

*तालिका ९.१ स्वास्थ्य संस्थाहरुको विवरण*

| सि नं | स्वास्थ्य संस्था/ सुविधाको नाम | किसिम | ठेगाना | जम्मा कर्मचारी |
|---|---|---|---|---|
| १ | लक्ष्मीपुर स्वास्थ्य चौकी | स्वास्थ्य चौकी | वडा नं -१ | ६ |
| २ | सामुदायीक स्वास्थ्य इकाइ, टोट्के | स्वास्थ्य इकाई | वडा नं -१ | ३ |
| ३ | सामुदायीक स्वास्थ्य इकाइ, जुगेना | स्वास्थ्य इकाई | वडा नं -३ | ३ |
| ४ | रामपुर स्वास्थ्य चोकी | स्वास्थ्य चौकी | वडा नं -३ | १० |
| ५ | आधारभूत स्वास्थ्य सेवा केन्द्र, सेतिखोला | सेवा केन्द्र | वडा नं -२ | ४ |
| ६ | आधारभूत स्वास्थ्य सेवा केन्द्र, पिप्ले | सेवा केन्द्र | वडा नं -४ | ४ |
| ७ | काल्चे स्वास्थ्य चौकी | स्वास्थ्य चौकी | वडा नं -५ | ६ |
| ८ | आधारभूत स्वास्थ्य सेवा केन्द्र, छरछरे | सेवा केन्द्र | वडा नं -६ | ३ |
| ९ | सामुदाायीक स्वास्थ्य इकाइ, दमदुवाली | स्वास्थ्य इकाई | वडा नं -५ | ३ |
| १० | काप्रेचौर स्वास्थ्य चौकी | स्वास्थ्य चौकी | वडा नं -७ | ६ |
| ११ | स्वास्थ्य शाखा | शाखा | वडा नं -३ | ३ |
| १२ | एम्वुलेन्स | नभएको | | |

*स्रोतः कालिमाटी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, २०८१*

## ९.२ स्वास्थ्य संस्थाको जनशक्ति विवरण

*तालिका ९.२ स्वास्थ्य संस्थाको जनशक्ति विवरण*

| सि नं | जनशक्तिको किसिम | स्विकृत दरवन्दी | कार्यरत |
|---|---|---|---|
| १ | नर्सिङ स्टाफ | ९ | १४ |
| २ | पारामेडिक्सको संख्या | १३ | १९ |
| ३ | अन्य प्राविधिक जनशक्ति | ० | ३ |
| ४ | अन्य (प्रशासनिक तथा सहयोगी) | ० | १२ |
| ५ | महिला स्वास्थ्य स्वयम् सेविका | ३६ | ३६ |

*स्रोतः कालिमाटी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, २०८१*

## ९.३ मुख्य स्वास्थ्य सूचकहरु

कालिमाटी गाउँपालिकाले विगत तीन वर्षमा प्रदान गरेका स्वास्थ्य सेवासँग सम्वन्धित मुख्य मुख्य स्वास्थ्य सूचकहरु तलको तालिकामा प्रस्तुत गरिएको छ। तलको तालिकाअनुसार विगत तीन वर्षमा स्वास्थ्य संस्थामा वहिरङ्ग सेवा लिन आउने विरामीको संख्या, हाल परिवार नियोजनका आधुनिक साधन प्रयोग गरिरहेका प्रजनन् उमेर समूहका विवाहित महिलाको संख्या र प्रसुति भएका २० वर्षमुनिका किशोरीहरुको संख्या घट्दो क्रममा रहेको देखिन्छ। प्रोटोकलअनुसार गर्भजाँच गर्ने महिलाको संख्यामा भने वृद्धि भएको देखिन्छ। त्यस्तै गरी दक्ष स्वास्थ्यकर्मिवाट स्वास्थ्य संस्थामा प्रसुति भएकाहरुको संख्या र भिटामिन ए प्राप्त गर्ने गर्भवति महिलाको संख्या आ.व. ०७८/७९ मा थोरै भए पनि आ.व. ०७९/८० मा वढेर पुनः आ.व. ०८०/८१ मा घटेको देखिन्छ। खोपसँग सम्वन्धित धेरै जसो सूचकहरु आ.व. ०७८/७९ को तुलनामा आ.व. ०७९/८० मा केही वढेता पनि आ.व. ०८०/८१ मा घटेको देखिन्छ। तर वि.सि.जी. भर्सेज मिजल्स ड्रपआउट रेट भने लगातार वढ्दो क्रममा छ।

*तालिका ९.३ मुख्य स्वास्थ्य सूचकहरु*

| सि नं | सुचकहरु | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| १ | ओ पि डि मा आएका जम्मा विरामीको संख्या | १६२२९ | १५२२३ | १३१८७ |
| २ | प्रोटोकल अनुसार ४/८ पटक गर्भ जाँच गराएका गर्भवतिहरुको संख्या | ० | १३२ | २१४ |
| ३ | दक्ष स्वास्थ्यकर्मिवाट स्वास्थ्य संस्थामा प्रसुति भएकाहरुको संख्या | १६१ | २०५ | १३४ |
| ४ | फोरसेफ / भ्याकुमको सहायताले प्रसुति भएकाहरुको संख्या | ० | ० | ० |
| ५ | शल्यक्रिया मार्फत प्रसुति भएकाहरुको संख्या | ० | ० | ० |
| ६ | मृत जन्म संख्या ( No. of Still Births) | ० | ० | ० |
| ७ | मातृ मृत्यू संख्या (Maternal death due to complication of Pregnancy) | ० | ० | ० |
| ८ | सुरक्षित गर्भपतन सेवा पाएका महिलाहरुको संख्या (Surgical & Medical) | ० | ० | ० |
| ९ | गर्भवति महिलामध्ये पि एम टि सि टि सेवा पाएका महिला | ० | १४४ | १३२ |
| १० | प्रसुति भएका २० वर्ष मुनिका किशोरीहरुको संख्या | ० | ५१ | ४४ |
| ११ | हाल परिवार नियोजनका आधुनिक साधन प्रयोग गरिरहेका प्रजनन् उमेर समूहका विवाहित महिलाको संख्या | १०९९ | ९४७ | ८०८ |
| १२ | भिटामिन ए प्राप्त गर्ने गर्भवति महिलाको संख्या | १८६ | २०७ | १३४ |
| १३ | जन्मदाको तौल २.५ के.जि. भन्दा कम भएका बालबालिकाहरुको संख्या | ४ | ३ | ५ |
| १४ | तौल अनुगमन गरिएका बच्चाहरुको संख्या | ० | २३४ | २८६ |
| १५ | कुपोषित बालबालिकाहरुको संख्या | ४ | १८ | ६ |
| १६ | डी.पी. टी./हेप बी./हिव तेस्रो प्राप्त गर्ने बालबालिकाको संख्या | ३७६ | ४०८ | ३५७ |
| १७ | दादुरा/रुवेला खोप प्राप्त गर्ने बालबालिकाहरुको संख्या | ३८८ | ३८८ | ३९० |
| १८ | पोलियो (OPV) खोप प्राप्त गर्ने बालबालिकाहरुको संख्या | ३७६ | ४०८ | ३५७ |
| १९ | जे.ई. खोप प्राप्त गर्ने बालबालिकाहरुको संख्या | ४२८ | ३७८ | ४०२ |
| २० | वि सि जी खोप लगाउने बालबालिकाहरुको संख्या | ३६३ | ३८७ | ३०७ |

| सि नं | सुचकहरु | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| २१ | TD2 र TD2+ लगाउनेहरुको संख्या | ३४९ | ३८१ | २६० |
| २२ | तोकिएबमोजिमका सबै खोप पाउने बालबालिकाहरुको संख्या | ३८८ | ३८८ | ३९० |
| २३ | कोभिडविरुद्धको खोप प्राप्त गर्ने ब्यक्तिको संख्या | १०४७८ | १७४९ | १४९२ |
| २४ | वि सि जी भर्सेज मिजल्स ड्रपआउट रेट | ६.५९ | ९.७७ | १९.६३ |
| २५ | निमोनियाबाट संक्रमित ५ वर्ष मुनिका बालबालिकाहरुको संख्या (New Cases) | ९७ | ७१ | ७० |
| २६ | झाडापखाला भएका पाँच वर्षमुनिका बालबालिकाको संख्या (New Cases) | ४४८ | ३५४ | २९८ |
| २७ | कुष्ठरोगबाट संक्रमित ब्यक्तिको संख्या (New Cases) | ० | १ | ० |
| २८ | क्षयरोगबाट संक्रमित ब्यक्तिहरुको संख्या (New Smear Positive Case registered) | ३९ | २७ | २५ |

*स्रोतः कालिमाटी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय*

## ९.४ प्रमुख रोग तथा विमारहरु

कालिमाटी गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा आ.व. ०८०/०८१ मा स्वास्थ्य सेवा लिन आएका विरामीहरुको अभिलेख प्रतिवेदन अनुसार निदान तथा उपचार गरेका रोग तथा विमारहरु निम्न चित्रमा देखाइएको छ। आर्थिक वर्ष ०८०/८१ मा स्वास्थ्य संस्थामा कुनै पनि विरामीको मृत्यू नभएको प्रतिवेदनमा उल्लेख छ।

*चित्र ९.१ प्रमुख रोग तथा विमारहरु (TopTen disease and Morbidity)*




*स्रोतः कालिमाटी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय*

## ९.५ विगत वाह्र महिनामा परिवारमा भएको मृत्यूको संख्या

राष्ट्रिय जनगणना २०७८ मा हरेक परिवारवाट गणना गर्न गएको दिन भन्दा ठिक १ वर्ष अगाडि भएको मृत्यू सम्वन्धी विवरण सङ्कलन गरिएको थियो। यसवाट प्राप्त नतिजा निम्न तालिकामा प्रस्तुत गरिएको छ। नेपालभर

६६,६०,८४१ परिवारमध्ये १,९२,१७८ (२.८९%) परिवारमा कम्तिमा एकजनाको मृत्यु भएको देखिन्छ। कर्णालीमा यो मान २.२४% छ भने सल्यान जिल्लामा २.३२% छ। कालिमाटी गाउँपालिकामा कुल ४,९७२ परिवारमध्ये १३० परिवार (२.६१%) मा एक वा बढी सदस्यको मृत्यु भएको छ, जसमा ७० जना पुरुष र ६५ जना महिला छन्। यस तथ्याङ्कबाट कालिमाटी गाउँपालिकामा मृत्युदर राष्ट्रिय औसतभन्दा अलिकति कम देखिए पनि कर्णाली र सल्यानको औसतभन्दा केही बढी रहेको देखिन्छ।

*तालिका ९.४ विगत वाह्र महिनामा परिवारमा भएको मृतकको लिङ्गअनुसार मृतक संख्या*

| क्षेत्र | जम्मा परिवार | कम्तिमा एकजनाको मृत्यू भएका परिवार | | जम्मा | पूरुष | महिला |
|---|---|---|---|---|---|---|
| | | संख्या | % | | | |
| नेपाल | ६६६०८४१ | १९२१७८ | २.८९ | १९८४६३ | ११४९४६ | ८३५१७ |
| कर्णाली | ३६६०३७ | ८१८२ | २.२४ | ८३९६ | ४९८७ | ३४०९ |
| सल्यान | ५४६७२ | १२७० | २.३२ | १३०० | ८०२ | ४९८ |
| कालिमाटी | ४९७२ | १३० | २.६१ | १३५ | ७० | ६५ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यलिय*

## ९.६ मृत्यूको कारणअनुसार मृतकको संख्या

नेपालमा स्वास्थ्य सेवाको उपलब्धता तथा स्वास्थ्य शिक्षामा आएको चेतनाका कारण हाल सरुवा रोग भन्दापनि नसर्ने रोगहरू नै मृत्युको प्रमुख कारण बनेका छन्, जसको प्रतिशत कर्णाली प्रदेशमा (४६.७५%), सल्यानमा (४९.३१%), र कालिमाटीमा (५४.८१%) रहेको देखिन्छ। अन्य कारणहरूले पनि उल्लेख्य मात्रामा मृत्यु दर बढाएको छ, विशेष गरी कर्णाली (२०.०२%) र सल्यान (१९.३१%) मा "अन्य" श्रेणीका कारणहरू दोश्रो प्रमुख कारक बनेका छन्। तर कालिमाटी गाउँपालिकामा मृत्यूको दोस्रो कारणमा सरुवा रोग (१३.३३%) रहेको छ। अन्य दुर्घटना, प्राकृतिक प्रकोप, आत्महत्या र सडक दुर्घटनाहरू पनि गाउँपालिका क्षेत्रमा मृत्युका कारण बनेका छन्, तथापि तिनीहरुको प्रतिशत तुलनात्मक रूपमा कम छ। यसैगरी, प्राकृतिक प्रकोपका कारणले भएको मृत्यु कर्णालीमा (४.४५%) सल्यानमा (३.९२%) रहेको छ यो दर जिल्ला तथा प्रदेशको तुलनामा कालिमाटीमा (५.९३%) थोरै बढी देखिन्छ। हत्या तथा सडक दुर्घटनाका घटनाहरू तुलनात्मक रूपमा न्यून भए पनि ग्रामीण क्षेत्रमा सार्वजनिक स्वास्थ्य तथा पूर्वाधार सुधारको आवश्यकतालाई यस तथ्याङ्कले देखाउँछ।

*तालिका ९.५ विगत वाह्र महिनामा भएको मृत्यूको कारणअनुसार मृतकको संख्या*

| क्षेत्र | कर्णाली | | सल्यान | | कालिमाटी | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| नसर्ने रोग | ३९२५ | ४६.७५ | ६४१ | ४९.३१ | ७४ | ५४.८१ |
| अन्य | १६८१ | २०.०२ | २५१ | १९.३१ | १५ | ११.११ |
| सरुवा रोग | ११८० | १४.०५ | १७९ | १३.७७ | १८ | १३.३३ |

| क्षेत्र | कर्णाली | | सल्यान | | कालिमाटी | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| अन्य दुर्घटना | ५५३ | ६.५९ | ६५ | ५.०० | ८ | ५.९३ |
| प्राकृतिक प्रकोप | ३७४ | ४.४५ | ५१ | ३.९२ | ८ | ५.९३ |
| आत्महत्या | ३१० | ३.६९ | ५५ | ४.२३ | ४ | २.९६ |
| सडक दुर्घटना | १७५ | २.०८ | २५ | १.९२ | ६ | ४.४४ |
| हत्या | ७९ | ०.९४ | १७ | १.३१ | ० | ०.०० |
| उल्लेख नभएका | ६० | ०.७१ | ८ | ०.६२ | १ | ०.७४ |
| भर्भधारणसँग सम्वन्धित जटिलता | ५९ | ०.७० | ८ | ०.६२ | १ | ०.७४ |
| जम्मा | ८३९६ | १००.०० | १३०० | १००.०० | १३५ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ९.७ विगत १२ महिनामा मृत्यू भएका मृतकको उमेरअनुसार कालिमाटीको मृतकको संख्या

कालिमाटी गाउँपालिकामा विगत १२ महिनामा भएको मृत्यूलाई मृत्यू हुँदाको उमेर अनुसार हेर्दा ६० वर्ष पुगेपछिको मृत्यू वढी देखिन्छ जुन स्वाभाविक पनि हो तर एक वर्ष मुनिको १० जना बालवालिको मृत्यू हुनुले कालिमाटीमा स्वास्थ्य सेवामा थप सुधार तथा स्वास्थ्य सम्वन्धी चेतनामा वृद्धि गर्न आवश्यक प्रवन्ध मिलाउन जरुरी देखिन्छ।

*चित्र ९.२ विगत १२ महिनामा मृत्यू भएका मृतकको उमेरअनुसार कालिमाटी गाउँपालिकाको मृतकको संख्या*




*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## ९.८ मृत्यू हुँदाका वखतको अवस्था र बृहत् उमेर समूहअनुसार महिला मृतकको संख्या

जनगणनामा मृत्यूको विवरण सङ्कलन गर्दा प्रजनन् उमेर समूहका महिलाको मृत्यू भएको पाइएमा गर्भसँग सम्वन्धित थप प्रश्नहरु सोधिएको थियो। वास्तवमा गर्भाअवस्था वा प्रसुति पश्चातको ४२ दिनभित्र भएको मृत्यू गर्भसँग

सम्वन्धित जटिलतावाट भए नभएको एकिन गर्ने प्रयोजनको लागि थप विवरण सङ्कलन गर्न स्वास्थ्य कर्मी परिचालन गरिएको थियो। यसवाट नेपालमा पहिलो पटक जनगणनावाट मातृमृत्यू अनुपात निकालिएको थियो।

*तालिका ९.६ मृत्यू हुँदाका वखतको अवस्था र बृहत् उमेर समूहअनुसार महिला मृतकको संख्या*

| क्षेत्र | उमेर समूह | उमेर समूह र मृत्यू हूँदाको अवस्थाअनुसार महिला मृतकको संख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | गर्भवति | प्रसुति | प्रसुति भएको ६ हप्ताभित्र | अन्य | जम्मा |
| कर्णाली | १५ - २४ वर्ष | १३ | ३ | २० | १९५ | २३१ |
| | २५ - ३४ वर्ष | ६ | ४ | १० | ११३ | १३३ |
| | ३५ - ४९ वर्ष | ० | ० | ३ | २९० | २९३ |
| | जम्मा | १९ | ७ | ३३ | ५९८ | ६५७ |
| | *जम्मा %* | *२.८९* | *१.०७* | *५.०२* | *९१.०२* | *१००* |
| सल्यान | १५ - २४ वर्ष | १ | ० | ६ | २५ | ३२ |
| | २५ - ३४ वर्ष | ० | ० | १ | १८ | १९ |
| | ३५ - ४९ वर्ष | ० | ० | ० | ४७ | ४७ |
| | जम्मा | १ | ० | ७ | ९० | ९८ |
| | *जम्मा %* | *१.०२* | *0.00* | *७.१४* | *९१.८४* | *१००.००* |
| कालिमाटी | १५ - २४ | ० | ० | १ | ३ | ४ |
| | २५ - ३४ | ० | ० | ० | ३ | ३ |
| | ३५ - ४९ | ० | ० | ० | ७ | ७ |
| | जम्मा | ० | ० | १ | १३ | १४ |
| | *जम्मा %* | *0.00* | *0.00* | *७.१४* | *९२.८६* | *१००.००* |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

# खण्ड-१० शैक्षिक तथ्याङ्क

देश विकासको लागि दक्ष एवम् शिक्षित जनशक्तिको खाँचो पर्दछ। यस्तो जनशक्ति उत्पादन गर्न विभिन्न तहका विद्यालय क्याम्पसका साथै विश्वविद्यालय स्थापना भएका छन् र राज्यले शिक्षा क्षेत्रमा ठुलो लगानी गर्दै आएको छ। शिक्षा क्षेत्रको महत्वपूर्ण उपलब्धी सूचकको रुपमा साक्षरता दरलाई हेर्ने गरिन्छ।वास्तवमा शैक्षिक तथ्याकले सम्वन्धित भौगोलिक क्षेत्रको शैक्षिक अवस्थावारे नीति निर्माता तथा योजनाविदहरुलाई सूचना तथा जानकारी प्रदान गर्छ।

## १०.१ पाँच वर्ष वा सोभन्दा माथिका ब्यक्तिको साक्षरता स्थिति

कुनै एक भाषामा लेख्न र पढ्न सक्ने र सामान्य हरिहिसाव गर्न जानेको ब्यक्तिलाई साक्षर भनी परिभाषित गरिएको छ। नेपालमा पाँच वर्ष वा सोभन्दा माथिको जनसंख्या मध्ये ७६.२% ब्यक्ति साक्षर छन्, जसमा कर्णाली (७६.१%), सल्यान (७७.३%), र कालिमाटी गाउँपालिका (७७.६%) को साक्षरता दर नेपालकै औसत वरपर छ। कालिमाटी गाउँपालिकाका वडाहरूमा साक्षरता दर फरक-फरक देखिन्छ, जहाँ वडा नं. ४ को साक्षरता दर (८२.२%) सबैभन्दा उच्च र वडा नं. ७ को साक्षरता दर(६८.८%) सबैभन्दा कम छ। कर्णाली र सल्यानमा पनि लेख्न-पढ्न नसक्ने ब्यक्तिहरूको संख्या उल्लेख्य देखिन्छ, जसमा कर्णालीमा ३५२,६९७ र सल्यानमा ४७,३४२ जना र कालिमाटीमा ४४२९ जना पूर्ण रूपमा निरक्षर छन्।राज्यले सवै क्षेत्र समुदायका वर्ग र लिङ्गका मानिसलाई शिक्षा प्रदान गर्ने प्रवन्ध गर्न जरुरी छ। तसर्थ नेपालमा समग्र साक्षरता दर सुधार भए पनि केही क्षेत्रहरूमा अझैं सुधारको आवश्यकता छ।

*तालिका १०.१ पाँच वर्ष वा सोभन्दा माथिका ब्यक्तिको साक्षरता स्थिति*

| क्षेत्र | पाँच वर्ष वा सो भन्दा माथिको जनसंख्या | लेख्न र पढ्न सक्ने | पढ्न मात्र सक्ने | पढ्न लेख्न नसक्ने | उल्लेख नगरेका | साक्षरता दर % |
|---|---|---|---|---|---|---|
| नेपाल | २६७२५२९५ | २०३७७९८० | ११४३३१ | ६२२३०६१ | ९९२३ | ७६.२ |
| कर्णाली | १५१९६११ | ११५६१९४ | ८९८० | ३५२६९७ | १७४० | ७६.१ |
| सल्यान | २१५४१७ | १६६५१० | १३९४ | ४७३४२ | १७१ | ७७.३ |
| कालिमाटी | २००७४ | १५५७२ | ६७ | ४४२९ | ६ | ७७.६ |
| वडा नं-१ | ३६२६ | २६६९ | ९ | ९४७ | १ | ७३.६ |
| वडा नं-२ | ३२०३ | २५३८ | ० | ६६४ | १ | ७९.२ |
| वडा नं-३ | ३३४९ | २७१३ | ६ | ६३० | ० | ८१.० |
| वडा नं-४ | ३२५४ | २६७४ | ६ | ५७४ | ० | ८२.२ |
| वडा नं-५ | २५६४ | १९७३ | ७ | ५८२ | २ | ७७.० |
| वडा नं-६ | १९०२ | १५०९ | ३५ | ३५८ | ० | ७९.३ |
| वडा नं-७ | २१७६ | १४९६ | ४ | ६७४ | २ | ६८.८ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

*चित्र १०.१ पाँच वर्ष वा सोभन्दा माथिको कालिमाटी गाउँपालिकाको साक्षरता दर*




*चित्र १०.२ पाँच वर्ष वा सोभन्दा माथिको साक्षरता दर*




*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## १०.२ पाँच वर्षदेखि पच्चीस बर्ष उमेर समूहको जनसंख्याको हाल विद्यालय अध्ययनको अवस्था

पाँचवर्ष देखि २५ वर्ष सम्मको उमेर अवधिलाई अध्ययनको लागि महत्वपूर्ण उमेर लिइन्छ। जनगणनामा शिक्षा सम्वन्धी विवरण ५ वर्ष वा सो भन्दा माथिको उमेर समूहलाई सोधिएको थियो। हाल विद्यालय गइरहेको भन्नाले शिक्षा आर्जनका लागि भर्ना भई गणनाको समयमा विद्यालय, महाविद्यालय, विश्व विद्यालय, ब्यावसायिक शिक्षालय, विशेष साक्षरता शिक्षा, अनौपचारिक शिक्षा वा अन्य संस्था जाने गरेको भन्ने वुझाउँदछ। तर जनगणना प्रयोजनका लागि स्वअध्ययन गरी शिक्षा आर्जन गरिरहेको अवस्थालाई पनि पढ्न लेख्न गइरहेको नै मानिएको छ। नेपालमा ५-२५ वर्ष उमेर समूहका ब्यक्तिहरूमध्ये ७०.६% हाल स्कुल गइरहेका छन्, २१.२% विगतमा गएका छन्, र ८.१% ले कहिल्यै स्कुल नगएका छन्। कर्णालीमा हाल स्कुल जानेहरूको प्रतिशत (७५.८%) नेपालकै औसतभन्दा माथि भए पनि सल्यान (७१.१%) र कालिमाटी गाउँपालिका (६६.५%) मा यो दर तुलनात्मक रूपमा कम छ। कालिमाटी गाउँपालिकाका वडाहरूमा स्कुल जाने प्रतिशत ६२.५% (वडा नं. ६) देखि ७१.६% (वडा नं. ७) सम्म फरक देखिन्छ। विगतमा स्कुल गएका तर अहिले नगएकाहरूको संख्या कालिमाटी (३०.५%) र सल्यान (२६.४%) मा उच्च छ, जसले स्कुल छोड्ने दर उच्च रहेको देखाउँछ। कहिल्यै स्कुल नगएकाहरूको प्रतिशत भने कालिमाटी (२.९%) र सल्यान (२.३%) मा न्यून रहेको छ, जुन शिक्षामा पहुँचमा सुधारको संकेत दिन्छ। तर कालिमाटीको वडा नं ७ कहिल्यै विद्यालय नगएकाको संख्या ७.८ % हुनुले यस वडामा विद्यालय वाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउन थप पहल को आवश्यकता औंल्याउँछ। समग्र रूपमा, ग्रामीण क्षेत्रमा अझै पनि स्कुल गइरहेका ब्यक्तिहरूको प्रतिशत बढाउनु पर्ने देखिन्छ।

*तालिका १०.२ पाँच वर्षदेखि पच्चीस बर्ष उमेर समूहको जनसंख्याको हाल विद्यालय अध्ययनको अवस्था*

| क्षेत्र | ५-२५ वर्षको जम्मा जनसंख्या | | | स्कुल गइरहेका (%) | | | विगतमा स्कुल गएका (%) | | | कहिल्यै स्कुल नगएका (%) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| नेपाल | ९३०७५३८ | ४६९०५४८ | ४६१६९९० | ७०.६ | ७२.७ | ६८.४ | २१.२ | २०.४ | २२.० | ८.१ | ६.७ | ९.५ |
| कर्णाली | ६३०४२६ | ३११५९९ | ३१८८२७ | ७५.८ | ७७.८ | ७३.८ | २०.० | १८.६ | २१.४ | ४.० | ३.३ | ४.६ |
| सल्यान | ८८०२९ | ४३७३९ | ४४२९० | ७१.१ | ७२.७ | ६९.५ | २६.४ | २४.९ | २८.० | २.३ | २.२ | २.४ |
| कालिमाटी | ८६३३ | ४४२८ | ४२०५ | ६६.५ | ६७.९ | ६५.० | ३०.५ | २९.० | ३२.० | २.९ | ३.० | २.८ |
| वडा नं-१ | १५५७ | ८१३ | ७४४ | ६३.३ | ६३.७ | ६२.९ | ३२.२ | ३२.१ | ३२.३ | ४.४ | ४.२ | ४.७ |
| वडा नं-२ | १३५६ | ६७३ | ६८३ | ६७.३ | ६९.४ | ६५.३ | ३१.९ | ३०.० | ३३.७ | ०.७ | ०.६ | ०.९ |
| वडा नं-३ | १३६२ | ६६४ | ६९८ | ६५.६ | ६७.५ | ६३.९ | ३१.६ | २९.४ | ३३.८ | २.६ | ३.० | २.२ |
| वडा नं-४ | १४१५ | ७३८ | ६७७ | ६९.८ | ७३.३ | ६६.० | २८.९ | २५.३ | ३२.८ | १.३ | १.४ | १.२ |
| वडा नं-५ | १०७१ | ६१० | ४६१ | ६५.७ | ६७.७ | ६३.१ | ३१.५ | २९.० | ३४.७ | २.६ | ३.१ | २.० |
| वडा नं-६ | ८९८ | ४५४ | ४४४ | ६२.५ | ६१.५ | ६३.५ | ३५.८ | ३७.० | ३४.५ | १.८ | १.५ | २.० |
| वडा नं-७ | ९७४ | ४७६ | ४९८ | ७१.६ | ७१.९ | ७१.३ | २०.४ | २०.० | २०.९ | ७.८ | ८.२ | ७.४ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## १०.३ पन्ध्रदेखि चौविस वर्ष सम्मका युवाहरुको साक्षरता स्थिति

नेपालमा १५-२४ वर्ष उमेर समूहको साक्षरता दर ९३.८% रहेको छ, जसमा पुरुषको दर ९५.२% र महिलाको ९२.५% रहेको छ। कर्णालीमा समग्र साक्षरता दर ९७.०% देखिन्छ, जुन नेपालकै औसतभन्दा उच्च हो। सल्यान र कालिमाटी गाउँपालिकामा यो दर झन् उच्च रहेको छ, दुवै स्थानमा ९८.५% साक्षरता दर देखिन्छ। कालिमाटी गाउँपालिकाका अधिकांश वडाहरूमा साक्षरता दर ९७% भन्दा माथि छ, जहाँ वडा नं. ४ मा सबैभन्दा उच्च (९९.६%) र वडा नं. १ मा सबैभन्दा न्युन (९७.१%) देखिन्छ। समग्रमा, युवा पुस्तामा साक्षरता दर ग्रामीण क्षेत्रहरूमा पनि उच्च देखिए तापनि पुरुष र महिलाबीच केही अन्तर देखिन्छ, विशेष गरी नेपाल र कर्णाली प्रदेशमा। यो तथ्याङ्कले शिक्षा क्षेत्रमा सुधार हुँदै गएको संकेत गर्छ, तर दीर्घकालीन रूपमा शिक्षाको गुणस्तर सुधार्न र शिक्षालाई ब्यावहारिक र रोजगारोमुख वनाउन थप प्रयास आवश्यक देखिन्छ।

*तालिका १०.३ पन्ध्र देखि चौविस वर्षसम्मका युवाहरुको साक्षरता स्थिति*

| क्षेत्र | जम्मा जनसंख्या(१५-२४) | | | जम्मा साक्षर जनसंख्या(१५-२४) | | | साक्षरता दर(१५-२४) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| नेपाल | ५७४९४६४ | २७९५५४१ | २९५३९२३ | ५३९३५७५ | २६६०६३४ | २७३२९४१ | ९३.८ | ९५.२ | ९२.५ |
| कर्णाली | ३६८००५ | १७४३४६ | १९३६५९ | ३५६८०० | १७०३४३ | १८६४५७ | ९७.० | ९७.७ | ९६.३ |
| सल्यान | ५३३७३ | २५३०७ | २८०६६ | ५२५९६ | २४९६६ | २७६३० | ९८.५ | ९८.७ | ९८.५ |
| कालिमाटी | ४९३७ | २४६१ | २४७६ | ४८६४ | २४२६ | २४३८ | ९८.५ | ९८.६ | ९८.५ |
| वडा नं-१ | ८७२ | ४३५ | ४३७ | ८४७ | ४२४ | ४२३ | ९७.१ | ९७.५ | ९६.८ |
| वडा नं-२ | ७९७ | ३८१ | ४१६ | ७९३ | ३७९ | ४१४ | ९९.५ | ९९.५ | ९९.५ |
| वडा नं-३ | ८७१ | ४०३ | ४६८ | ८६४ | ४०० | ४६४ | ९९.२ | ९९.३ | ९९.२ |
| वडा नं-४ | ७६२ | ३८८ | ३७४ | ७५९ | ३८८ | ३७१ | ९९.६ | १००.० | ९९.२ |
| वडा नं-५ | ६३० | ३४५ | २८५ | ६१४ | ३३४ | २८० | ९७.५ | ९६.८ | ९८.३ |
| वडा नं-६ | ४९८ | २५७ | २४१ | ४९४ | २५६ | २३८ | ९९.२ | ९९.६ | ९८.८ |
| वडा नं-७ | ५०७ | २५२ | २५५ | ४९३ | २४५ | २४८ | ९७.२ | ९७.२ | ९७.३ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## १०.४ पन्ध्र वर्षमाथिको प्रौढ साक्षरता दर

नेपालमा १५ वर्षभन्दा माथिका ब्यक्तिहरूमध्ये ७१.६% साक्षर छन्, जसमा पुरुषको साक्षरता दर ८०.६% र महिलाको ६३.४% छ। कर्णालीमा यस्तो साक्षरता दर ६९.२% छ, जुन नेपालको औसतभन्दा थोरै कम छ, र महिला साक्षरता दर (६०.८%) अझै न्यून देखिन्छ। सल्यान (७१.४%) र कालिमाटी गाउँपालिका (७२.१%) मा साक्षरता दर कर्णालीको भन्दा थोरै उच्च छ, जसमा पुरुषहरूको साक्षरता दर महिलाको भन्दा उल्लेखनीय रूपमा बढी छ। कालिमाटी गाउँपालिकाका वडाहरूमा साक्षरता दर वडा नं. ३ (७६.८%) र वडा नं. ४ (७७.३%) मा उच्च भए पनि वडा नं. ७ मा सबैभन्दा कम (६१.८%) देखिन्छ। पुरुष-महिला साक्षरता अन्तर

वडा नं. ७ मा सबैभन्दा बढी (७३.३% पुरुष र ५१.९% महिला) देखिन्छ, जसले शिक्षाको पहुँचमा लैंगिक असमानता अझै कायम रहेको तथ्य छर्लङ्ग पारेको छ। समग्रमा, ग्रामीण क्षेत्रमा वृद्ध जनसंख्या र महिलाहरूको साक्षरता सुधार गर्न विशेष नीति आवश्यक देखिन्छ।

*तालिका १०.४ पन्ध्र वर्षमाथिको प्रौढ साक्षरता दर*

| क्षेत्र | १५ वर्ष माथिको जम्मा जनसंख्या | | | १५ वर्ष माथिको साक्षर जनसंख्या | | | १५ वर्ष माथिको साक्षरता दर | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| नेपाल | २१०४९००३ | १००२३६६७ | ११०२५३३६ | १५०६७७७७ | ८०७६०२६ | ६९९११५१ | ७१.६ | ८०.६ | ६३.४ |
| कर्णाली | ११२९५२१ | ५३६१८७ | ५९३३३४ | ७८१९५४ | ४२१०४८ | ३६०९०६ | ६९.२ | ७८.५ | ६०.८ |
| सल्यान | १६५२८५ | ७७२६६ | ८८०१९ | ११७९९० | ६२६३४ | ५५३५६ | ७१.४ | ८१.१ | ६२.९ |
| कालिमाटी | १५३६४ | ७३५५ | ८००९ | ११०७२ | ६०५५ | ५०१७ | ७२.१ | ८२.३ | ६२.६ |
| वडा नं-१ | २७८४ | १३५९ | १४२५ | १८६४ | १०४८ | ८१६ | ६७.० | ७७.१ | ५७.३ |
| वडा नं-२ | २४७४ | ११७७ | १२९७ | १८११ | ९९४ | ८१७ | ७३.२ | ८४.५ | ६३.० |
| वडा नं-३ | २६३७ | १२२२ | १४१५ | २०२५ | १०७१ | ९५४ | ७६.८ | ८७.६ | ६७.४ |
| वडा नं-४ | २४४० | ११५२ | १२८८ | १८८५ | ९९१ | ८९४ | ७७.३ | ८६.० | ६९.४ |
| वडा नं-५ | २००३ | १००७ | ९९६ | १४४२ | ८३३ | ६०९ | ७२.० | ८२.७ | ६१.१ |
| वडा नं-६ | १४१४ | ६९३ | ७२१ | १०४९ | ५७२ | ४७७ | ७४.२ | ८२.५ | ६६.२ |
| वडा नं-७ | १६१२ | ७४५ | ८६७ | ९९६ | ५४६ | ४५० | ६१.८ | ७३.३ | ५१.९ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## १०.५ उत्तीर्ण गरेको कक्षा वा तहअनुसारको जनसंख्या

उत्तिर्ण गरेको कक्षा वा तह भन्नाले व्यक्तिले अध्ययन पुरा गरेको औपचारिक कक्षा वा तहलाई वुझाउँछ। नेपालमा पाँच वर्ष वा सोभन्दा माथिको जनसंख्यामध्ये २८.८% ले माध्यमिक तह (दस जोड दुई) पूरा गरेका छन्, जसमा पुरुष (३१.३%) र महिला (२६.४%) को दरमा केही अन्तर छ। उच्च शिक्षा पूरा गर्ने दर भने निकै कम (५.१%) छ, जहाँ पुरुष (६.१%) को प्रतिशत महिलाभन्दा (४.२%) बढी छ। कर्णालीमा माध्यमिक तह पूरा गर्नेहरूको प्रतिशत (२८.०%) नेपालकोभन्दा थोरै कम छ, र उच्च शिक्षा पूरा गर्ने दर झन् कम (२.९%) देखिन्छ। सल्यान र कालिमाटी गाउँपालिकामा पनि उस्तै प्रवृत्ति देखिन्छ, जहाँ सल्यानमा २.२% र कालिमाटीमा १.०% जनसंख्याले मात्र उच्च शिक्षा (स्नातक वा सो भन्दा माथि) पूरा गरेका छन्। कालिमाटी गाउँपालिकाका वडाहरूमा माध्यमिक तह पूरा गर्ने दर वडा नं. ३ (२९.३%) मा उच्च देखिए पनि वडा नं. ६ (१५.९%) मा निकै कम छ। उच्च शिक्षा पूरा गर्ने दर सबै वडाहरूमा निकै न्यून छ, विशेष गरी वडा नं. ७ मा मात्र ०.४% जनसंख्याले उच्च शिक्षा पूरा गरेका छन्। यो तथ्याङ्कले ग्रामीण क्षेत्रमा माध्यमिक तहपछि उच्च शिक्षामा पहुँच अझैं कमजोर रहेको देखाउँछ, विशेष गरी महिलाहरूका लागि।

*तालिका १०.५ उत्तीर्ण गरेको कक्षा वा तहअनुसारको जनसंख्या*

| क्षेत्र | पाँच वर्ष वा सोभन्दा माथिको जनसंख्या | | | माध्यमिक तह पुरा गर्नेको % | | | उच्च शिक्षा पुरा गर्नेको % | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| नेपाल | २६७२५२९५ | १२९६३०२६ | १३७६२२६९ | २८.८ | ३१.३ | २६.४ | ५.१ | ६.१ | ४.२ |
| कर्णाली | १५१९६११ | ७३५२०३ | ७८४४०८ | २८.० | ३०.५ | २५.७ | २.९ | ३.८ | २.१ |
| सल्यान | २१५४१७ | १०२८३२ | ११२५८५ | २८.० | २९.६ | २६.६ | २.२ | २.९ | १.७ |
| कालिमाटी | २००७४ | ९८३० | १०२४४ | २३.५ | २४.९ | २२.२ | १.० | १.४ | ०.७ |
| वडा नं-१ | ३६२६ | १८०३ | १८२३ | २४.४ | २५.५ | २३.३ | ०.६ | १.० | ०.२ |
| वडा नं-२ | ३२०३ | १५५५ | १६४८ | २६.४ | २७.९ | २५.१ | १.७ | १.८ | १.६ |
| वडा नं-३ | ३३४९ | १५८९ | १७६० | २९.३ | २९.४ | २९.३ | १.९ | ३.० | १.० |
| वडा नं-४ | ३२५४ | १५९३ | १६६१ | २१.९ | २३.० | २०.८ | ०.७ | ०.९ | ०.५ |
| वडा नं-५ | २५६४ | १३३० | १२३४ | २१.७ | २४.३ | १८.८ | ०.९ | १.० | ०.७ |
| वडा नं-६ | १९०२ | ९३८ | ९६४ | १५.९ | १७.६ | १४.३ | ०.५ | ०.८ | ०.२ |
| वडा नं-७ | २१७६ | १०२२ | ११५४ | २०.३ | २३.० | १७.९ | ०.४ | ०.८ | ०.१ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## १०.६ जातजाति तथा लिङ्गअनुसारको कालिमाटी गाउँपालिकाको साक्षरता दर

जातिगत रुपमा साक्षरता दर हेर्दा कालिमाटी गाउँपालिकामा पहाडि ब्राह्मण, कुमाल, क्षेत्री, घर्ती र मगर जाति सबैभन्दा वढी साक्षरता दर भएका जातिहुन् भने वादी, ठकुरी, परियार, सुनार कम साक्षरता भएका जाति हून्। जातिगत हिसावले शिक्षामा विद्यमान लैङ्गिक असमानतालाई केलाउँदा पूरुष र महिलाको साक्षरता दरमा ७.७ देखि ५७.१ सम्मको प्रतिशत विन्दु भिन्नता देखिन्छ। साक्षरता दरमा सर्वाधिक लैङ्गिक अन्तर हुने जातिमा क्रमशः ठकुरी, गुरुङ्ग र सुनार रहेका छन् भने कम अन्तर हुनेमा क्रमशः कुमाल र ब्राह्मण पहाडी रहेका छन।

*तालिका १०.६ जातजाति तथा लिङ्गअनुसार कालिमाटी गाउँपालिकाको साक्षरता दर*

| क्र.सं. | जातजाति | साक्षरता दर (%) | | | क्र.सं. | जातजाति | साक्षरता दर (%) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | | जम्मा | पुरुष | महिला |
| १ | ब्राह्मण पहाडी | ८६.४ | ९२.२ | ८०.५ | ९ | गूरुङ्ग | ७४.७ | ८५.४ | ६० |
| २ | कुमाल | ८०.५ | ८४.६ | ७६.८ | १० | सुनार | ७४.३ | ८५ | ६० |
| ३ | क्षेत्री | ७८.७ | ८६.९ | ७०.८ | ११ | परियार | ७२.७ | ८०.६ | ६४.७ |
| ४ | घर्ती | ७७.३ | ८६.७ | ६९.४ | १२ | ठकुरी | ७१.४ | १०० | ४२.९ |
| ५ | मगर | ७६.६ | ८४.९ | ६८.६ | १३ | वादी | ७०.५ | ७४.४ | ६६.७ |
| ६ | विश्वकर्मा | ७६.३ | ८३.६ | ६९.६ | १४ | अन्य | ८७.५ | १०० | ८० |
| ७ | मिजार | ७६.२ | ८३.५ | ६९.७ | १५ | सबै जातजाति | ७७.६ | ८५.६ | ६९.९ |
| ८ | सन्यासी दशनामी | ७६.२ | ८३.२ | ६९.३ | | | | | |

*स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

जातजाति अनुसारको कालिमाटी गाउँपालिकाको साक्षरतादर तलको चित्रमा प्रस्तुत गरिएको छ।

*चित्र १०.३ जातजातिअनुसार कालिमाटीको साक्षरता दर*




*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## १०.७ उमेर समूहअनुसार कालिमाटी गाउँपालिकाको साक्षरतादर

कालिमाटी गाउँपालिकाको उमेर समूह अनुसारको साक्षरतादर हेर्दा ९ वर्ष देखि ३४ वर्ष सम्मको साक्षरतादर करिव शत प्रतिशको नजिक देखिन्छ तर २५ वर्ष माथिको साक्षरता दर विस्तारै घट्दै गएको देखिन्छ त्यसमा पनि महिलाको साक्षरता दर पुरुषको तुलनामा निकै कम रहेको छ।

*चित्र १०.४ उमेर समूहअनुसार कालिमाटी गाउँपालिकाको साक्षरतादर*




*स्रोत: राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय*

## १०.८ अध्ययनको क्षेत्रअनुसार दश जोड दुई वा सोसरह उत्तीर्ण गरेको जनसंख्या

